CC-0. In Public Domain. Digitization by eGangotri

संक्षिप्त वंशावली



दिनेशराज पन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षिप्त वंशावली

दिनेशराज पन्त

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक-

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान

रक्तकाली, काठमाडौँ, नेपाल

फोन नं. ४२६३४९४, ४४१७८५७

प्रकाशनमिति-

वि.सं. २०६५ मार्ग १७ गते मार्गशुक्ल पञ्चमी

(कविशिरोमणि राजीवलोचन जोशीको ८० औँ स्मृतिदिवस)

पहिलो संस्करण- ५०० प्रति

मूल्य- रु. २००।-

मुद्रक-

अर्किड क्वालिटी प्रिन्टर्स

खुसिबुँ, काठमाडौँ, नेपाल

फोन नं. ४२२७४५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकको मन्तव्य

वि.सं. २०५२ मा स्थापित खिलशर्म-राजीवलोचनजोशी-स्मारकप्रतिष्ठानद्वारा विगत बाह्र वर्षदेखि प्रत्येक वर्ष १/२ वटा पुस्तक प्रकाशित हुँदै आएको बेहोरा विज्ञ पाठकहरूलाई विदितै छ। यसपटक पनि प्रा. दिनेशराज पन्तद्वारा सम्पादन गरिएको संक्षिप्त वंशावलीनामक पुस्तक प्रबुद्ध पाठकहरूसमक्ष समर्पण गर्न पाउँदा प्रतिष्ठान दङ्ग छ। सदा झैं यस पुस्तकको पनि सुरुचिपूर्वक अध्ययन-अनुसन्धान हुनेछ भन्ने प्रतिष्ठानले आशा राखेको छ।

यति अमूल्य ग्रन्थको सम्पादन गरी प्रतिष्ठानप्रति देखाउनुभएको उदार सहयोगको निमित्त प्रा. पन्तलाई धन्य भन्दै आगामी दिनहरूमा पनि यस्तै सहयोग भइरहने अपेक्षा राख्दछौं।

वि.सं. २०६५ मार्ग १७ गते
विवाहपञ्चमी

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रक्तकाली, काठमाडौं, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वक्तव्य

गत वर्ष खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानको १७ औँ पुस्तकको रूपमा राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावलीनामक पुस्तक छापिएको थियो। त्यस पुस्तकमा भनिए जस्तै हस्तलिखित यो पुस्तक केही वर्षअघि श्रीप्रकाश ए. राजबाट मैले पाएको हुँ। उहाँका पितामह विद्वच्छिरोमणि हेमराज शर्मा (वि.सं. १९३५-२०१०) को सङ्ग्रहमा रहेको यो पुस्तक अंशबण्डा हुँदा हेमराजका कान्छा छोरा ईश्वरीराज पाण्डे (बेलायतका लागि शाही नेपाली राजदूत, वि.सं. १९९१-२०५२) को भागमा पर्न गएको थियो। अनुसन्धानकार्यमा संलग्न आफ्ना भतिजा प्रकाश ए. राजलाई यो पुस्तक काम लाग्ला भनी श्रीईश्वरी - राज पाण्डेले दिनुभएछ। प्रकाश ए. राजबाट पाएको जुन पुस्तकबाट निकालेर तिथ्यावली छापियो, सोही पुस्तकको बाँकी सम्पूर्ण भागलाई संक्षिप्त वंशावलीनामक यस पुस्तकमा दिइएको छ।

अहिलेभन्दा करीब ६ सय वर्षअगाडि स्थितिराज मल्लको पालामा गोपालराजवंशावली तयार भएको हो। त्यहाँबाट शुरू भएको नेपालमा वंशावली लेख्ने परम्परा शाहकालमा निकै फैलियो।

वि.सं. १८४९ मा नेपालमा दूतको रूपमा आएका कर्नेल कर्कप्याट्रिकले यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपौल्नामक आफ्नो पुस्तकमा उपलब्ध वंशावलीको प्रयोग गरेका छन्। वि.सं. १८५९ मा नेपालमा दूतको रूपमा आएका नक्ससँगै आएका र नेपालबाट फर्केपछि पनि नेपालको सिमानानगीच बसी नेपालको बारेमा बुझ्दै पुस्तक तयार पारेका फ्रान्सिस बुचनान ह्यामिल्टनले पनि आफ्नो पुस्तकमा वंशावलीको प्रयोग गरेका छन्। वि.सं. १८७२ को सुगौलीसन्धिपछि इष्ट इण्डिया कम्पनीको पहिलो दूत भएर आएका एडवर्ड गार्डनरका सहायक भएर वि.सं. १८७७ मा नेपाल पसेका, पछि वि.सं. १८८९ देखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८९९ सम्म दूत भएर नेपालमा बसेका ब्रायन हघ्टन हड्सनले नेपालबाट धेरै कुराको संग्रह गरे । यो संग्रह हड्सनसंग्रहको नामबाट प्रसिद्ध पनि छ । यस्ता सामग्री संग्रह गर्ने क्रममा हड्सनले वंशावलीका विभिन्न संस्करण पनि सङ्ग्रह गरे । नेपालमा वंशावलीहरूको सङ्ग्रह गर्ने काम शुरूदेखि भए तापनि हड्सनको रुचि'र श्री ५ राजेन्द्रविक्रम शाहको वंशावलीको खोजी गर्ने रुचिले यसमा अझ बढी बल मिल्यो ।

श्री ३ जङ्गबहादुरको पालामा नेपालमा रहेको अङ्ग्रेजी दूतावासमा डाक्टरको रूपमा १० वर्ष रहेका डयान्यल राइटले पण्डित गुणानन्दको मदतबाट सङ्ग्रह गरेको वंशावलीलाई मीर मुन्शी शिवशङ्कर सिंहद्वारा अंग्रेजीमा अनुवाद गराएर त्यसमा नेपालसम्बन्धी आफ्नो विस्तृत उपोद्घातसमेत राखी वि.सं. १९३३ मा केम्ब्रिजबाट हिस्टरि अफ् नेपालको नाममा प्रकाश गराएपछि त्यसको प्रचार भयो र धेरै कालसम्म नेपालको इतिहासको ज्ञान गर्ने ग्रन्थको रूपमा पनि त्यो रहिरह्यो ।

वंशावलीका साना ठूला संस्करण तयार हुँदै जाने प्रसङ्गमा हामीले अहिले प्रकाश गर्न लागेको वंशावली पनि तयार भएको देखिन्छ । अब यस पुस्तकको विषयमा केही लेखिन्छ ।

शुरूदेखि श्री ३ जङ्गबहादुरको मृत्यु भई रणोद्दीपसिंह श्री ३ भएसम्मको वर्णन यसमा परेको छ । श्री ३ रणोद्दीपसिंहको शासनको शुरुवातको ४ वाक्य लेखेपछि यो टुङ्गिएको छ । त्यसपछि निकै पाना खाली भएकाले कतैबाट प्रतिलिपि गरिएकोमा सार्दासार्दै छोडिएको देखिन्छ । मूलमा १२० पृष्ठको आधासम्म भएको वंशावलीको भाग यस पुस्तकमा दिइएको छ र यही नै यस पुस्तकको मुख्य भाग हो । यही मुख्य खण्डको बीचमा अर्थात् ९०-९१ पृष्ठका बीचमा नेपाली कागतमा लेखिएको १ पत्र, जुन पत्र मूल किताबको आकारभन्दा लम्बाइमा छोटो र चौडाइमा लामो छ, टाँसिएको छ । त्यसमा शाहहरूको शुरूदेखिको अत्यन्त संक्षिप्त बयान दिइएको छ र श्री ५ पृथ्वीवीरविक्रम शाहसम्मको नाम एउटै कलमले कालो मसीले लेखिएको छ । त्यसपछि श्री ५ त्रिभुवनवीरविक्रम शाहको नाम अर्कै कलमले नीलो मसीले लेखिएको छ । राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावलीभन्दा लगत्तै अघिको ५॥ पृष्ठको शुरूदेखि श्री ५ राजेन्द्रसम्मको नाम भएको भाग पनि यहाँ दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी साना ठूला जे भए पनि वंशावलीको खण्ड भएका भाग जिल्द बाँधिएको यस हस्तलिखित पुस्तकमा छ भने ३० श्लोकको नेपाली भाषामा लेखिएको दानमाहात्म्य (४ पृष्ठ) पनि यहाँ दिइएको छ। यस पुस्तकको अत्यन्त महत्त्वपूर्ण खण्डको रूपमा यसलाई लिन सकिन्छ। यसो भए तापनि वंशावलीभन्दा बाहिरको सामग्री यो भएकोले यसलाई परिशिष्टको रूपमा राखिएको छ। यो दानमाहात्म्य कसले कहिले तयार पारेको हो र यो पूर्ण वा अपूर्ण के हो भन्ने पनि त्यताबाट खुल्दैन। नेपाली भाषा साहित्यको इतिहासको अनुसन्धानमा संलग्न अनुसन्धाताहरूको ध्यान यतातिर जानु वाञ्छनीय छ।

वंशावलीको २ पृष्ठदेखि १२० पृष्ठसम्मका प्रायः सबै पृष्ठको टाउकोमा वंशावली लेखिएको छ। वंशावलीखण्डमा ७५ पृष्ठपछि ७६ पृष्ठ हुनुपर्नेमा २ पृष्ठ अर्थात् ७४, ७५ पृष्ठ दोहरिएकाले जम्मा १२२ पृष्ठ हुन गएको कुरा स्मरणीय छ। देवखण्ड (२ पृ.), विक्रमकेशरीखण्ड (९, १० पृ.), भूपकेशरीखण्ड (११,१२ पृ.), भोजखण्ड (१२ पृ.), पिङ्गलारानी-खण्ड (१४,१५ पृ.), गोपालराजाखण्ड (१८ पृ.), किरातराजाखण्ड (१९ पृ.), सोमवंसीराजाखण्ड (२०, २१ पृ.), विष्णुदेवराजाखण्ड (३० पृ.), अंशुवर्माखण्ड (३१ पृ.), नरेन्द्रदेवराजाखण्ड (३२, ३३ पृ.), गुनकामदेव-राजाखण्ड (३४, ३५ पृ.), शंकरदेवराजाखण्ड (३७, ३८ पृ.), सदाशिवराजाखण्ड (३८ पृ.), आनन्दमल्लराजाखण्ड (३९-४१ पृ.) वंशावलीको टाउकोमा लेखिएका छन्। २२, २४-२९ पृष्ठमा खण्ड लेखी लेख्ने ठाउँ छोडिएको छ। यताबाट यस वंशावलीको प्रतिलिपि गर्नेले सबैका शीर्षक राख्न खोजेको, तर हाल्न नभ्याएको देखिन्छ। वंशावली लेख्न पनि छुटेको उदाहरणको रूपमा ६३, १००, १०१ पृष्ठलाई देखाउन सकिन्छ। यस वंशावलीमा लेख्दै जाँदा छुटेको ठाँउमा चिनो लगाएर थपिएको छ। उदाहरणको रूपमा १७, २२, ४५, ६१, ६७, ९९ पृष्ठको उल्लेख गर्नु पर्याप्त होला।

वंशावलीखण्ड वि.सं. १९३३ को घटना लेख्दालेख्दै टुङ्गिएको छ भनेर माथि भनिसकिएको छ। त्यसपछि ८१ पत्र खाली छ र त्यो वंशावली आदि लेख्न खाली छाडिएको देखिन्छ। त्यसपछि ४ पृष्ठको दानमाहात्म्य दिएपछि ३६ पत्र खाली छोडिएको छ। यतासम्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग देशी कागतमा छ भने त्यसपछि शुरू भएको अतिसंक्षिप्त वंशावलीखण्ड नेपाली कागतमा छ। अतिसंक्षिप्त वंशावलीखण्डपछि आएको तिथ्यावली (जुन गत वर्ष छापियो) पनि नेपाली कागतमै छ।

देशी कागतमा लेखिएको भागमा नीलो, प्याजी, कालो तथा रातो मसीको प्रयोग गरिएको छ भने नेपाली कागतमा लेखिएकोमा चाहिँ शाहहरूको अतिसंक्षिप्त वंशावलीमा श्री ५ त्रिभुवनको नाम नीलो मसीमा लेखिएकोबाहेक पूरै कालो मसीले लेखिएको छ।

वंशावलीहरू जुन समयमा तयार भए, त्यस समयको कुरा बढी शुद्ध हुने र जति जति माथि गयो, त्यति त्यति अशुद्ध हुँदै जाने कुरा यस वंशावलीमा पनि लागू हुन्छ। उदाहरणको रूपमा वंशावलीहरूमा स्थिति-राज मल्लका छोरा यक्ष मल्ल भनी गरिएको अशुद्धि यस वंशावलीमा पनि छ। वास्तवमा स्थितिराज मल्लका नाति यक्ष मल्ल हुन्। त्यसै गरी वंशावलीहरूमा हुने रत्न मल्लका छोरा अमर मल्ल, अमर मल्लका छोरा सूर्य मल्ल यहाँ पनि छ। वास्तवमा रत्न मल्लका छोरा सूर्य मल्ल, सूर्य मल्लका छोरा अमर मल्ल हुन्।

अहिले मेरो अगाडि नेपाल राष्ट्रिय पुस्तकालयबाट छापिएको वंशावलीका २ भाग, पुरातत्त्वविभागको मुखपत्र प्राचीन नेपालमा छापिएका ३ थरी वंशावली र राइटको वंशावली छन्। तिनीहरूसँग दाँज्दा अहिले छापिन लागेको वंशावलीमा निकै फरक कुरा भेटिएका छन्। ती सबैको उल्लेख यहाँ गर्नु संभव छैन। उदाहरणको लागि पछिल्लो कालका दुइटा कुराको मात्र यहाँ उल्लेख गरिन्छ।

यस संक्षिप्त वंशावलीमा मुलुकी खरिदार गुणवन्तको बारेमा निकै कुरा लेखिएको छ र वि.सं. १८९२ चैत्रशुक्ल दशमी आदित्यवार उनको मृत्यु भयो भनेर पनि लेखिएको छ। काठमाडौँ उपत्यकाको एक राजवंशावली र राइटको वंशावलीमा यसको उल्लेखै छैन भने नेपाल देशको इतिहास संग्रहमा छोटकरीमा दिइएको छ र तिथिमिति नदिई वि.सं. १८९२ मा मृत्यु भयो भनेर मात्र लेखिएको छ।

यस संक्षिप्त वंशावलीमा जङ्गबहादुरको मृत्यु भएपछि जङ्गबहादुर र बडामहारानी हिरण्यगर्भकुमारीलाई जीतजङ्गले दागबत्ती दिए, पुतली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महारानी र मिश्री महारानीलाई दागबत्ती पद्मजङ्गले दिए भनी लेखिएको छ। काठमाडौँ उपत्यकाको एक राजवंशावलीमा यसको उल्लेखै छैन भने नेपाल देशको इतिहास संग्रहमा जङ्गबहादुरलाई जीतजङ्गले र हिरण्यगर्भ-कुमारीसहित ३ महारानीलाई पद्मजङ्गले दागबत्ती दिए भनी लेखिएको छ।

वंशावलीका धेरै संस्करण देखिए पनि तिनलाई मिलाई सम्पादन गर्ने काम खास भएको छैन। यो काम गर्नुचाहिँ अत्यन्त आवश्यक भइसकेको छ। यसको लागि अहिले प्रकाश हुन लागेको वंशावलीबाट पनि केही मदत मिल्नेछ भन्ने आशा गर्न सकिन्छ।

वि.सं. २०२५ मा बाहिर आए तापनि वि.सं. २०१९ भन्दा अघि नै छापिन शुरू भइसकेको श्री ५ पृथ्वीनारायण शाहको उपदेशमा राजा द्रव्य शाहदेखि श्री ५ पृथ्वीनारायण शाहसम्मको वंशावलीको भाग तात्कालिक सामग्रीसँग दाँज्दै सम्पादन गरिएको छ। भाषावंशावलीको दोस्रो भागको शुरूको केही अंश पनि यही शैलीबाट सम्पादन गरिएको छ। वंशावलीको सम्पूर्ण भागलाई यही शैली वा अझ परिमार्जित शैलीबाट सम्पादन गर्नुपर्ने आवश्यकता छ भन्ने कुराचाहिँ टड्कारो छ।

यस संक्षिप्त वंशावलीमा मूलमा जस्तो पाठ छ, त्यस्तै पाठ दिइएको छ। अत्यन्त अस्पष्ट हुने वा ज्यादै भ्रम हुने केही ठाउँमा मात्र कोष्ठबाट स्पष्ट गर्ने प्रयत्न गरिएको छ। पृष्ठ बढ्ने डरले यसको मूल रूपका केही पाना मात्र दिइएका छन्। सम्पूर्ण दिन सकेको भए बढी राम्रो हुन्थ्यो। यसै गरी यसमा नामसूची पनि दिन सकिएको छैन। यी सबै कुरा दोस्रो संस्करणको लागि थाँती राखिएको छ भन्दा दुःख लागेको छ।

यो पुस्तक प्रकाश गरिदिएकोमा खिलशर्म-राजीवलोचनस्मारक-प्रतिष्ठानलाई धन्यवाद छ। श्रीरूपक श्रेष्ठ, श्रीविष्णुहरि श्रेष्ठ र श्रीसरिता पन्तबाट यो पुस्तक तयार गर्दा मैले मदत पाएको छु, सबैलाई यथोचित धन्यवाद छ।

वि.सं. २०६५ मार्ग १३ गते शुक्रवार —दिनेशराज पन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशाय नमः॥

अविरलमदजलनिवहं भ्रमरकुलानिकस्यवितकपोलं
अभिमतफलदातारं कामेशं गणपतिं वंदे ॥ १ ॥

अथ नेपालिके देवान् प्रादुर्भाव राजभोगमाला यथाक्रमेण वर्तमानविधौ सकलदुषार्थजनानाम् [न]रेश्व श्रृण्वं सती पापानां हरणहे[जु]कारणान्तु[स्मादु] ब्राह्मणाधिकारिजनस्य मुषात सकलचतुर्वर्णश्रेतारसमुच्चये भवंति जोग्यनीति किल्वीषकं कलौ कृत्य नासंयेति श्वाश्रधायौ कुर्यति तेस्म[र]णेन सकलतीर्थदेवराजमालावंसावलीसंग्रह कुर्यात् ॥ ॥

हेरम्बोऽम्बाथ ब्रह्माहरिपशुपतयो भास्कराद्या ग्रहा ये ।
पञ्चाख्या लोकपाला दश च सुगणिता दिक्प्रपाये महान्तः ॥
मेषाद्या राशयश्वाश्विमुखवरमुखा याश्च नक्षत्रतारा ॥
योगा विष्कुम्भकाद्या सकलसुरवराः पान्तु मामत्र तूर्णम् ॥ १ ॥ ॥

आदौ नेपाल सकल शास्त्रसिद्ध आदीजुगान् श्रीपशुपतीनाथ विराजमान भयाका हुनुहुन्छ. इ नाथको आदी अन्त्यकन ब्रह्मादी देवता कसैले पनी जान्न सकेका छैनन्.

ब्राह्मदेखी उप्रान्त केही समयमा दक्ष प्रजापतीले अपमान गर्‍याको सहन नसकी सतीदेवीले प्राण मोचन गरीन्. ई सतीदेवीको सरीर श्रीमहादेवले बोकीकन फिर्दा समयेमा पृथ्वीभर सतीदेवीको सरीर जाहाताहा खस्यो.ताहाताहा पिठरूपि शिवशक्ति भैगयो.कामरूपीठमा वक्षस्थल खस्यो र वछलादेवी भनी प्रख्यात भयो. येही क्रमले नेपालमध्येमा गुह्यस्थान पतन हुदा श्रीगुह्यकाली भनी महापीठ भयो. इत्ने गुह्यकाली देवीले आदीशक्ती म हुं भनी विवाह गर्ने इच्छाले हिमालये पर्वतदेखी जन्म लिनूभयो र पर्वतराजले श्रीपशुपतीनाथकन पुत्री कन्यादान दी पशुपतीपुरीमा पठाउदा अनेक सुवर्णादी दाइजो दीकन हिमत भैरव भैरवी साथ गरी आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत भागमा बडो गुप्त भैरह्याकों पुरीकन दाइजो दी पठायाको यो नेपालपुरी हो. यस् पुरीम बसी शिवसक्ती भै मृगस्थलीमा आनन्दसित विराजमान भयाको ब्रह्मादि देवताले सुनेर यो पृथ्वीपुरीविषे आनन्दपुरी भयाको एही नेपालपुरी हो भनी शास्त्रप्रसिद्व ठहराईकन ब्रह्माका आग्याले सबै देवता आई तपस्या गरी यो गुप्त पुरी हो भनी आफ्नाआफ्ना सुगम हेरी सबै ब्रह्मादि देवता विराजमान हुदा भया. तसर्थ यो नेपाल बडो गुप्तपुरी हो भनी सास्त्र प्रभ्रीतिमा वर्णन गरेको छ. देवताहरु योगयोगमा स्नान सन्ध्या गर्दछन्.

तिर्थ संयुक्त भयामा नेमुनी आदी ऋषी देवताहरु सहित भै अनेक तीर्थ जात्रा गरी सदाकाल तीन युग यस्तै थियो. सत्य युगमा सत्यवती पुरी भन्दथ्ये. त्रेता युगमा तपोवन भनी प्रख्यात थियो. द्वापर युगमा मुक्तिसोपाच{न}पुरी भनी बडो सहर भैरह्याको थियो.

ताहापछी द्वापरान्तमा आर्यातीर्थमा मरण हुनाले नेपाल पश्चीम भागमा देवताहरुले बनाइराखेका शुप्रभा नाम देसविषये धर्मदत्त राजा जन्मे. इन्ले राजा भैरहदा गुरुपुरोहित स[ग]गरी सोध्न लाग्ये. राजाकन यो नेपालपुरीको महिमा बताया. हे महाराज धर्मदत्त यो नेपाल कस्तो हो भन्या ठुलो प्रत्यक्षपुरी हो. ब्रह्मादि देवता सबै विराजमान भयाका छन्. मनुष्यको गमन कैले पनी छैन. देवताहरुका मूर्ति चतुर्थ रुप भैरहेका छन्. आदि गणेशका मूर्ति ४ मध्ये श्वेतविनायक चाबहेलका हुन्. चन्द्रविनायक चोभारका हुन्. सूर्यविनायक भक्तपूरका हुन्. रक्तविनायक श्रीपशुपतीका हुन्. यती गणेश आदिका हुन् ॥ फेरी कालीका पनी ४ छन्. वछला महाकाली आदी आर्यातीर्थसंधी श्रीदक्षीणकालीका फर्पिं कालिंचोकका काली श्रीगुह्यकाली. क[कु]मारी पनी चार छन्. पाटन काछे बालकुमारी ठेमीका बालकुमारी काठमाडौं रुद्रमतीसन्धी मैतीदेवी बालकुमारी थापाथली वागमतीसंधी कुमारी डो बालकुमारी गंगा पनी ४ मध्ये वाग्मती १ मन्मती २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्रमती ३ विष्णुमती ४ खोला पनी ४ मध्ये प्रभावती १ हनुमती २ दानमती ३ इक्षुमती. फेरी वाराही पनी ४ मध्ये श्वेतवाराही उत्तर नीलवाराही पूर्व वज्रवाराही दक्षिण धनतलेवाराहि पश्चिम्. योगिनी पनी ४ मध्ये विजेश्वरी योगिनी ब्रह्मपुत्री सिद्ध भै मिलन गयाको हो. वज्रयोगिनी नीलतारायोगिनी हांजुयोगिनी पनी आकासवाणियोगिनी हुन्. नारायण पनी ४ छन् मध्ये श्रीचागुनारायण छिन्नमस्तासहित श्रीइचङ्गुनारायण वैष्णवीसहित श्रीसेषनारायण खासिखरलक्ष्मीसहीत श्रीचयेजुनारायण चण्डेश्वरीसहित. फेरी महालक्ष्म पनी ४ मध्ये लुभुमहालक्ष्मी खोकनामहालक्ष्मी जांप्यापीठमहालक्ष्मी पूर्वपट्टी लगनखेल्का. वैष्णवी पनी ४ मध्ये जंप्यापीठवैष्णवी तोडलपीठवैष्णवी इचङ्गुपीठवैष्णवी एती देवाताहरु आदि युगका हुन्. फेरी इनै जुगमा मानसरोवरदेखी आइ सिला नदी तरीकन जयेवागेश्वरी कहलाइ पशुपतीपुरीमा विराजमान भयाका छन्. देवीकन प्रथम{प्रमथ}गण आइ वडो नेम गरी साधान गरी तीर्थ जल आवाहन गरी सुद्ध तीर्थ बनाईदिया. ई दिनदेखी ताहादेखि यो पुरीको नाम देव्याधिकारी भयाको हो. पश्चिमका दिग्रक्षाकारी होइ पछी फेरी राजराजेश्वरी पनी कामरुपीठदेखी आइ पशुपतीनाथका दक्षीण दिसामा विराजमान हुंदा भया. इनपछी नवदुर्गा पनी प्रकाश भयो. वज्रेश्वरी कोटेश्वरी भकेश्वरी भुवनेश्वरी मङ्गलेश्वरी गुह्येश्वरी वछूलेश्वरी राजेश्वरी जयवागेश्वरी इ दुर्गामूर्ति सदा रक्षाकारी विराजमान भया. ताहादेखी कोही कालमा प्रदक्षिणक्रम गरी देवताहरु आई आफ्ना २ नाम गरी चतुषष्ठी लिङ्गहरु स्थापना गरी प्रकाश भैगयो. फेरी हिमालय खण्ड मुक्तनिमित्य चैतन्यरूप भगवान् पद्मगिरी पर्वतमा आफै आइ स्वयम्भु कहलाइ प्रकाश भया. तस दीनदेखी महापीठ वन्यो. शिवलिङ्ग पशुपतीपीठ वछला चैत्य स्वयंभू करवीरमसान् येती चार संयुक्त हुनाले शुद्ध हुन गयाको पीठ हो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतीरूपसमो लिङ्ग वाग्मती च समो नदी ॥
गुह्येश्वरीसमो पीठ नास्ति ब्रह्माण्डगोलके ॥ १ ॥

इति वचनंना न्ये मुनी आदी गन्याका ऋषि देवताहरुलाइ यस् पुरीमा यथाक्रमले तीर्थजात्रा लिङ्गजात्रा उपलीङ्गजात्रा कुण्डजात्रा सबै दीन गङ्गातीर्थादी मेला जात्रा गरी धेरै देवताहरु उद्धार भैगया. फेरी धेरै दीनपछी विरुपाक्ष नाम भयाको कोही एक पापात्मा ब्राह्मणले गुरु नेमूनी पाई नेम गरी सबै तीर्थ जात्रा गरी श्रीमृगरूप पशुपतीमा पुग्दा सिद्ध भै उद्धार भैगयो ॥

एती कुरा धर्मदत्तले सुनी धन्य २ श्रीपशुपतिनाथ भनी केही दीन गयापछी इनका पुत्र परियार धेरै भये, पुत्रहरुका नां वीरकेतु १ अश्वकेतु १ रत्नकेतु १ गात्रकेतु १ इ ४ पुत्र भयेपछी इनीहरुलाई राज्य दी आफुले यो नेपालपूरीको दर्शन गरुला भनी आउदा अकस्मात् शिवरात्रीका दीनमा रात्रीवीसे धेरै तमासा देखीयो र श्रीपशुपतिनाथका समीपमा जादा जान नसकी बाटो नपाई रहदा तपस्या गरी जाउला भनी धर्मेश्वर महादेवका थानमा आई तपस्या गरीरहदा महादेव प्रत्यक्ष भै भेद बताया र धर्मदत्तले महादेवका आज्ञा पाई श्रीगुह्यकालीमा गई तपस्या गऱ्या. तपस्या गर्दावेलामा खड्ग दान पाई श्रीपशुपतीमा आई देवताहरुसीत जुद्ध गरी सबै देवताहरुकन जीती आफुले पुत्र परीयारसहीत गरी यो नेपालपुरीमा १०००० वर्षसम्म राज गरी श्रीपशुपतीनाथको र वासुकीको देवल वडो उचो लिङ्गाकार गरी बनाईदीया. वासुकीमाफिक अनेक द्रव्य पनी चढ्राये. येती गरी इश्वर खुसी गरीराख्या फेरी श्रीपशुपतीका वायव्यपट्टी चैतेनारायण वसाया. नागवर्णसहीत गरी कोहीं प्रजाहरु बौद्धमार्गीहरुले धर्म चलाये. फेरी जयवागेश्वरीका तीर्थकन सुवर्णधारा वनाई सुवर्णमिश्रित शिलाका आसन बनाई देवीकन खुसी गराया. अन्त्यकालमा अनेक धर्म गरी प्रजाहरु पुत्र परियारसहित भै उद्धार भया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक् हजार वर्ष बितेपछी यै सुप्रभानगरमा वाणासुर दैत्य मधेसदेखी आइ यो नगरको राजा भै एक हजार वर्ष राज्य गऱ्या. इ दैत्य आफ्ना पुत्रीका जलविहारनिमित्त नेपालखाल्डामा र चोभारमा पनी सबै थुनी पुत्री प्रभावतीकन खेलाया. १६ वर्षसम्म थुनीराखेका वेलामा ई पोखरीका माझबाट १ कमल निस्कि स्वयंभू भगवानका मूर्तिमा स्पर्स गर्न गयो र तेस्वेलामा यो आदी पद्मकुसुम हो भनी सबै देवताहरुलाई स्वयंभूमा बस्ता भये. येस् वेलामा मंजेश्वरी आई स्वयंभू प्रकाश भयो भनी अग्लो जङ्गल बनाइ बस्दा भया. पद्मले छोयो भनी पद्मगिरी नाम भयो. यस् पोखरी भयाका समयमा श्रीवज्रयोगिनी, चाङ्गुनारायण, पुलचोकदेवी, दक्षिणकाली, चोभार, श्रीपशुपतीका जोति इ सब देवता जलभित्र डुबे स्वयंभू भगवान भने डुबेनन्. केही कथान्तरमा भीमसेन दोल्खादेखी आई नेपाल पोखरीमा डुङ्गामा बसी खेली आई भिमडुङ्गासम्म पुगी नित्य खेल्दा गदाले थिची पुत्री भगायिदिये भन्ने कथान्तरमा सुनिन्छ. त्यो डुङ्गा अद्यापि भीमढुङ्गामा छदैछ. फेरी पछी विष्णु आई दैत्यकन मारी चोभारमा पनी पानी मधेसतिर पठाया. प्रभावतीकन हरण गरी विष्णु वैकुण्ठमा जादा भया. देवताहरु सबै आफ्ना २ स्थानमा बस्दा भया. ञाहादेखी नेपालपुरी अगम् भैगयो. सुप्रभानगर उत्तरीगयो.

एक हजार वर्षपछी भाटभट्टेनी भन्याका मातापिता भ्राता देवता आकाशबाट आईकन ठूलो नगर बसाया. यो विशालनगर नाम गरी सङ्खमूलतीर्थदेखी आदीजलसयननारायणसम्म गरी नगरमध्ये भावकर्मले बनाई एक ऋषिपुत्र ल्याई स्वयं जनव्रत राजा कहलाई नगरको रक्षा गराया. इ स्वयंव्रत राजा नीत्य श्रीव्रज्रयोगीनी जाई योगिनी खुसी तुल्याई प्रतिदीन धेरै द्रव्य मागी ल्याई ब्राह्मणहरुकन नित्य दान गरी रहदा भया. केही दीनपछी मधेसमा उज्जयनी पीठमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक वीर पुरूष जन्म्यो र तिन्ले स्वप्ना देखे की एक महापुरूष आई स्वयंव्रत राजाको चाकरी गरयो देखी उज्जयनदेखी विशालनगरमा प्राप्त भया. इ पुरुस जाई राजा स्वयंव्रतको चाकरी गर्न भनी वस्दा भया. राजाले नजीक राखी सोधनुभयो. हे वीर पुरुस तिम्रो नाउ के हो पुरुषार्थ के छ भनी सोद्धा भन्दछन्. हे महाराज मेरो नाम वीर विक्रमादित्य हो जो हुकुं सो गरुला भनी भंदा पराक्रमी हो की भनी ठहराई सदा आफुसग राखी फिर्दा भया. आफुसग राखी फिराइरहदा एक दीन ई राजाले नित्य द्रव्य ल्यायाको देखेर विक्रमादित्यले राजाभन्दा अघी जाई जोगिनीका स्थानमा पुगेर आफ्ना सरीरमा मसाला खादी तेल तताई राख्याका झाङ्गामा कुद्या र पाक भैगयो. जोगिनीहरु प्रथम वेलामा खेलन आउदा आइपुग्यो भनी खुसी भैकन इनका मांस अती मिठो छ भनी प्रसन्न भैकन भोजन गरीन्. पछी सीर मिलाईकन जीवनदान दी देवीले आज्ञा गरीन्. तिमिले आजदेखी यो कर्म नगर. हामीहरु बहुत खुस् भऔ. यस्तो स्वाद कैले पनी भयेन. यसनिमित्त अवदेखी तिमी ज्ञाहासम्म आउनुपर्दैन. यो नित्य दियाको द्रव्यवृक्ष लैजाउ र तिमी नीत्य दान धर्म गरी सुख भोग गर. अंतकालमा तिम्रो ज्ञाहा आइ उद्धार होला भनी विक्रमाजीतकन वीदा दी पठाया. पछी झागा उल्टाई देवीहरु संतोष भैरहदा भया. झागा आल्टाईराख्याको आजतक छदैछ. फेरी पछी स्वयंव्रत राजा आफ्ना द्वितीय प्रहरमा जाई प्राप्त हुदा भया. झागा उल्टाइराख्याको देख्या र अंधोल गरी देवी पुकारीरहदा देवीले आज्ञा गरीन्. हे राजन् अवदेखी तिमीहरुले ज्ञा आउनुपर्दैन. तिम्रा सिपाही वीर विक्रमादित्यलाइ द्रव्यवृक्ष दी पठायाको छ. तेही धन ली नीत्य दान धर्म गर. अंतकालमा तिमिलाइ हामी उद्धार गरूला भनी देवीले आज्ञा गरीन् र स्वयंव्रत राजालाइ फर्काई देवी अन्तर्ध्यान भइन्. इ राजा खुस् भैकन आई विक्रमादित्त्यलाइ धन्य तेरो पुरुषार्थ भनी आफ्नो गादी इन्लाइ दी आफु तपस्या गर्न गई योगिनीगणका स्थानमा उद्धार भैगया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ई विक्रमाजीतले विसालनगरका राजा भै धेरै किर्ति चलाइ बडोवडो दान गरी बडो पुरुषार्थी भै देवका व्रत समान गरी रहाखेरीमा दक्षिण दिशादेखी भूतमार्गले आई गोदावरी तीर्थ नीलचूड पर्वतका अर्ध भागमा नेपाल तीर्थ उत्तम हो भनी गोदावरी तीर्थ प्रादुर्भाव भयो. फेरी तेही क्रमले नेपालपुरी भनी त्रीशूल गङ्गा पनी हिमालय पर्वत भनी प्रादुर्भाव भयो. इ दुवै तिर्थका वायव्य अग्नि पकुना सुमुख हो. इ राजा नेपालका सबै देवताका आज्ञाले कालीखड्ग हातमा राखी मधेस जाई श्रीहरीसिद्धि नाम त्रिवाशक्ति देवता ल्याई विधानले नीलताराका समीपमा वसाया॥ फेरी ई देवका आज्ञावमोजीम गरी नेंपालका नेपालका सवै देवत ल्याई विधानले सूत्र प्रवेश नृत्य नित्ये नाटक जलसोधन गीतबाजा वादेसहीत ई प्रमाणले मुक्ति प्रकाश गरी वसाया. हरीसिद्धिसमो नाच वनाई लोकमा प्रख्यात गराया॥ ॥ इतिकारणात् नेपाल अनेगनटंनाटादीप्रारंभः फेरी ई राजाले आफ्नो दर्वारको नजीक पश्चिम थान गरी विधिपूर्वकले चार जलसयन चार दिग्पाल् नारायण नित्य जाई इनका आज्ञा पाई एक सिलामा चतुंर्मुर्ती चतुर्बाहु भगवान नारायणकन स्थापना गरी तीर्थसहीत युग्मधारा गरी वसाया. इन दीनदेखी ई धारामा एक कुण्ड पुष्प द्रुवसीयुक्त वर्षप्रति बगी आउछ. त्यो फुल जश्ले पाउछ. त्यो मानिस निहाल हुन्छ. इ राजाले फेरी ठुलो स्थानमा आवर्ण संयुक्त गरी आफ्ना कुलदेवता तुर्जा भवानी स्थापना गरी बडो लिङ्गाकारले दिवालय वनाई प्रतिष्ठा गराया. इनै स्थानमा दक्षिणपट्टी ३२ लक्षणले संयुक्त भयाको देवदत्त सिंघासन राखी बैठक बनाई नित्य बसी प्रजाको पालना गरी नेपालको सेवा गरी १ हजार वर्षसम्म भोग गर्दा भया. इ राजाको महिमा अपार हो. अन्तकालमा पुत्र विक्रमकेशरीकन राजपद्वी दी आफु वज्रयोगिनीमा जाइ उद्धार भैगया॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इनपछी राजा विक्रमकेसरीले पनी बहुत नेम गरी प्रजापालना गरी सुखभोग गर्दा भया. इ राजाले आफ्नो दर्बार नौतला गरी बनाई ठुलो बघैचा बनाई वागमतीभित्र जलसयन पारी बडो तलाउ बनाई भडार्खाल यथाक्रमले बनाया. तेही स्थानमा आगमन गरी इष्ट देवताका नाम राजदेवी स्थापना गरी प्रतीवर्ष सबै प्रजाहरुकन देवाली बनाई राख्या. केही दीनपछी आफ्ना पुर्खाको नारायण धारा बन्द भयो र राजाले मनमा बडो फिक्रि गर्‍या. मेरा बाबाले चार जलसयेनका आज्ञा पाई बसायाको हो. म पनी जलसयनारायण जान्छु भनी गया. पैले सतरुद्र पर्वतमनीका आदिजल[श]येन बानेश्वरका जलसयन् ग्यानेश्वरका जलसयन् स्वस्थानका जलसयन् ई चार नेपालका मूल् जलसयेन् गयेर बिंति गर्दा भया. श्रीभगवान मूर्ति रूपहरुले ज्योतीषिहरुसग बुझ भनी आज्ञा गर्‍या र राजाले ज्योतिषी ब्राह्मणहरुकन डाकी सोद्धा ब्राह्मणहरुले बोलेनन् र कस्तो प्रश्न आयो र नबोली रह्यौ भनी राजाले यथार्थ बताउ भन्दा ज्योतिषीहरुले हे महाराजा ३२ लक्षणसंयुक्त नरबली धारोपरी दद्यात् धारोबन्ध प्रकाशो जायते ॥ राजेन इति वाक्यं श्रुतं. इति कार्ये मया क्रियते इत्यर्थं मनसि स्थापितं

त्राहादेखी केही दीनपछी राजाले प्रजाहरु कोही लक्षणसंयुक्त भया पनी अपराधविना जीवघात गर्नू मेरा कुलको धर्म होईन. मेरो पुत्र पनी ३२ लक्षणको छ. ममा पनी केही लक्षण छ भनी यस्ता नराधीपती नवसागर रानी जस्ति शुशीलाकन त्याग गरी पुत्र भूपकेशरीकन डाकी गुप्त अर्थ बताया. हे पुत्र आजका चारौ दीनमा हाम्रो धारामाथी संपूर्ण सरी[र] सेता लुगाले छोपी रात्रीमा सुतीरहने १ पुरुष होला. तेस्कन तैले जाइ मुख नहेरी चाडै काटि आउनु. तव हाम्रो धारो बहला भनी अह्राया. आफुले धर्मका निमित्त जाई सुतीरह्या. पुत्र भूपकेशरी बाबुका आज्ञाले वेगले जाई वस्त्रले छोपी सुतीरहेका मानिसलाई केही नहेरीकन खड्गले हानी छिन्नभिन्न गर्‍या. तेस् वेलामा ठुलो शब्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी धारा चल्यो. राजपुत्र खुसी भै हेर्न गये र दुइ धारादेखी रगत बहन लागेको देखीयो र पित्रृहत्या गर्नेको मुख हेर्न पनी छैन भनी हिटी मङ्गल फर्की गयो. आजतक छदैछ. राजपुत्र फिरचापछी निर्मल भै जल वहचो. सरासर राजपुत्र इक्षुमतीमा पुग्दा सबै किरा मात्र बगी आयाको देखदा आश्चर्य मानी आफ्नो दर्वारमा आइ वस्ये. इन दीनदेखी टुकुचा नाम भैगयो. भोलीपल्ट हाहाकार भै ठुलो स्वरले प्रजाहरु दर्बारमा आइ भन्दछन्. हे महाराज भूपकेशरी राजाकन पनी काटीराख्याको छ. अरु बन्द भयाको धारामा पनी जल बगीरहेको छ भनी धेरै तरहका कुरा सुनी राजपुत्रले हेर्न गया र मेरा बाबाले अनर्थ गरी मकन छल् गरचा भनी केही कुरा प्रकाश नगरी पितृकार्य गरी आमाकन राज्यको भार दी अफुले पितृहत्यामोचननिमित्त मेरा बाजे वीर विक्रमादित्य उद्धार भयेको स्थान वज्रयोगिनी हो भनी सरणमा जाइ पुगी हे तारिनी भनी हाहात्कार गरी ठुलो शब्द गरी रोइ बस्या. तेस् वेलामा देवीले सुनी जोगिनीहरु पठाई सन्मान गराया. हे बालख तेरो पाप मोचन् होला. यौटा केही किर्ति बनाउ. तैले ग्राहादेखी पश्चिम भागमा यौटा कालीज पञ्छी उडीगयाको हेरी जानु. त्यो पंछि जहां बसला. ताहा तिमिले ठुलो यन्त्राकारले सबै देवतासहित गरी १ कोशका प्रमाणले बौद्ध मन्दीर बनाउ भनी योगिनीगणहरुले तारिनीका आज्ञाले भनिन्. राजकुमार पनी पञ्छीका पछी २ लागे. एक स्थानमा आई पञ्छी बस्यो र त्यो ठाउ ठहराइ मन्दीर बनाउन प्रारम्भ गर्दा भया ॥ ० ॥ तेस् वेलामा वर्षा कस्तो भयो भन्या पित्रिहत्याका पापले राजपुत्र बस्याका ठाउमा मेघ सुन्य भै वृष्टि बन्द भयो र राजपुत्रले ठुलो दुःख पाई रातिमा धेरै कपडा फिजी नित्य निचोरी इट् पारी १२ वर्ष लाइंकन त्यो बौद्ध मन्दीर तयार गर्‍या. कस्तो मठ भो भन्या सबै देवताका पिठ् देवीगणले संयुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी प्रतिष्ठा गरी ई भूपकेशरी फेरी वज्रयोगिनी जाई माताका समीपमा कर जोरी बस्दा भया. तेस् वेलामा देवी प्रसन्न भै आज्ञा गरिन्. हे बालख तंदेखी मो अती प्रसन्न भया. धन्य तेरो पुरुषार्थ. जस्तो मैले भनेथ्ये. तस्तै यन्त्राकारले बौद्ध मन्दीर सिद्ध गरी तं त्राहा आइस्. अव तेरो सब पाप गयो. अब तैले तेरा बाज्या वीर विक्रमाजितलाई दियाको द्रव्यवृक्षको धन ली यो भरमुलुकमा विक्रम नाम गरी सम्वत् फिराउन जाउ. कलीयुगको तीन हजार वर्ष जब बित्ला. अनी तिम्रो सम्वत् प्रख्यात होला. एती भनी देवी अन्तर्ध्यान भइन्. राजपुत्र भूपकेशरीले उद्धार भयाका बाजेकन प्रणाम गरी स्वस्थानमा प्राप्त हुदा भये. महतारीकन प्रणाम गरी आफ्ना कथावार्ता सबै कही दे[वी]का आज्ञाबमोजिं गरी द्रव्यवृक्षका धन ली सम्वत् फिराउन भनी गया. इनपछी रानीले पनी अती धर्मात्मा भै प्रजापालना गरी लोकमा धन्य कहलाई किर्ति बढाई धेरै देवताका मूर्ति स्थापना गरी नवसागर भवानी प्रख्यात गरीदिया. ती भवानी कस्ती भने पलांचोकका मूर्ति, नालाका मूर्ति, स्वभाभगवतीका मूर्ति एती भगवती राखी भगवती एकै कालिगढले बनायाको हो. इनपछी केही कालमा रानी आदी उद्धार भये.

इनपछी विशालनगरमा भोज नाम गरचाका कोही १ पुरुष राजा हुन आये. तिन्ले वीर विक्रमाजीतको महिमा सुनी यस्तै गरुला भनी बहुतै गुमान गरी फिरी सींहासनमा बश्न तयार भयाका वेलामा सिंघासनका ३२ लक्षण सबै पुतली भैकन विक्रमाजींतका अनेक ज्ञान धर्म वर्णन कथाहा भनीकन १।१ लक्षण भै सबै पुतली उडे. तैपनी नमानी भोज राजाले सिंघासनमा बश्न इच्छा गर्दा सिंघासन आकाशमार्ग भै उडी स्वस्थानमा गयो. केही कालपछी राजा अती गुमानी हुनाले दैव योगल(ले) एक रात्रिका बीचमा नड्सालभगवती कोप भै आफ्ना अगाडीका इनारदेखी आगो उठी रातभरमा मनुष्य जीवाजन्तु धेरै नास् भया. विशालनगरका राजा प्रजा नली नगर सबै उजार भै गयो. यो नेपालमा सानासाना गाउं मात्र हुन गयो. ठुलो देश काहि पनी थियेन.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी इनै वर्षमा रुद्रमती हटखोला भैरह्याका सुन्य देसमा जान मन्न गरी बुढानीलकण्ठसंधी पैरो भत्की अनेग तीर्थ इशानेश्वर ग्यानेश्वरमध्ये परी बस्यो. इ सहर उजरी गयेपछी एक चोरले ग्यानेश्वर लीङ्गभित्र मणी छ भनी बञ्चरोले चिर्दाचिर्दै परसम्म मणि उडी जाई प्रभावतीम बस्न गयो. एक ग्रामका राजाले प्रभावतीमा पदम्मणी छ भनी सुनी धातुले छुवाइछुवाइ खोजदा पाइयेन. धातु भने सुवर्ण भयो.

आदेखी २ हजार वर्षपछी पश्चिम दिसामा मारवार देशका पिङ्गला नाम रानी १ थिइन्. तिन्लाइ आफ्ना पुरुषले धेरै आपमान गरी राखदा रानीले स्वप्नामा यो नेपालपुरी देषिन् र श्रीगुह्यकालीमाइ[मा] निलाहार गरी तपस्या गरीरहदा देवी प्रसन्न भै वरदान दिइन्. हे रानी तेरो मनोरथ पुर्ण हुनेछ. अब तैले चावहील भन्याका देशमा बडो नेम गरी ठुलो १ बहाल बनाई तेसेमा तैले बसिकन नित्य नुहाइ मेरा कज्जल पनी लाईराख. तब तेरा पुरुष पनि वस्य भैजाला भनी इश्वरका आग्या भयो र इश्वरी अन्तर्ध्यान भै गइन्. रानीले देवीका आज्ञाबमोजिं देवीका गण ल्याई काम गराई लक्षण कर्म गरी मैजुबहालकोत बनाई ४ पतृभित्र गरी ४ धाराले सोधन गरी बनाइ आफु बसि नित्य देवीका थानमा जाई दर्शन गरी मोहनी लाई आनन्द गरी बस्दामा मैजुबहाल नाम गरी चाबहेल् नाम राखी देश बनाया. फेरी लोहका वर्ण देवताले प्रहार गरी खेल्याका शिला भै गयो र लोहशिलानाम कुमारी अती भयङ्कर भयो र देवीसित बिन्ति गरी श्रीश्वेतविनायक जगाई गणेश बौद्ध प्रिय हो. फेरी केही कालपछी रानीको व्रतधर्मले मारवाण देशका राजा सुदत्तका चित्त चञ्चल भयो र राजाले रानी खोज गरी आउदासमयेमा सबै देवताहरुले दिव्य पद्मसुन्दरी भैरह्याकी रानी पिङ्गलादेवीकन भ्रान्ति भयेका वेलामा राजा पनी देवीका समीपमा पुग्या. तेस् वेलामा देवताहरुले रानीकन छेकी समातन लागे र रानीले देवताहरुकन हेरी मधुर वचनले देवी पुकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्न लागिन् म पिङ्गला रानी हुं त्राही त्राही गुह्यकाली भनेको राजाले सुन्या र राजाको अन्धोल चित्त भैगयो. मेरी रानी ता अघी एत्तीकि सुन्दरी थिइनन्. इन्ले भने पिङ्गला रानी हुं भनी पुकारीन्. इ रानी ता मेरी हुन् भनी नजीक जादा रानीले राजालाइ प्रणाम गरीनन्. केही नबोली अघीका दुःख सम्झि रानी देवीका नजीक बश्न गइन्. यस् वेलामा देवताहरुकन ई राजाले ठुलो शब्द गरी भन्न लागे. अहो देवताहरु हो इ त मेरी रानी हुन्. तिमिहरुले कसो गरी लैजान्छौ भन्दा सबै देवताहरु मिली राजा सुदत्तकन घेरीराखी मिथ्या हो मिथ्या हो यस्ती सुन्दरीकन मेरी स्त्री हो भन्या भनी मार्न तयार हुदा ठुलो युद्ध भयो. राजाले पनी धेरै शस्त्र प्रहार गरचा र पछी राजा मर्णान्त भयो र देवी आइकन देवताहरु सबैलाइ बुझाई पठाइन्. फेरी रानीकन बुझाई पुरुषको सन्मान गराई स्त्रि पुरुष मिलाई पठाइन्. केही कालमा दुवै सहीत भै नित्य देवीको सेवा गरी धेरै वर्षसम्म बहालकोट् मैजुबहालनगरमा बसी इश्वरका आग्याले आफ्ना स्वदेश(मारवाणा)मा गइ उद्धार भया ॥ ॥

आहादेखी नेपालमा देवताहरुको महिमा गयो भनी जानी श्रीभैरवहरु चार मिली सन्मान गर्न लाग्या. प्रथम नुवाकोट भैरव दोश्रो भक्तपुरका भैरव त्यागा भैरव चौथा मध्येपिठ् मचली भैरव. पश्चिम दिशामा आगमचोकदेखी आयाका पचली भैरव. इ भैरव आइ प्रकाश भैरही नेपालमा कलीयुग दृस्य हुन लाग्यो भनी विनाराजाले हामीलाइ रक्तपान हुन्याछैन भनी राजा तुल्याउन इच्छा गर्दा भया. यो सबै वृत्तान्त इन्द्राणीघाटकी देवीले जानी अब यो नेपालमा सदासर्वदा राजीक हुन्याछ भनी नेपाल आइ मनमयजु कहलाइ नेपाल उत्तर भागमा विराजमान हुनुभयो. इ कुमारी देवी आयाको सुनी दिग्कौमारि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै प्रकाश भया. पूर्व ठीमी बालकुमारि दक्षिण क्वाठक्ष कौमारी. पश्चिम वल्खुपिठ्देखी आइ ग्यानेश्वरसंधि मयेतिदेवी कौमारी. येती कौमारिहरू नेपालका राजीक देवता आदीरुप हुन. येती देवताहरुको महिमा सबै द्वापरयुगभित्र हो ॥

युगभोगसंख्या ॥ सत्ययुगभोग १७२८००० मनुष्यको आयुप्रमाण १०००० धर्मग्य प्राण वायुमुल्कन थानभेदसंधी ॥ त्रेतायुगभोग १२९६००० मनुष्यको आयुप्रमाण ५००० वायुरक्तमांसे चर्मसंयोग द्वापरयुगभोग ८६४००० मनुष्यको आयुप्रमाण १००० प्राणस्वचाम ॥ कलीयुगभोग ४३२००० मनुष्यको आयुवर्ष १२० प्रथमपादे प्राण अन्नं द्वितीयपादे स्थुलाहारी मनुष्यको आयुर्दावर्ष १०० तृतीयपादे तृण आयुवर्ष १६ भक्षणं निपुष्यकमल ॥

कलियुगस्यार्थ भोग्यविजयामिनन्दनालासमस्तपापिखण्डनकृते सती सुखानी सर्वे दास्यते. स्वयम सहस्रवर्ष जीवीते ॥
त्णप्राणकृते भेदे त्रेतायांमस्थिमन्निधौ ॥
द्वापरे रत्नमाछे स्यात् कलौ मित्रै च वस्थिता ॥

यस नेपालमा अघी धर्मदत्त राजा हुन आउदामा द्वापरयुगभोग १६०० बाकी धर्मदत्त राजाले १०००० सम्म रजाज गरे. यो नेपालमा देवताहरु गमन् भयाको वर्षसंख्या धर्मदत्त राजापछी सुन्येवर्ष १००० फेरी बाणासुरभोगवर्ष १००० फेरी सुन्यवर्ष १००० फेरी विशालनगरको वर्ष २००० फेरी पिंगलासोपातवर्ष ५० एती वर्ष गयापछी द्वापरयुगको भोगवर्ष ९५० षेस बाकी अब कलीयुगको दृस्य भयो भनी राजाविना हुन्याछैन भनी सबै देवता मिलिकन मनुष्यलाइ राजा गर्न इच्छा गऱ्या.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथतरं जमाला ॥

नीलकण्ठप्राक्रमेण वर्तमानेन कलियुगस्य भुपालसमस्तमालिकाचरणांबुजसमरोजे श्रीमतपृथ्वीराज्ये हिमवतशैलमध्ये वर्तमानेन महारथीभूपमण्डले मृगेश्वरभर्ताके प्रादुर्भूतमर्दने मुनेइत्यादिरिषिगणै सुत्रवगौतमादयो देवा प्रतीस्था पाशुपताश्वरभक्तारकल्के व्याकवने विराजे सथि वोपालनामयभूतस्य कपिलवर्गीकिर्तिपुरात वाग्मतीतिरे गत्त्वा तया छिरेन प्रदीसात ॥

पशुपतीनाथको अघी लिङ्गाकारको देवल भत्की छोपिरहदा श्रीकृष्णसीत आउन्या ग्वालले कपिला गाइ एक पालेको रहेछ. तस् गाईले दूद नदी एकलै गै श्रीभीमसेनका धारामा गई पानी खाई वाग्मतीका तीरमा जाइ दुध धारा बहाउन लागिन्. सधै तेसै गरी दुध नदीदा त्यो ग्वालको सर्दार नेम भन्याको ग्वालले गाइमपछी २ चियाउदै गयो र जादा २ गाइले दुदधारा चुहायाको देखी आश्चर्य मानी किन ञाहा आइ दुद चुह्यो ञाहा के छ भनी कोदालीले खनी हेर्दा ज्योति निस्क्यो. त्यो ग्वाला ज्योतिले भस्म गरी तही मोक्ष भयो ॥

ञाहादेखी नेमुनी ऋषि आइ अनेग क्रमले बुझाई कलीयुगमा अरु राजा हुन्याछैन भनी ब्राह्मणका ग्वालकन राजा तुल्याया. ग्वालका सन्तानले राज्य गरचाको राजाहरुको नाम. भुक्तमांग वर्ष ८८. ई राजाका पालमा श्रीपशुपतीनाथ प्रकाश भै श्लेस्मान्त वनमा विराजमान भैरह्या. नीत्य जाइ किरात रूप भै बस्न लाग्या.

अस्य पुत्र जयगुप्त वर्ष ९२. अस्य पुत्र परमगुप्त वर्ष ८०. अस्य पुत्र हर्षगुप्त वर्ष ९५. अस्य पुत्र भीमगुप्त वर्ष ८५. अस्य पुत्र मतिगुप्त वर्ष ८८. अस्य पुत्र विष्णुगुप्त वर्ष ९२. अस्य पुत्र क्षयेगुप्त वर्ष ८५. येती राजा सबै ब्राह्मणहरुका गाई पाली मातीर्थसमीपमा ठुलो गोसाला बनाई देवता प्रजा सबै रक्षा गरीरहदा भये ॥ ॥ येती ८ पुस्ता नेमुनी ऋषीले बसायाको ग्वालराजा हुन् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इनपछी क्षयगुप्त राजाका सन्तान भयेनन् र मधेसका अहिर् गोपाल्कन ल्याइ राजा गराया. राजाका नाउ वरसिंह वर्ष ७५. अस्य पुत्र जयमतिसिंह वर्ष ७५. अस्य पुत्र भुवनसिंह वर्ष ४५. येती गोपालहरुका राज्यभोग ज्मा वर्ष ८७०.

इ राजाका पालामा पुर्व दिशादेखी किरातीहरु आई गोपालहरुकन जिती नेपालका राजा भया. राजाका नाउं यलंव वर्ष ५० अस्य पुत्र पन्थी वर्ष ३५. इ राजाका पालामा कलीयुगको पाउले पृथ्विकन छोयो भनी चारै दिसाका ज्योतिषि पण्डितहरुले सुनाया. इ दिनदेखी सवै जीवाजन्तु पाप चेष्टाले संयुक्त भये. त्राहादेखी अघी देवताहरुवर्ष द्वापरयुगको शेष हो ॥ ॥

कलीयुगचरणत्रिपादमध्ये अगनैकपादेन सम्वंसो जात कलीगतवर्ष ५. अस्य पुत्र सकंद वर्ष ३८. अस्य पुत्र बलंव वर्ष २१. अस्य पुत्र हित्ती वर्ष १९. अस्य पुत्र हुमती वर्ष २१. इ राजाका पालामा पाण्डवहरु वनवास हुदा वनदेखी अर्जुन् आई किरातरूप महादेवसित युद्ध गरी शिव प्रसन्न गराया. अस्य पुत्र जीत्यदास्ति वर्ष ९. इ राजाका पालामा इ राजाले पाण्डवका कुरुक्षत्रमा जुद्ध हुन लाग्यो भनी अर्जुन्का हुकुंले धेरै सिपाहि लगी युद्ध गर्न गये.

अस्य पुत्र मलींग वर्ष ६१. अस्य पुत्र कुस्कं वर्ष ६९. अस्य पुत्र सुवेस्व वर्ष ४५. अस्य पुत्र पर्व वर्ष ४५. अस्य पुत्र पंच वर्ष ३७. अस्य पुत्र नेते वर्ष ४९. अस्य पुत्र लुके वर्ष ५३. अस्य पुत्र थारव वर्ष ३९. अस्य पुत्र थोको वर्ष ४०. अस्यपुत्र वमे वर्ष ४१. अस्य पुत्र गुंज वर्ष ३९. अस्य पुत्र फस्कं वर्ष ३५.

अस्य पुत्र केसु वर्ष ३१ येति किराति सबै राजा भयेपछी इन्का दर्बार गोकर्णभित्र अगं गरी बस्याका थिया. इ राजाका पालामा इन्का दर्बारसंधिमा धेरै जंबुक थिया र सर प्रहार गरी मार्दा जंबुकहरु भागी वाग्मतीका तीरमा गुप्तेश्वरका सरणमा जाई बडो थुंको बनाई लिंग छोपी बस्या र जंबुगदो भयो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी ई राजाका पालामा पश्चिमदेखी सोमवंसी राजा आई किराती सबै जिती नेपालभित्र पुलचोकमनी गोदावरीसंधी दर्बार बनाई बस्दा भया. किराति सबै भगाया. किरातिहरुले वर्ष १११८ सम्म भोग गरी माझकिरातमा वश्न गया. किरातीहरु भगायापछी सोमवंसी राजा भया. राजाहरुको नाउ नीमीक्ष वर्ष ४०. इ राजाले गाई ब्राह्मणको रक्षा गर्दै थिया. इ राजाका पालामा दक्षिण गोदावरीमा वगी लैगयाका स्मेर्नी सोठा झोली विभूतका गोला बघंबर तुम्बा ली कोहि एक जोगी गोदावरीमा पुग्दा स्मेर्नी आदी सबै बगाई ल्यायो र गोदावरी सत्य हो भनी जगाया ॥ ॥

अस्य पुत्र मताक्ष वर्ष ६१. अस्यपुत्र काकवर्मा वर्ष ७६.

अस्य पुत्र पशुपर्शदेव वर्ष ८६. ई राजाले ४ वर्ण बसाई श्रीपशुपतीनाथको लिङ्गाकार देवल बनाईराख्याको बिग्रो र पाच तले सुनको छाना बनाई चुडामणीसहीत गरी बसाया. कलीगतवर्ष १२३९ जादामा इन दीनदेखी श्रीपशुपतीनाथको देवल धेरै अग्लो हुनाले टाढैबाट मन्दीरको दर्शन हुन्या भयो ॥

अस्य पुत्र भास्कर वर्ष ८८. इ राजाले श्रीपशुपतीनाथका प्रसाद नित्य षाई भोजन गर्छन्. धेरै सिपाही साथ गरी चारै दिशा समुद्रान्त सेतबन्ध रामेश्वरसम्म जाई पाशुपतमन्त्र जगाई धेरै मुलुक जिती सुवर्ण आदि धेरै द्रव्य ल्याई श्रीपशुपतीनाथकन चह्राये ॥ फेरी श्रीपशुपतीनाथका पश्चिंमुखसन्धी धेरै ब्रांह्मणलाई तिन् मासपर्यन्त सुवर्णाहुती यग्य गरी धेरै खर्च गरी युग्मधारा सुवर्णादीले श्रीपशुपतीनाथकन स्नान गराई वाग्मतीमा बगाईदिया. सुवर्णपुरी नाम गरी ठुलो देश बनाई चारै वर्ण वसाई सुवर्णपरी नाम गराया ॥

फेरी ई राजाले सन्तान होस् भनी श्रीपशुपतीनाथसित मागी कोही एक क्षतृ सूर्यवंशी राजा गरी आफु सांत भया ॥ ॥ इ राजाका नाउ भूमिवर्मा वर्ष ७१. इ राजा गादीमा वस्दा कलीगतवर्ष १३८९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जादामा इ राजाले गोदावरीका दर्बार छाडी वानेश्वरसंधीमा दर्बार बनाइ वस्दा भया ॥

अस्य पुत्र चन्द्रवर्मा वर्ष ६१. अस्य पुत्र जयवर्मा वर्ष ८२. अस्य पुत्र वर्ष वर्म्मी वर्ष ८८. अस्य पुत्र सिद्धि वर्म्मा वर्ष ६१. अस्य पुत्र हरावन्त वर्मा वर्ष ८१. ई राजाले चागु, चैजु, इचंगु, शेषनारायण ई चार नारायण नित्य जाई दर्शन गरी धेरै दिनसम्म धाउदा एक दीनका रातमा जलसयेन आदीरूपी भगवान्ले स्वप्नामा दर्शन दिया. हे राजन् तिमी चैजुसम्म पुगनुपर्दैन. चैजुको साटो म हुं. मकन सतरुद्र पर्वत पैह्रो आईकन रुद्रमती आइ रुद्रमतीले छोपीराखेको धेरै दीन भयो. म विशालनगरका आदिरूपि हुं तसर्थ दुङ्गामाटो पन्छाई हेर भनी आग्या भयो र राजाले खनाउदा भगवानका नासिकामा ठक्कर लाग्यो र हेर्छन्ता श्रीजलसयेन नारायणको दर्शन भयो. नासिकामा चिन्ह अजतक छदैछ ॥ ई राजा खुसी भै नीलकण्ठका उपमाले भगवानका तलाउ बनाईदिया. येस दीनदेखी चार नारायण येही प्रसिद्ध हो भनी जगाया ॥ फेरी चार नारायणको देवल वनाईदिया. अघी चार नारायणको देवल थियेन ॥

अस्य पुत्र वसुदेव वर्मा वर्ष ६३. अस्य पुत्र पति वर्मा वर्ष ५३. अस्य पुत्र शिववृद्धि वर्मा वर्ष ६५. अस्य पुत्र संत वर्मा वर्ष ६१ अस्य पुत्र शिवदेव वर्मा वर्ष ६७. अस्य पुत्र वृषदेव वर्मा वर्ष ६१.

इ राजाले नित्य वज्रयोगिनीमा जाई भजन् गर्दै थिया. एकदीनमा आदीरूपि बौद्ध भगवानले दर्शन् दिया. हे राजन् म चाबेल्पोखरीमा बसेको धेरै दीन भयो. म पिङ्गला रानीले मैजुबहाल नाम नगर बनाउदा आई जाहा बसेको हुं. गमन मेरो धर्मदत्त राजाका पालामा शतरुद्र पर्वतदेखी हो. अब मकन तिमिले एक स्थानमा गणावर्णसहित गरी मन्दीर बनाउ. यो स्थान मेरो अती रमणीय हो. मेरा ई धन् सबै मन्दीरभित्र राखी बनाई मेरो नाउ धन्दौ भनी प्रख्यात होला ॥ फेरी ई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले सोहीबमोजीम बनाईदिया. फेरी ई राजाले विचार गरी ई नेपालका देवताहरू सब चतुक्रम गरी विराजमान हौ. बौद्ध मूर्तिले पनी विचार गरुला भनी गोदावरीसंधी जाई पंच बौद्ध एकमूर्ति गरी प्रकाश गराया ॥ बडेगाउ भनी एक सहर बनाया. इन दीनदेखी नेपालमा बौद्ध मूर्तिको प्रचार भो. स्येगु, खासाचित्, धण्डो, बडेगाउका देवता एती प्रसिद्ध भया. फेरी ई राजाका पालामा नेपालविषे जयेन्मार्गले सबै धर्मविधी छोपी चलन भयो. बौद्धाचार्यहरुले नैऋत्यकुण्डसमीपमा एक पिंबाहाल् बनाई हदत्त वृष साधना गरी अक्षय भडार गरी नित्य भोजन गरी उचीस्त सबै जम्मा गरी राखी साझकालमा श्रीपशुपतीनाथकन उचितेश्वर भनी जुठो सबै आफल्दछन्. प्रातकाल भयापछी जुठो सबै पन्छाई आफैले पुजा गरी रहन्छन्. जैनहरुले पुजा यस्तै रीतले गर्छन्. यस्तै रीत गरी श्रीपशुपती कष्ट गरी नित्य जुठो फाली धेरै दीनसम्म यस्तै थिया ॥ फेरी चोभारका देवता ल्याई श्रीपशुपतीनाथमा प्रतीवर्ष रथजात्रा गरी सबै नेपालभरमा क्रियाकर्म चलान् गर्न्या बौद्धाचार्य भैगयो ॥ जयन्मार्ग श्रेष्ठ भनी धेरै दिन बित्यो ॥

त्राहापछी श्रीपशुपतिनाथले मनमा विचार गरीकन मलाई कष्ट गरचो भनी आफ्ना एक अंश जाई दक्षिण दिशामा बालविधवा ब्राह्मणीदेखी विना पुरुषसंयोगले जन्म ली श्रीशङ्कराचार्य अवतार गरी नेपाल आया. ई शङ्कराचार्य जन्मदेखी षटसास्त्र पुर्ण भै जन्मेका हुन्. माताका गर्भमा बस्दा गर्भदेखी बोली ल्याई माताकन बचाया ॥ शङ्कराचार्य आउदा ज्ञानेश्वरसंधिमा बाटोमा आउदा देवीकन भेटी वर्दान पाई चौकी जिती प्राप्त भया. ई शङ्कराचार्य आउदा गङ्गोत्तरीको यमुनाको गमन् जहासम्म छ. ताहासम्म जाई गङ्गोत्तरीमा महादेव स्थापना गरी आउदा वर्ष २०० गयापछी आयाका हुन्. त्राहादेखीउप्रान्त शङ्कराचार्य स्वामी आईकन हेर्दासमयेमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतीनाथकन जयेनमार्गले पुजा गर्न्यहैन भनी कोही देसी विदेसीले भन्याको पनी नमानी श्रीसरस्वतीदेवीकन कलसमा साधना गरी पर्दाभित्र राखी वादविवाद संवाद गराई सबै सुजन्हरु भगाई राखदावेलामा श्रीशङ्कराचार्य स्वामी आईकन दक्षिण दर्वाजाभित्र गई हेर्दा कपर्कोट स्वामीले आफालिदियो र कलसमा साधना गरी राखेको सरस्वतीकन विसर्जन गरी बौद्धाचार्यहरु समाती राखी सास्त्रार्थ गरी सास्त्रले जितीकन बाडाहरु सबैलाई सास्ति गरी राखदा कोहि भागी गया कोहि समाति मारचा ॥ फेरी स्वामीले पनी श्रीपशुपतीनाथका पुरीमा बौद्ध मत खण्डन गरी आफ्नो मर्यादा राखी श्रीपशुपतीनाथकन वहुतै खुस् गराया ॥ इन् दिन्देखी श्रीपशुपतीनाथका पुजाहारी दक्षिणी ब्राह्मणविना अरुलाई नलाउने रित चलाया. अद्यापि छदैछ ॥ फेरी ई स्वामीले वज्रयोगिनी आदी नेपालमा बौद्धमार्ग नास गरी शिवमार्गी विश्नुमार्गी तन्त्रमार्गी प्रसन्न गराया ॥ आहापछी कोही पीठमा वाग विना नहुन्या काममा बाडाका कुल धर्मनास गरी अहिंसा परधर्म भयेका यस्तालाई हिंसा गराया. आफुले सबै देवताका पीठमा जाई दिग्विजय गरी उत्तर ल्सामा मात्र बाकी राखी दक्षिण समुद्रका तीरमा बस्न गया ॥ इन् दिनदेखी जयेन्मार्गीहरु कोहीकोही मात्र थिया र मार्ग समभाग अद्यापि छदैछ ॥

वृषभदेवका पुत्र शंकरा{चा}र्य हुदावेलामा जन्म भयो भनी कहिन्या नाम चलाया. शङ्करदेव राजा वर्ष ६५. इ राजाले कष्ट पाई श्रीपशुपतीनाथका उत्तर भागमा मनबेगी लोहाका त्रिशूल ठूलो बनाई चढाया ॥ फेरी राजेश्वरीसंधीमा कूपविषे पूर्वजन्मको छाजा हुन्थ्यो र पछी रहन्या राजाप्रजाहरुकन कष्ट होला भनी कूप सबै पुरी अग्रभागमा साश्रां पास जातीस्मरण नाम गरी ठुलो महादेव किरातेश्वर स्थापना गरी फेरी श्रीपशुपतीनाथका पश्चिम् दर्वाजाभित्र नन्दी मूर्ति बनाई चढ्राया. इन दिनदेखी शिवका र नन्दीका गणदोष निवारण भैगयो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य पुत्र नामदेव वर्ष ४९. अस्य पुत्र अस्य पुत्र महादेव वर्ष ५१. अस्य पुत्र वसंतदेव वर्ष ३६. इ राजा गादिमा बस्याको वर्ष १५ जादा कलीगतवर्ष २८०० भैगयो ॥

दसवर्षसहस्राणी विश्नुनामनि गोचरे ॥
तदर्धं जान्हवीतोयं तदर्धं ग्रामदेवता ॥ १ ॥

यो नेपाल देवपुरी हुनाले भविष्यपुराणका शिलोकभन्दा ३०० वर्ष अधीक सभाषन भैगयो. इनपछी वडो कष्टले मात्र हुन्या भयो ॥

अस्य पुत्र उदयदेव वर्ष ३७. अस्य पुत्र मनदेव वर्ष ३५. अस्य पुत्र सुनकावदेव वर्ष ३०.

अस्य पुत्र शिवदे[व] वर्ष ५१ इ राजाले बानेस्वरका दर्वार छाडी देउपाटन् सहरमध्ये ठुलो नौ तला गरी कोट बनाई बस्दा भया. यो दर्बारमा शतरुद्र पवर्त जाई भ्रकुं भनेको नृत्यनाथ ल्याई पशुपतीनाथका पश्चिम् भागमा बसाया. ई नृत्यनाथ बडा प्रत्यक्ष हुन्. फेरी ई राजाले नौ तरहका टोल बनाई नवटा गणेश बसाया. फेरी पूर्व दिशामा भीमेश्वरदेखी भीमसेन आवाहना गरी पशुपतीनाथका पश्चिम भागमा बसाया. फेरी आफु बस्याको कोटसंधी भैरवसिला गोलमूर्ति स्यूंपुरीदेखी मगई देशरक्षानिमित्त बसाया ॥ अदितीशिला नाम प्रजाहरुका रिन सबै तिरी पुन्न तौली हेर्नानिमित्त मगायाको शिला भैरव बनी गयो. फेरी देवताहरु ४ गणेश ४ भैरव ४ नृत्यनाथ चार महादेव चार कौमारी चार खण्डीत वौद्ध चार गगनचारी ४ अन्धचतुष्पठभूत मूर्तिले संयुक्त गरी चतुर्मार्ग पुर्णकलस लक्षणक्रम साधना गरी नौवाला नाम गरी बसाया. फेरी देउपाटनमा आवर्ण देवता टोलप्रती आगम तुल्याई शिवमूर्ति बसाया ॥ अकालमृत्युहरणनिमित्त महामृत्युञ्जय जगाया. फेरी इश्वरी पनी टोलका प्रथम गरी जगाया ॥ ढोका इनार धारा नृत्यनाथ डबली टोल इश्वरी आगम गणेश येती नौ प्रकार संयुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी गुल नाम गरी येस सुवर्णपूरमा नेपाल यो कर्म गरी बसाया ॥ फेरी धर्मदत्त राजाका पालामा देवताका सत्य पाई युद्ध गर्दा दातमा अड्क्याकों झिकन लाग्याको ध्यानले गुप्त गरी अरण्यभित्र विराजमान भयाका श्रीवनकालीकन प्रकाश गराया ॥ फेरी तेहीसंधीमा त्रिनेत्र गरी ठुलो कायाले संयुक्त गरी बनाई वनविनायक स्थापना गराया. फेरी ई राजा महाग्यानी हुनाले इ नगरभित्र अघीका चैत्य मूर्ति कहि गुप्त गरी राख्याको पनी खोजीकन देस उत्तरपट्टी सारीदिया र यो नगरका प्रजाहरु खुसी गराया ॥ बडो ठुलो नगर बनाई बसाया. फेरी प्रजाहरु मरण हुदा वेलामा मृतकमार्ग बनाई लैजाई वज्रेश्वरी पूर्व भागमा वाग्मती तीर जातविशेसका स्मसान बनाई जलाया ॥ फेरी यो देवी देशको पीठ हो भनी पिसाचचतुर्दशीका दिन सबै प्रजा ज्मा गरीकन देवीका आज्ञावमोजिम्ले गरी देवीवादे बनाई प्रतिवर्ष देश घुमाई रथयात्रा गराया ॥ फेरी द्वादशीका दीन चतुर्वर्ण ज्मा पुजा महिषबली त्रयोदशी कौमारीगणभोजन् चतुर्दशी देसमध्ये महादेवस्थापना प्रतिखण्ड रात्रिभर अग्नि जलाई यात्राकर्म संयुक्त गराई देवीका रथले देश प्रदक्षिणा गराया ॥ फेरी नेपाल पीठ् वछला मूल मूर्ति हो भनी श्रीपशुपतिनाथका सेवा गरी श्रीपशुपतिनाथ खुसी गराया. श्रीपशुपतिनाथकन पताल चह्राई आफ्ना दर्बारसम्म ल्याई बाधी चार दीन राखी विसर्जन गरी वछलापीठमा विधि कर्म गर्नु. नित्य कोटेश्वरका देवता पीठरुप अष्टदिव सादि अघि श्रीपशुपतिनाथले निमन्त्रणा गर्न पठाई प्रेतचतुर्दसीका दीन कौमारीगण पुग्न आवाहन गरी देवीका स्थानमा वसा भुवनेश्वरी जयवागेश्वरी वछला आदी अनेक पीठका आभरण गरी आचार्यहरु अधिकारी कर्म स्थापना गरी देवीका आग्याले कर्म सास्त्रोक्तमा विसङ्गष्ट विधिले नरबली नरसिवा कोलाहल गरी तृवाहन देवी प्रमाण पुजा गरी नरमांस मातृका कर्मले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणभक्षल संतुष्ट गरी विसर्जन वेलामा अनेक दक्षिणा वस्त्र सन्मान दी प्रतिवर्ष चलाया ॥ फेरी क्षेत्रपालेश्वरीकन त्रिविधादी अनेक द्रव्य धेरै मगाइ आचारहरुकन भूगोल पीठका मन्त्र जगाइकन नेपालरुपि देवता आवाहना गरीकन द्रव्य विषेष विधिले प्रतिवर्ष देवी आदी सवै पीठकन संतोष गराया ॥ इतिकारणात् नेपाल पीठ नाना द्रव्य बलीदानविधि प्रसस्त भैगयो ॥

फेरी इ राजाका सोपनातीर्थका समीपमा एक सिद्ध आई नित्य सोपनातीर्थमा स्नान गरी जान्छन् भनी सुनाये र राजा आफै जाई हेर्न जादा भयङ्कररूप एक जोगी देखेर तिन्को ठुलो प्रार्थना गरी ल्याइ ताम्रेश्वरसंधीमा ल्याई बसाया. राजाले जोगीसग मतो गरी ग्रामदेवी जयवागेश्वरीकन सान्ति गरी चित्रकारी मगाई अनेक विधि जीवंन्यासमये विधि कर्म गर्दा वेलामा सिद्धले राजाकन सुनाया. म दुर्वासा अंस हुं भनी सुनाया. देवीकन बडो प्रवर प्रत्त्यक्ष गरी भैरव नौलीङ्का पनी चञ्चल मूर्ति स्थीर गरी बसाई आदी गुज्ये गजकर्ण मूर्तिसहित प्रकाश गरी बसाया ॥ फेरी ई राजा र जोगी जाई वज्रयोगिनीमा पनी यही विधिक्रमले बडो संकष्ट गरी देवीकन चित्रकार जीवंन्यासविधि जगाई जोगी तपोवन्मा बस्दा भया ॥ इनपछी ई राजाले ई चित्रकारविधि कुकर्म हुनाले प्रतिवर्ष कष्ट होला भनी द्वादसाब्द गरी चलाया. फेरी ई राजाले मेरा गुरुका आश्रम हो भनी ताम्रेश्वरमा धर्मसालाहरु बनाई महादेवकन नित्यार्चन गराया ॥ इ राजा बडो पुरुषार्थि हुनाले धेरै वर्षसम्म भोग गरी सांत भया ॥

अस्य पुत्र नरेन्द्रदेव वर्ष ४२. अस्य पुत्र भीमदेव वर्ष ३६.

अस्य पुत्र विष्णुदेव वर्ष ५१. इ राजाले वछलापीठमा नरबली प्रतीवर्ष कष्ट भनी देवीकन सान्ति पुजा गरी युग्म शुद्ध छागबलीदानले प्रतिवर्ष काम चलाया ॥ नरसिवा कोलाहल शब्द गरचाको ई राजाले हेर्न जादामा हास्ठट्ठा गरी बस्दामा नरसिवोले राजाकन समातन गयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र राजा खुसी भै नरसिवोकन धेरै बिर्ता दिया ॥ अबतक छदैछ. फेरी इ राजाले ग्रामदेवी जयवागेश्वरी मानसरोवरदेखी शिला नदी तरी नेपाल आयाको दीन विचार गरी वैशाखको चण्डिपुर्णे ठहराई तस् दीनमा देवी प्रसन्न गराउनाका निमित्त कौमारीगण बसाई अनेक यज्ञादी क्रियाकर्म गरी बलीदान दीत्रानिमित्ये नवदुर्गा बसाई बाह्याभ्यांतर कर्म प्रतिवर्ष चलाया ॥

इ राजाका संतान भयेनन् र पुत्रीकन एक शुद्ध वर्ण वैस्य ल्याई अशुवर्मा राजा नाम राखी कन्यादान दी राजा तुल्याइ आफु सांत भया ॥ अशुवर्मा वर्ष ६८. इ राजाले देउपाटन्मध्येका दर्बार छाडी मधेलसुस्थानमा जाई बडो सुन्दर रमणीय धेरै चोक संयुक्त गरी दर्बार बनाई बश्न गया. आफ्ना काजीहरु पनी तहीसंधीमा घर बनाई बसाया. इ राजा बडो चञ्चल महा भयंकर ताम्रमूर्ति पुरुषार्थी भयाका इ.राजा प्रयाग तीर्थ जाई प्रयाग तीर्थ भैरवकन याथाकर्मले विधान् गरी डाकी ल्याई आफ्ना दर्बारसन्धी बसाई भैरव खुसी गराउनानिमित्त वर्षप्रती आहुती गरी बसायाको अबतक छदैछ. इ राजाका पालामा देवताहरुले प्रत्यक्ष देखाउदै थिये. आहादेखी देवताहरु सबै स्वये २ स्थान गरी लोप भये ॥ ॥

अस्य पुत्र कृतवर्मा वर्ष ८७. अस्य पुत्र भीमार्जुन वर्ष ९३. अस्य पुत्र नन्ददेव वर्ष २५. ई राजाले विक्रमसम्वत् अघी नचल्याको चारै दिशामा पूर्वकंथा सुनी चलाईदिया ॥

अस्य पुत्र वीरदेव वर्ष ९५. इ राजाले ललीत भन्याको कोही एक घासी दर्बारको नजीक सधै आइ घास काटी लान्थ्यो र तेस्को लक्षण विचार गरी घासी डाकी मित्रता गरी धेरै धन खर्च गरी वाग्मतीपार ललीत पठाये. तिन्ले सुसायत पारी ललीतापाटन् नाउ गरी ठुलो सहर बनाया ॥ २४ हजारको सहर बसायापछी नगरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षण विचार गरी पाच थुंम्की बन्यो ॥ केही कालपछी आफ्ना परीयार सबै तेही ललीतपाटन्मा वश्न गया ॥

अस्य पुत्र नरेन्द्रदेव वर्ष ९८. इ राजा गादीमा बस्दा कलीगतवर्ष ३६९५. इ राजाका पालामा गोरखनाथ आई मृगस्थलीमा नव नाग आकर्षण गरी आसनतल राखी तपस्या गरीरहदा नेपालमा अती अनीकाल भयो. मेघ सुन्न्य भैगयो र अव कसो होला भनी ज्योतिषी पण्डीत ज्मा गरी राजाले सोध्या र सुजनहरुले बताया. हे महाराज कामरुपीठदेखी मछीन्द्रनाथ बुझ्काई नेपालमा ल्याउन सक्यादेखी गोरखनाथ उठी जालान् र यत्न गरुला भनी भन्या र बन्दु नाम गर्‍याको कोही एक पुरुषार्थी एक बौद्धाचार्यकन गुरुपदवी{दि}कन कामरुपीठ जाई बडो कष्टले मछिन्द्रनाथ बुझ्काई नेपालमा ल्याया. तेस्वेलामा गुप्त विधी गरी पूर्णचण्डी तीर्थ आदी आवर्ण देवताहरु पनी ल्याई बसाया. त्राहापछी गोरखनाथले मछीन्द्रनाथ आया भनी पञ्चकौमारीका मूखदेखी सुन्या र मेरा गुरुका दर्सन गर्न जान्छु भनी उठदा नागहरु स्वस्थानमा गया ॥ तेस् दिनदेखी वर्षा प्रसस्त भयो. ई राजाले मछीन्द्रनाथ ठुलो सहकालका देवता हुन् भनी अनेक विधि कर्म (ग)री मछिन्द्रनाथ खुसी गराई प्रतीवर्ष रथयात्रा गराया ॥ देस घुमाई सबै देवता राखी रथारोहण गर्दा वेलामा वायुदेवताले विलंब गरीरहदा गोरखनाथ आई तत्कारण गरी रथयात्रा गराया. वायुदेवता वश्न पायेन्न्. गोरखनाथले इ मेरा गुरु याही बस्या भनी आफुले पनी देश उत्तरपट्टी स्थापनासन बनाई बस्दा भया ॥ मछिन्द्रनाथ डाकन जादा मछिन्द्रनाथले भने. नेपालमा सहकाल गर्नलाई श्रीपशुपतीनाथ खुसी गराउनु. आकाशपातालत्रिभुवनपर्यंतका देवताहरु सबै तिनैका हुकुंमा बस्दै थिया. वैशाख महिनामा ब्राह्मणद्वारा आर्यातीर्थका जल अभीषेक गराव वर्षा ठुलो होला भनी आज्ञा (भ)यो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत श्लोकेन कथयती ॥

अथोवाच मछेन्द्रेण नेपाले वासिजं तव ॥
मृत्यूजपापविप्रेश्च वैशाखे चाभिषेषणा ॥ १ ॥
मिलित्त्वा सर्ववर्णानी दुर्भिक्षहरणं भवेत् ॥
गृह्रा ते जलमध्ये च काले वर्षति सर्वदा ॥ २ ॥

वैशाख महिनामा जल चह्राउनु इन दीनदेखी भैगयो ॥ इ धर्मले वर्षा शफल हुन्छ ॥ मछिन्द्रनाथका रथजात्रा भयाका वर्षैमा चोभारका देवताको रथजात्रा देउपाटन्मा प्रतिवर्ष भैरह्च्याको जात्रा गरी फर्कदा दानगाल खोल्सीमा रथ बुडीगयो. देवता मात्र बुडेनन्. देवता मात्र लगि स्वस्थानमा राखीदीया ॥ तस दीनदेखी चोभारको रथयात्रा बन्द भैगयो.

मछिन्द्रनाथ आयाको संख्या ॥
अतीतकलिवर्षेषु स्वादस्वर्गरसाग्निसु ॥
नेपाले विजये श्रीमान्नार्यावलोहितेश्वर

३६७६. मछिन्द्रपुर नाम एक देस बनाई यथाकर्मले बसाया. महीना ६ ललीतपूरमा देवालय बनाई बसाया. सदासर्वदा सदासर्वदा यै रीत भैगयो ॥

अस्य पुत्र वरदेव वर्ष २३. इ राजाका पालामा भैरगपाको हरीसिद्धिका नाच बंद भैरह्च्याको बंदुदत्त बुझाई प्रकाश गराया. इ राजाका पालामा शंकराचार्य स्वामी पुनर्वार आई आफुले राखीगयाको हिन्दु धर्म प्रसस्त भैरह्च्याको हेरी फर्किगया ॥ इ स्वामी आउदा जन्म भयाका पुत्रकन आदे कथा सुनी कहिन्या नाम राखीदिया.

अस्य पुत्र शंकरदेव वर्ष १२. अस्य पुत्र धर्मानदेव वर्ष १२. अस्य पुत्र जयदेव वर्ष १५. अस्य पुत्र आजाजल वर्ष १७. अस्य पुत्र विक्रमदेव वर्ष १२.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य पुत्र गुनकामदेव वर्ष ५१. ई राजाले महालक्ष्मीका सेवा व्रत गरीरहदा राजाकन सपनामा महालक्ष्मीको आज्ञा भयो. हे राजन् तिमीले एक सहर बनाउ. काहा भन्या परापूर्वमा नेमुनी ऋषिले तपस्या गरीगयाका स्थानमा वाग्मतीको र विश्णुमतीको सगंमध्येविषे कांटेश्वर बस्याका छन्. तेही स्थानमा नित्य इन्द्रादी देवता आई अनेक पुराण सुनी जान्छन्. त्यो दुर्लभ स्थान हो. तेसै स्थान गरी कान्तीपूर नाम देवीखड्गाकारले एक सहर बनाई यस् सहरमा नित्त्ये लाख रुपिञाको कारोबार हुनेछ. यती भयासम्म पनी सहरै बसौला भनी आग्या भयो र इ राजा खुस् भै सुसायत् पारी १८००० को सहर बसाया. कलीगतवर्ष ३८२५ जादामा करवीर दिसुसंधी स्मसान पनी यथाक्रमले बसाया. फेरी चण्डेश्वरी ल्याई देशमध्ये रक्षाकार गरी बसाया ॥ फेरी देशपूर्वपट्टी नीलपीठ काली जगाई देश रक्षाका निमित्त लुमडी नाम गरी बसाया. येही क्रमले देशपश्चिमपट्टी विश्नुमतीका तीरमा रत्नकालीकन कंकेश्वरी जगाई देशका वाभ्यांतर गरी नवदुर्गा २ गण जगाई देसदक्षिणका मूल क्षेत्रपाल पचली भैरवकन जगाया. देशउत्तरपट्टी रक्षाकारी इन्द्रायणी युग्म लुटी पीठ मनामयेजु पीठ विजेश्वरी आकासवाणीसहीत गरी जगायाइ विजेश्वरी आकासवानी देवी परापूर्वमा ब्रह्मपुत्र उडी जाई देवी तारा जोगिनिमा मिलन गयाको हो. फेरी लोकेश्वरको जात्रा बनाई चलाया. फेरी सहरउत्तरभागमा गोल गरी ठवहील नाम ग्रां बसाया. ठवहीलका देवता ७०० बनीयामा एक बची आयाको हो. इ राजाले धेरै सिपाहि संग गरी चारै दिसामा लडाञी गरी जिती धेरै धन ल्याई श्रीपशुपतीनाथकन सुवर्णका धारा बनाई सुवर्णमिश्रित जलले एक पक्षसम्म नित्त्य अभीषेक गरी अखण्ड जात्रा गरी धर्म चलाया ॥ फेरी वाशुकीमा श्रीपशुपतीमा अघीका छाना ब्रिग्यो र तावापत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्ले खचीत गरी छाना वनाई चह्राया. फेरी धन धैरै बाकी रह्याको इन्द्राचलभित्र कोठा वनाई वाउन्न कोटी कोठामा राखी वालसुकीकन भडार सौपीदिया ॥

इ राजाले दुवै सहरको भोग गरीरहदा एक दीनमा स्वप्ना भयो. स्कन्दस्वामी कुमार आईकन आग्या भयो. हे राजन् तिमीले यो नेपालपुरीको भोग स्थीरनिमित्त सवै कुमारहरु ज्मा गरी कंकेश्वरी कालीकास्थान जाई एक पक्ष सिठी सष्ठीसम्म नित्य ढुङ्गाले प्रहार खेलाई राख्या म अती खुसी छु. प्रजाहरुलाई पनी परचक्ररिपुनाश होला. मकन मेरा पिताले वालपनामा ज्येष्टमास प्रारम्भ गरी सिठी षष्टीसम्म खेल सिकायाको हो भनी स्कंदस्वामीले स्वप्ना दिया. इ राजाले स्वप्ना देख्या र इस्वरका आग्या हो भनी बालखहरु ज्मा गरी वर्षप्रती प्रहार गराया.

अस्य पुत्र अस्य पुत्र जोगदेव वर्ष ८: अस्य पुत्र लक्ष्मीकामदेव वर्ष २०.

अस्य पुत्र जयकामदेव वर्ष २०. इ राजाले आफ्ना बाजेका धर्मरक्षानिमित्त अनेक नागादीचौरभयनासार्थ बालसुकी जगाई शास्त्रमर्यादा गरी ततोमसी ततोभ भनाई बाजा वजाईकन सब देवतालाई नौबाजा चह्राया. इन दिनदेखी चौरादीदुष्टभय हरायो ॥

इ राजाहरु सबै स्वकुलमा उत्पन्न भयाका निमित्त पुरुषार्थ ठुलो हो. इन्का सन्तान भयेनन् र नुवाकोट पर्वतवासी वैस्यहरु ल्याई नेपालमा राजा तुल्याई गया. राजाका नाउ भास्करदेव वर्मा वर्ष १३. अस्य पुत्र बलदेव वर्मा वर्ष १२. अस्य पुत्र दमदेव वर्मा वर्ष ११. अस्य पुत्र नागार्जुनदेव वर्मा वर्ष ३.

अस्य पुत्र शंकरदेव वर्मा वर्ष ११. इ राजाले दुवै सहरका गुरुप्रोहितका आग्याले कुलदेवता स्थापना गराया. पाटन्मा अग्निकुण्ड कांतिपुरमा तानी देवता एती कुलदेवता स्थापना गराया ॥ ई देवीका गजुर नघाई उचा घर नवनाउनु भनी कितापं गरीदिया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी इ राजाका पालामा अघी विशालनगरमध्ये स्थानमा शंकराचार्य स्वामिले गरचाका रिसले बाडाहरु सहस्र मिली सात सये ७०० मारचा र ७०० ब्राह्मणीहरु सती जादा श्राप गरी गये र १००० एक हजार बाडाहरु भस्म हुदा पनी सन्तोष भयेन र सतीहरु जागी त्यो बाटामा कोही जान नसक्दा ठुलाठुला पण्डितहरु ल्याई नन्दी आवाहना गरी शिव स्थापना गराया. शांतिनिमित्त शिवको नाउ सांतेश्वर नंदी विनाब्रह्मशक्ती कष्ट भनी नन्दी आवाहना गर्नाले शिवको नाउ नन्दीकेश्वर भयो. नन्दी नाम गरचाका ब्राह्मण विशालनगरमा सिद्ध भयाका. तोपतादेवताले स्थापना गरचो. रन्दीकेश्वर नाम रह्यो.

फेरी ई राजाले दुःखसांतिनिमित्त नवसागरभगवतीकन प्रेतचतुर्दसीका दिनमा विधीपूर्वक कर्म गरी प्रतीवर्ष रथजात्रा गराया. इ भगवतीका अघीका मूर्ती अती उग्र भयो र खाडलमा राखी ढुंगाले छोपिदिया. ई भगवती विश्वकर्माका अवतारले बनाईदियाको हो ॥ ई नन्दीदेखी इ मार्ग सूक्ष्म भैगयो. ७०० ब्राह्मण मारचापछी बाकी रह्याका ब्राह्मण सबै देउपाटनमा जाई झंकेश्वरीसंधीमा नौ चौक भयाका घर बनाई बस्ता भया.

येती वैस्य राजा भैरहदा समयमा कोही अघीका नेपाली राजाका सन्तान शुद्ध क्षत्री जात्ले दुई सहर ललीतपुर कांन्तीपूर कांन्तिपुरका मुख्य २ मानिसंहरुसित भेट गरी ठुलो सल्लाह गरी वैस्यहरु सबै लगारीदिया. आफु दुवै सहरको राजा भैरह्या. इ राजाका नाउ वामदेव वर्ष ३. वैस्य राजाहरु भागी नुवाकोटमा जाई बस्या.

अस्य पुत्र हर्कदेव वर्ष १५. अस्य पुत्र सदाशिव वर्ष २१. इ राजाले दुवै सहरका नगीच गरी पर्वत भाग नैरित्य कोना पारी ठुलो एक सहर बनाया. सहरको नाउ राख्न विचार गर्दा अघीका जुगमा इनै स्थलवासी गुवारका गाई चह्राई नित्य दुद चुहाई पशुपतीनाथकन प्रकाश गराउन्या थान हो. इन्का कीर्ति ठुलो छ भनी ठहराई किर्तिपूर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाउ गरी सहर बसाया ॥ केही दीनपछी इ देसवासी गोठालाहरु खेल्न जादा माटाको १ व्याघ्र मूर्ति बनाई खेल्दा श्रीवागभैरव प्रादुर्भाव भयो. वागभैरव भनी अवतक छदैछ ॥

फेरी ई राजाले चारै दिशा जाई लडाई गरी जिती धेरै धन ल्याई श्रीपशुपतीनाथका अघीको सुनको छाना बिग्ग्रो र धेरै सुन राखी तीन तला सुनको छाना राखी बनाईदिया कलीगतवर्ष ४०११ मा.

फेरी ई राजाका पालामा अघी नभयाको लोह ताम्र मिश्रित गरी सिंहछाप राखी चकी बनाइ चलन गराया.

अस्य पुत्र नामदेव वर्ष १०. अस्य पुत्र नरसिंहदेव वर्ष २२.

अस्य पुत्र नन्ददेव वर्ष २१. इ राजाले देउपाटन्का सनन्दाचार्य ॥ नाउ गरचाका आचारसित मतो गरी श्रीभुवनेश्वरीका अधीन भयेको बाह्याभ्यंतर भागा नीगम् तीन पत्र कोठा गरी अधीकारीजनले मात्र प्रवेश कर्म गरी चलाया.

अस्य पुत्र रुद्रदेव वर्ष १९. अस्य पुत्र शिवदेव वर्ष २१.

अस्य पुत्र अरीदेव वर्ष २२. इ राजाले मल्लखेल सिकीरहदा पुत्र जन्म भयो र मल्ल पद्वीकन राखीदीया.

अस्य पुत्र (अ)भये मल्ल वर्ष १९. अस्य पुत्र २ जेठा जयदेव मल्ल वर्ष १३. कान्छा आनन्द मल्ल वर्ष ३५. इ राजाका पुरुषार्थ दुवै सहरका भोग गर्थ्या र इ राजा आनन्द मल्ल बडो पुरुषार्थी ग्यानी हुनाले दाजुका दुवै सहर भोग गराई आफुले नेपालका पूर्व भागमा जाई अन्नपूर्णदेवीकन काशीदेखी आवाहन गरी ठुलो भक्तीले संयुक्त गरी सुसायेत् पारी अघी ग्राम मात्र भैरह्याका ग्रामकन कलीगतवर्ष ४१९७ जादा भगतपूर सहर बन्यो. भक्तपूर नाम गरी भैरवथानकन देशमध्य पारी १२ हजारको सहर बसाया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी ई राजाले दाज्यूका बरोबरै गरुला भनी सहरका पूर्व भागमा पर्वतभित्र जाई श्रीचण्डेश्वरीको आग्या पाई वनेपूर नाम गरी देशहरु ७ गोटा ठाउठाउमा बसाया. चण्डेश्वरीका पीठसंधी वनेपा नाम गरी बसाया. कोही ग्राम शास्त्रप्रसिद्ध नेपालका प्रयागतीर्थसंधी पनौती कोही ग्राम नालाभगवती नाला संयुक्त कोही ग्राम नारायणसंधी धौखेल कोही ग्राम धनेश्वरसंधी खडपु कोही ग्राम चौवेरा ८ ऋषिका आश्रमसंधी चौकोट् कोही ग्राम नासिकापीठसंधी सागा एती सात प्रकारका सहर बनाई भक्तपूर आई सब लक्षणक्रमले दर्बार बनाई रहदा वेलामा नवदुर्गागणहरूले संकेतक्रमले राजाकन देखाया र राजाले यथाक्रमले नेम गरी देश बाह्यांतरक्रमले देवीहरुकन बसाया.

आ(न)न्द मल्लको भोगवर्ष ३५. इ राजाका पालामा कोही एक भक्तपूर वासीले राजाकन सुवर्णकर्षान्वेला बतायो र राजाले सबै तीर्थ सुनी प्रजाहरुकन गुप्तले अर्थ बताई पठाया. भरीयाहरु जाई आग्यावमोजिम जाई भद्रमतीको र विश्नुमतीको सङ्गममा लखूतीर्थमा जाई राजाका हुकुंवमोजिम धेरै जना भरीयाहरुले वालुवाको भारी बोकी ल्याया. बोकी आउदावेलामा बाटोमा कोही एक साख्वाल नाम सूद्र जाती महाजन कान्तीपूरवासीले वालुवा भारी देख्या र भरीयाहरुकन बुझाई वालुवा भारी सबै आफ्ना घरमा लग्यो. भरीयाहरुकन धेरै खाजा दी पठायो. फेरी फर्की ताहाको वालुवा लीन जादा सुवर्ण सिद्धू सायत टरीगयो. तसर्थ साख्वालले बाहेक अरु जात भरीयाहरुकन पनी थियेन. पछी लीन गयाका वालुवा भारी सबै भक्तपूरका राजधानीमा पुराया. वेला टर्नाले वालुवा उसै रह्यो. साख्वालका घरमा वालुवा चौथा दीनमा सुवर्णसिद्धभै गयो ॥ उप्रान्त साख्वाल वडो ग्यानी हुनाले सुवर्ण सबै खर्च गरी नेपालका सबै जनाको साहु तिरी संवत फिरायो. नेपालसंवत् भनी नाउ राखी दियो. आफु श्रीपशुपतीनाथका दक्षिण दर्वाजामा जाई सिलाका मूर्ति बनाई प्रादुर्भाव भै उद्धार भैगयो नेपाल संवत् १० शाके ८११ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रश्च सोमवसुसंमितशाकवर्षे
तच्छावणस्य व{ध}वले मुनीतिथ्यधस्तान् ॥
स्वातौ शनैश्चरदिने रिपुमर्दलग्ने
श्रीनान्यदेवनृपतीर्विदधीत राज्ये ॥

ई जयदेव मल्ल आनन्द मल्ल दुई भाईका पालामा दक्षीण कर्णाटक देशदेखी नान्यदेव राजा आई नेपाल प्रवेश भया. ई राजाले शाकेसंवत ल्याई चलाया. ई राजासीत सिपाईहरु पनी धेरै थिया. नायेर भन्याका देशवासी नेवारहरु भया. ब्रह्मपुत्र क्षत्री मानीदेखी उत्पन्न भयाका जात आचारहरु अनेक जात सङ्ग गरी दुइमाजुदेवी श्वेष्टदेवतासहित गरी आई नेपालका राजाहरुसित लडाई गरी जिती राजा भगाई आफु भगतपुरमा वसी तीन सहरको राज्य गर्दा भया. केही दीन मल्ल राजाहरु भागी तिह्रौतमा बश्न गया. इ नान्यदेव राजाको भोग वर्ष ५०.

अस्य पुत्र गांगदेव वर्ष ४१. अस्य पुत्र नरसिंहदेव वर्ष ३१. अस्य पुत्र शक्तीसिंहदेव वर्ष ३९.

अस्य पुत्र रामसिंहदेव वर्ष ५८. इ राजाका पालामा कलीगत ४३५९ मा पश्चिमदेखी मकुन्द सेन् नाम गरचाका बडा वीर राजा आई सवा कोटी लस्कर सिपाहि साथ गरी प्रवेश गर्दावेलामा नेपालका राजाहरुसित ठुलो लडाञी गरी सबै लस्कर जिती मारी भगाया ॥ सबै सहरमा दलमल गरी मुला उखेली खाडलमा हाली धान् काटी कुनियो लाई ठाउठाउमा देवताहरु तोडी मछिन्द्रनाथका रथका अगाडीका भैरव उखेली आफ्ना स्वदेस पाल्पा बुटौलमा दी पठाया. अद्यापि छदैछ. खस् मगरहरुसग दया नहुनाले नेपालमा धेरै अकिर्ति गर्दा श्रीपशुपतीनाथ आदी सबै देवता कोप भै श्रीपशुपतीनाथका अघोर मुखले विकट दन्त निकासीकन महामारी भन्याका देवी ल्याइ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै लस्करमा प्रवेश गराई श्रीपशुपतीनाथले एक पक्षभित्रमा सबै साफ गरी यमलोक पठाईदिया. राजा मात्र पूर्व दीशामा जाइ सन्यास भेष गरी सो क्षेत्रमा पुग्ये ॥ इन दीनदेखी नेपालमा खस् मगरको प्रवेस् सिन्की हकुवा पनी चल्यो. इ कर्णटक राजाहरुले पाच पुस्तासम्म नेपाल भोग गरी रह्या.

मकुन्द सेन राजा आई पाप गरचाउप्रान्त नेपालमा राजा छैनन् भनी सुनी नुवाकोटवासी वैस्यहरु धेरै जना आइ सहरमा भोग गरचा. कान्तीपूरमा वैश्यहरु धेरैजना वैस्य वैस्य कहलाई टोलटोलमा एकएक राजा भया. इनै वर्षमा भीमसेनले कान्तिपूरमा बश्नाको इच्छाले भीमेस्वरदेखी आई क्वाठबहालको वैस्य ठकुरीका घरमा मनुष्यरुप भैरहदा वैस्य ठकुरीले केही प्रत्त्यक्ष देखी भीमसेन हुन् भनी ठहराई देवल बनाई ठुलो चक्राकार मूर्ति बनाई विराजमान गरायो. यै वर्षमा मजीपाट् भन्याका टोलमा सहरदेखी पश्चिम १५ कोसमा केही जग्गा थियो. ताहा कोही राक्षस आई नित्त्य देशदक्षिणपट्टी एक छिपिनीसग क्रीडा गरी जान्छ भन्या समाचार सुन्या र बाह्रठकुरीहरुले जुक्ती गरी राक्षस बुझाई इन्द्रजात्रामा ठुलो जात्रा प्रतीवर्ष चलाई घर बनाई मजीपाटटोल बनाईदिया. अद्यापि छदैछ. येही वर्षदेखी २२५ वर्षसम्म तिनै सहरका भोग वैस्य ठकुरीले गरचा. धेरै नांउं हुनाले नाम लेखीयेन. इनीहरु सबै लुच्चा हुन् ॥

पछी हरीसींहदेव नाम राजा रामचन्द्रका कुलमा उत्पन्न सूर्यवंसी केही कारणले अयोध्या सहर छोडी सिमांगढ आई ठुलो मिहनत् गरी कोही एक लङ्काको राक्षसले यथाक्रमले बनायाका गढमा बसीरह्याका राजाकन तुरुजा म भवानीले नेपालमा जाउ भनी आग्या भयो र नेपालपुरीमा प्रवेश हुन आया.

बाणाष्धियुग्मशशीसंमितशाकवर्षे
पौषस्य शुक्लनवमीरविसूनुवारे ॥
तेत्त्का सोपट्टनपुरी हरिसिंहदेव
दुर्गावदेवविपरीतगिरी प्रवेश ॥ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालसंवत् ४४४ शाके १२४५ येस दीनमा प्रारम्भ गरी हरीसिंहदेव राजाले तुरुजा भवानीसित आई भगतपूरमा बस्दा भया. ई राजासीत ब्राह्मण आचार खड्गी रंजीक वैद नेवार तेली ई सात जात सग हुनाले र तुरुजा भवानीका कृपाले भक्तपूरवासी वैस्य ठकुरी राजाले गादीकन सौपी चलन गराया ॥ फेरी तुरुजा भवानीकन दर्बारभित्र गरी देवल बनाई राखीदिया ॥

ई राजाले तुरुजा ल्यायो भनी भोट्याहरु ठुलो दल गरी आई देवीहरु ल्याये भनी आउदा भयेन र बडो दल थुम् नाम गरी बसाई गया. थुम्को अद्यापी छदैछ. ई राजासित आउदा संकष्टकालमा कपडा धोईदियो र रजीक नाम जात कोही देवपाटन जाई बस्या. कोही भगतपूरमा बस्या. ई राजाका वैद्यमा एक वैद्य कर्कोटक नागले लैजाई नागनीका नेत्ररोगका इलाज गर्नलाई भनी लैगयो र वैद्यले इलाज गरी नाग खुसी गराउदा नागले गुणीजन हो भनी ठहराईकन शेषनारायणसंधी बसाया. ई राजा अघी आउदा तुरुजा भवानीको आग्या भयो र हेर्न जादा ठुलो महीष भेट भयो र समाती ल्याई देवीका आग्याबमोजिम सूर्य उदय भयापछी पूर्व दिसा गुदद्वार पारी दिशा गरीरहन्या मनुष्य विचार गरीरहदा खड्गी जात हुन गयो. उन्ले काटन दियो. देवीकन देवीकन रक्तपान् गराई सबैले बहुतै खुसी भै मांस भोजन गर्‍याको हो भनी सदा त्यै रीत महीषमांस चलाया ॥ नायेर भन्याका देशवासी नेवारका जनै अबतक छदैछ. नेपालवासी नेवारका जनै रागो खायो भनी कोही एक सिद्ध आई सबैको जनै फालीदिया. ई हरीसिंहदेव राजाकन केही दीनपछी माजुदेवीले नान्नेदेव राजाका पालादेखीको धेरै धन् सौपीदियो र राजा खुस भै द्विमाजुकन मेरा इष्टदेवता भनी प्रतीवर्ष देवाली पूजा गरी चलाया ॥ हरीसिंहदेव वर्ष २७.

अस्य पुत्र मतिसिंहदेव वर्ष १५. अस्य पुत्र सिंहदेव वर्ष २७.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य पुत्र स्यामसिंहदेव वर्ष १५. इ राजाका पालामा नेपालभरमा बडो उग्रह दीन आई अधीकभाद्रशुदी १२ रोज २ मा उत्तरानक्षत्रका दीन अत्यन्त संकष्ट भुमीकम्प भयो र मछिन्द्रनाथका देवालयको ढोका बन्द भयो. देश २ मा धेरै घर भत्की मैदान भयो. जीवाजन्तु असङ्ख्य नास् भये नेपालीसम्वत् ५२८.

ई स्यामसिंहका सन्तान भयेनन्. एक पुत्री मात्र थिइन्. पुत्रीकन पुत्रीकन तेह्रौत जाई नान्येदेव राजाले भगाईराख्याका क्षत्रीयहरुका सन्तान एक ल्याई कन्यादान दी इन्लाइ राजा गराया. राजाको नाउ जयभद्र मल्ल वर्ष १५. इ मल्ल राजाहरु अघीदेखी भक्तपूरका राजापट्टी भयाका हुन् भनी नवदुर्गा खुस भै देशदेखी आग्नेयदिशामा ठुलो गरी अन्नको रास थुंको बन्यो. धान झाट्दा वेलामा अद्यापि छदैछ. अन्नका रास हुनाले अन्नको थीर भयाको हो.

अस्य पुत्र नाग मल्ल वर्ष १५. अस्य पुत्र जयजगत् मल्ल वर्ष १५. अस्य पुत्र नागेन्द्र मल्ल वर्ष १०.

अस्य पुत्र अशोक मल्ल वर्ष १९. ई राजाले ललीतपूर क्वाठछेका कौमारीदेवीको सेवा गरी देवी प्रसन्न गराई ललीतपूरका वैस्य सवै जिती भोग गरचा. इ ललीतपूरका वैस्य राजाले धेरै बहाल बनाई राख्याको हो. देउपाटन्मा पनी वैस्य रानी लुले तेबहाल २ बनाई ललीतपाटन्का खास्टोल चह्राया. धेरै गुठी पनी राखीदिया. फेरी ई अशोक मल्ल राजाले ई कौमारी ठुलो हो भनी सेवा गरीरहदा समयमा कौमारीनजीक बगीरह्याकी वाग्मती मनमतीसङ्गमा धाराले जगा फरक गरी छोडी उत्तरपट्टी जाई बगन गयो. अद्यापि छदैछ.

ई राजादेखी गङ्गा बालकौमारी खुसी रहदा ई राजाकन बडो ग्यानी पुत्र दिया. पुत्रको नाउ जयस्थिती मल्ल वर्ष ४३. इ राजाले नेपालमा धेरै स्थिती राखीदिया. आफ्ना स्वक्षत्र घर खेत बिर्ता किन्नु बेचनुहुन्या रीत प्रजाहरुकन चलाया. फेरी चार वर्णभित्र छत्तिस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातको निर्णय गरी चलाया. फेरी अघी राजाका पालामा हस्तप्रहार धीग्वचन् येती २ मात्र दण्ड थियो र येतीले हुन्याछैन भनी रुपैञा लिन्या दण्डमर्ज्यादा गरी चलायो. फेरी राजाहरु मर्दावेलामा ३६ जात गरी पलङ बनाइ राजाको मृतक सरीर राखी वोकी लैजादा दीपक रागले बाजा बजाउन्या रीत चलाया. फेरी प्रजाहरु मर्दा ३६ जातलाई कहाल बाजा कसाही बाजा बजाउने रीत चलाया. फेरी आफ्ना जातको कामविना आर्का जातको काम गर्नालाई दण्ड गर्नु भनी चलाया.

येती रीत राखी आफ्ना उद्धारनिमित्त आर्यातिर्थपार एक सिलाको मूर्ति रामचन्द्र वल{लव}हरी कुशहरी एकै शिलामा मूर्ति बनाई स्थापना गराया ॥ ई देवतागृह कालीगढहरुका इष्ट देवता गरी सदार्चन गराया. गोरखनाथ जगाइ सिद्ध योगी भेटी पाउका मूर्ति बनाई सबै लोकमा धन्य बनाईदिया. फेरी गोकर्णेश्वरको नित्यार्चन सामग्रि अघीको जीर्णोद्धार गरी राखीदिया. ई राजाले अनेक स्थिति राखी अनेक धर्म गरी सांत भया ॥

अस्य पुत्र अक्ष मल्ल वर्ष २०. इ राजाले संकराचार्यदेखी दक्षीणी भट्ट ब्राह्मण श्रीपशुपतिनाथका पुजाहारी गरी देउपाटन्का नेवार १ शुसारे गरीदिया.

अस्य पुत्र राय मल्ल माहिला रण मल्ल कान्छा रत्न मल्ल. जेठा राय मल्ल भगतपूरका राजा भया वर्ष १५. माहिला रण मल्ल बनेपा जाई सातगाउको राजा भया वर्ष २१. इ राजाका पालामा नेपालीसम्वत् ६८२ मा बनेपाका नेवार १ कोहि तैल्कार मोहनसिंहलाई देवीले शुवर्ण महिषसिर दिया र श्रीपशुपतिनाथकन अघी नभयाका चादिका कवच बनाई चढ्राया. अनेक हिरा कन्चन्पट्टर{त्न} जडी सद्ये १ मुखी रुद्राक्षीसहित गरीकन चढ्राया ॥ अद्यापि छदैछ. इ तैल्कार लाई धर्म गर्नाकन धन दियाको कौमारीकुण्डका देवीले हो. रण मल्लाका सन्तान भयेनन् र बनेपाका राजधानी येतिकै हो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कान्छा रत्न मल्ल दाजु राय मल्लसित विरोध गर्थ्या. किनभने इन्का कुलमा तुर्जा जगाउन्या मन्त्र पायाको थियो. ज्येष्ट क्रमले हुन्या हो भनी विरोध गर्दै थिया. रत्न मल्लले आफ्ना बाबाका प्राण जाने वेलामा दाजुकन छल्कार गरी तुर्जा जगाउन्या मन्त्र थाह पायाको थियो. ज्येष्ट क्रमले मात्र हुन्या हो भनी विरोध हुदै थियो.

इनै वर्षमा कान्छा रत्न मल्लकन यै मन्त्रका प्रभावले श्रीनीलतारादेवी प्रसन्न भै स्वप्नमा आग्या भयो. हे राजन् तिमिले कान्तिपूरमा जाई बाह्र ठकुरी जिती तिमि राजा हौला भनी आग्या भयो र हवस् भनी प्रात उठी रत्न मल्ल नीलताराका स्थानदेखी कान्तिपूरमा बाह्र ठकुरीका १ मुख्य काजीका घरमा पुग्या. तिसित देवीले आग्या भयाका वचन भन्दा काजीले हवस् भनी राजपुत्रलाई गुप्त गरी राखी १२ ठकुरी राजाहरुकन इनृकाजिले खान्या चीजमा वीस राखी खुवाई १२ ठकुरीका राजाहरु मारचा र रत्न मल्लकन राजा बनाया. इ राजाले आफ्ना हुकुम राम्रो गरी चलाया ॥ फेरी मेरानिमित्त सबै वैस्य ठकुरी खरानी गरायो भने यो काजी ता बडो पापी रहेछ. यस्को मन नपह्च्या मकन पनी मार्न्याछ भनी काजीलाई यमलोक पठाया ॥

सार्पो व्याघ्र तथा राजा अनुविस्वास जायते ॥
एषां विस्वासतोमन्य शिघ्रं नश्यति जंतव ॥

इ राजा रत्न मल्लले प्रजाहरु हातमा ली राखी तावाषानीबाट तावा झिकाई सिंह छाप बनाई पैसाको चलन् गराया नेपालभरमा.

ई राजा रत्न मल्लले राज्य गर्दा कुकुनाम भोटे देवान आदि भोटेहरु धेरै आई दुःख दियो र तेह्रौतिया ब्राह्मण ४ जना पाल्पा वाम{ना} देस जाई आफ्ना शिष्य सेन राजाका लस्कर ल्याई भोटेहरुकन मारचा. इन् दिनदेखी खसहरु बाह्रथरी ल्याई षेत बिर्ता जग्गा दी जग्गाजग्गामा राख्या ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी इनै वर्षमा जयेन्हरु नेपालमा प्रवेश गरचा. तेह्रौतिया ब्राह्मण ४ जनाले खिलत लीकन आफ्ना स्वस्थानमा {ग}याकक्कु स्यानाजोल नाम रही गयो. अद्यापि छदैछ.

फेरी ई राजाका पालामा. दक्षिणदेशदेखी सोमेस्वरानन्द षोडा संन्यासी स्वामी १ आया र इ स्वामिकन श्रीपशुपतिनाथका पूजक् भनी पूजाहारी गरीदिया. संकराचार्यले गरी गयाका पुजाहारी दक्षिणी ब्राह्मण मात्र हुन्. इन्का पालामा स्वामी पुजाहारी भये. इ स्वामी सुकुमार हुनाले इन्कन् टहलविना गाह्रो होला भनी बंदीपूरका दुई थर नेवार ल्याई भडचारा गरी राखीदिया. पैले भडारीसीत पालो गरी टहल गराया. फेरी देवताका वस्तुरक्षानिमित्त श्रीदक्षिणकाली आवाहना गरी श्रीपशुपतीनाथको नैऋत्य कुनामा नवग्रहसंधी मातृका गणेश स्थापना गरीदीया. फेरी स्वामीका आग्याले भडारीहरुकन आदी बौद्धमा देवी देखाई प्रतीवर्ष कुलदेवता देवाली पूजा गराया. फेरी स्वामीका आग्याले बेस्यट्हरुकन पचली भैरवका स्थानमनी पचलीदेवीकन प्रतिवर्ष कुलदेवता पुजा गराया. इ रत्न मल्ल राजासित तुर्जा जगाउन्या मंत्र सिद्ध हुनाले ती देवताका सुक्ष्म मन्दीर बनाई तुर्जा स्थापना गराया.

इ राजाका पालामा नुवाकोटवासी वैस्य ठकुरीहरु स्वाधिकार गरी राज्येश्वरीका चित्रकार कर्म गराया. नेपालसम्वत् ६११ सालमा वैस्य ठकुरीहरुले कुल गरचा भनी इ राजाले नुवाकोटमा धेरै सिपाहि पठाई वैस्य राजाहरुसीत लडाञी गरी जीती नुवाकोटको फलफुल आदी ल्याई श्रीपशुपतीनाथकन चह्राया ॥ इ राजा रत्न मल्ल वर्ष ११. इ राजाले रजाई गरी सान्त भया ॥

अस्य पुत्र अम्बर मल्ल वर्ष ११. इ राजाका पालामा बंदीपूरका कुत्मालहरुले अनन्तनारायण श्रीपशुपतीनाथका मन्दीरभित्र स्थापना गरुला भनी बिन्ति गर्दा बिन्ति लागेन र रातृमा आई एकलैले वछलासंधीमा स्थापना गराया. इ राजाले भुवनेश्वरीका पुजाहारी मुनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य बडो मन्त्रसास्त्रमा प्रबल् थिया र तिसीत मतो गरी भुवनेश्वरी जयवागेश्वरी वछलेश्वरी श्रीपशुपतीनाथ खुसीनिमित्त वडो असंभार लोकमा लोकमा वडो कहलाई नौ प्रकार्का रथ बनाई मुजाल श्रृङ्खल त्रीशूल खड्ग बली छल पास् इत्यादीले गरी कुमार कौमारीहरु नौ जनाले रथमा चढाई सरीर छिन्नभिन्न गरी आषाड कृष्ण अष्टमीका दीन बानेश्वर प्रदक्षिणा गराई देशमध्ये प्रतिजात्रा गराया. नेपालसम्वत् ५४७ मा यो मुनी आचार्य अती गुणी हुनाले मृत्यूसंजीविनी लीन जादा लोप भये. फेरी तुर्जादेवीसीत आउन्या राजवैद्यकन फर्पिदेखी आई ललीतपूरमा बस्याका इ राजाले मगाई देवपाटन्मा मूलस्थानमा नवग्रहसंधी गरी इनका कुलदेवताकन जगाई बनाई बसाया. ई राजाले देवताहरुका नृत्य जात्रामा खुसि भै गुणीजन खोज गरी कांतिपूर ललीतपूर दुवै सहरका भोग गरी बस्या ॥

अथ भगतपूरपट्टी

राय मल्ल अस्य पुत्र सुवर्ण मल्ल वर्ष १५. इ राजाका पालामा नेपाली सम्वत् ५५५ मा अनीकाल आइ भगतपूरका प्रजाहरु चारै दिशा फिजिये. इ राजाले भाइसित विरोध गरी भगतपूर वनेपूर २ सहरको भोग गरी बस्यामा कान्तिपूरमा अनेक देवीगणका नाच भयो भनी सुनी गुणीजनका द्वारले नवदुर्गागणमा अनेक विधान गरी नाच प्रकाश गराया. फेरी बोडेमा पनी महालक्ष्मी देवीको वडो नेम गरी नाच प्रकाश गराया. फेरी आफ्ना लगा पाटन्मा भैरहचाकी देशका टोल ग्रामहरु सम भोग गरी भाग गर्‍या. ग्रामहरुको नाम ठिमी नगदेश बोडे संखपूर चागु इत्यादि समभोग क्रमले भोग गरी सांत भया ॥

अस्य पुत्र प्राण मल्ल वर्ष २१. अस्य पुत्र विश्व मल्ल वर्ष १५. इ राजाका पालामा देउपाटन् आई कान्तिपूरका राजा बुझाई नारायण चारै दिसामा आवहना गरी सोमप्रभाबमोजिं गरी श्रीपशुपतीनाथका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चारै दिशामा यथाक्रमले बसाया. जलसयेनका साटो वालसुकी हो. इन्का पालामा श्रीपशुपतिनाथमा चार मूर्ति स्थापना भयाकै सालमा हिमालय पर्वत पैह्रो आई इचंगुनारायण ढाकियेर शिवानन्द ब्राह्मणले विश्णुमतीले बगाइ ल्यायाको नारायण मूर्तिकन अघीको नारायणको आसनमा स्थापना गरीदियाका इचंगुनारायण हुन्.

अस्य पुत्र त्रैलोक्य मोहन वर्ष १५. अस्य पुत्र राजजोति मल्ल वर्ष १५. इ राजाका पालामा पूर्ववाट एक गेडा मकै मासंसित मिसि आयो र गुणिजनलाइ देखाया र गुणीजनहरुले दुर्भिक्ष गर्न्या वस्तु हो भनी मकै पूर्व दिसामा पठाइदिया. सांतिपूजा ज्यग्य ब्राह्मणहरु भोजन गराया ॥

फेरी इ राजाले तुर्जादेवीसित त्रिपासा खेलीरहदा पाप मति गर चा र अदर्सन भया. फेरी ई राजाले भगतपूरमा आदीभैरवकन रथमा राखी जात्रा गराया. ठुलो लिंगाकार बनाई सत्रुहंताक्रमले लिंगो ढाली वर्षप्रती गणेशहरु र दुर्गाहरु सबै रथारोहण गरी मेषसंक्रान्तिका दिन विष्क्याट नाम गरी प्रतिवर्ष जात्रा चलाया. फेरी इनै राजाले आफ्ना लगा ठिमी आदि ग्रामहरुका पनी प्रतिवर्ष अनेक देवताका रथजात्रा गराया. फेरी इनै राजाले काली पनी रथारोहण गरी भैरवनाथ अनेक शक्ती विषयगमन इक्षा गरी गया. कालीको रथले भैरवको रथमा प्रहार गराया. इ भैरवका रथ बनाउदा पांग्रो बनाउनालाई कान्तिपूरमा राजासग बक्साई श्लेष्मातवनका रुखको बनाउन भनी श्रीपशुपतीनाथकन मानी देवपाटन्का रकमीकन खाजा दी सुकेका रुखको लिन्या रीत चलाया ॥

अस्य पुत्र नरेन्द्र मल्ल वर्ष २१. अस्य पुत्र जगत्प्रकाश मल्ल २१. इ राजाले देसपूर्वपट्टी नदीविषये हनुमान साधना गरी ठुलो घाट बनाई धेरै किर्ति चलाया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य पुत्र जीतामित्र मल्ल वर्ष २१. अस्य पुत्र भूपती मल्ल वर्ष २८.

अस्य पुत्र रणजीत मल्ल वर्ष ३९. इ राजासित राजा पृथ्वीनारायण शाह वीरनृसिंह मल्ल रणजीत मल्लका पुत्रसग मित्यारी लाई राजा रणजीत मल्लको चाकरी गऱ्या वर्ष ३ सम्म. इ राजाले भैरवका देवालयमा सुन्को छाना बनाईदिया. दरबारमा पनी सुनको ढोका बनाईदिया. दरबारमा धेरै चोक बनाया. फेरी इ राजाले कांतिपूरका बरोबरै खम्बा गरुला भनी जैप्रकाश मल्ल राजासित तैलकार मागदा राजाले तैल्कारहरुकन खंबा बिगार्न्या संक्षेप गराई पठाया र तैल्कारहरुले खम्ब खडा गर्न्या वेलामा खम्ब तिन् टुक्रा गरी भाचीदीया. राजा रणजीत मल्लले उदास गरचा र साल्मीहरुले फेरी जोरी मिलाइदिया. राजा रणजीत मल्ल बहुतै खुसि भै खिलत दिया. राजा जयप्रकाश मल्लले पनी सालमीहरु फर्कि आयापछी खम्ब भङ्ग गरी आया भनी खुसी भै सालमीहरुलाई खिलत. दीया. यस्ता डबलसीत खंब खडा गरी धेरै जात वस्तु संग्रह गरी कोटचाहुती जग्ये गरी संतान सुन्ये गरी गोर्खाका राजाकन नेपालपति गरी राजा रणजीत मल्ल कासी जाई सुन्येमा गया. एति विस्तार भगतपूरपट्टी.

अथ कांतीपूरमहिमा

अमर मल्ल राजाले प्रथम हरीसिद्धिनृत्यकन ठुलो सन्मान्ले जगाया. हात्तिका दोषले हरीसिद्धिले अन्न घटायो भनी सहकालनिमित्त खोकनामा महालक्ष्मीनृत्य बनाइ चलाया ॥ फेरी हिमालय पर्वतवासी रहीचौकदेवीका नृत्य चलाया ॥ मनमयजुदेवीका तृसक्ती नृत्य चलाया ॥ फेरी लुमडीको महाकालीको दुर्गागणको नृत्य चलाया. फेरी कंकेश्वरीको नृत्य चलाया. इ दोट देवीको नाच बनाउदा किर्तीपूरका बागभैरव ल्याइ गणमा धुंचा बनाईदिया ॥ तसर्थ किर्तीपूरमा नचाउन जान्या रीत चलाया. अनेक थानमा गुणीजनहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नजीक राखी देवताहरु जगाई नृत्यलीला प्रती गरीरहदा वेलामा कोही दुर्जनहरुले कंकेश्वरीको नृत्य चलाया. इ प्रकाश हुन्या वेलामा कोही दुर्जन् मनुष्य पशु भैरहदा देवी कोप भै नरवली भक्ष भयो र याहापछीप्रांत नृत्य कष्ट होला भनी काली पूजा गरी सांति पुजा गरी मनाइ गरीदिया. नरवली भयादेखी यो नृत्य होला. अरुअरु देवीका नृत्य कोही प्रती वर्ष कोही वाह्र वर्षमा हुन्या रीत चलाया. फेरी इ राजाले लुमडी कंकेश्वरी लुचुंभु आदी गरी प्रेतचतुर्दसीका दीन यथाक्रमले रथारोहण गरी सहरमा जात्रा गराया. प्रतिवर्ष छदैछ. इ राजाले अंमल गरचाका सहरका नाउ ललीतपूर, बडेगाउ, ठेचो, हरिसिद्धि, लुभु, सानागाउ, ठैवो, सुनागुठी, चापागाउ, फर्पि, वुग्मती, खोकना, पांगा, किर्तिपूर, थान्कोट, बलंखु सतंगोल हलचोक धरमथली टोखा चपलीगाउ तलगाउ धलगांउं चोकगाउ गोकर्ण देउपाटन् नंदीगाउं नंसाल मालीगांउं भोग गरी कांतिपूरमा रहदा राजाले गुणीजनहरुसित सोधनी गर्न लाग्या कि इ ग्रामहरु कैलेदेखी बन्याको हो भन्दा सुजनहरुले बताया. हे राजन् इ ग्रामहरु कैलेदेखीन् बन्यो भन्या अघीका राजाले ब्राह्मणपुत्रहरुकन दान गरचाको हो. कोही देवताहरुले बनायाको हो कोही देस छोडी बस्न गयाको हो. कोही परापूर्वदेखीको नंसाल् नन्दीग्राम् शालीग्राम् पैतीग्राम विशालनगर वेवही इसालीग्राम इनै सालमा आगो लागी उजरी गयो. नंदीग्रामलाई बनायाको चागुनारायणले सो स्थान पर्वतविषे सात शये घर बनाई प्रजाहरु राखीदीया. फेरी वज्रयोगिनीदेवीकन संखाकारले देस बनाई शंकरदेव राजाले माताकन चह्रायाको हो. येती सुजनहरुले बताया. त्याहापछी अम्बर मल्लले सुखभोगसीत राज्य गरी सांत भया ॥

अस्य पुत्र सूर्य मल्ल वर्ष ८. इ राजाले भगतपूरका अम्बल भैरह्याको शंखपूर चागु २ देश बलातकार गरी आफुले चलाया. केही वर्षपछी माताकन धेरै प्रार्थना गरीकन देवीका आग्या पाई वैशाखपुर्णीमाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीनदेखी अठ दीनसम्म पंच प्रकाश रथारोहण गरी देवी देसमा राखी बडो उत्सव गरी देश घुमाई प्रतीवर्ष रथजात्रा गराया. इ राजाले देवीका जात्रा गरी ६ वर्षसम्म सङ्खपुरमा बसी कान्तीपूरमा आयाका समयमा बाला दैत्य नाम कोही शूद्र जातले मृतक जलाउदा नरमांस चोरी खायो र चमर वीकट दंतस्वरुप भै आयो र प्रजाहरु मरण हुदावेलामा मूर्दा खोसी झटपट् गरी मूर्दा सबै खाई वडो दुःख दियो र राक्षसकन राजा सूर्य मल्लले राक्षसको मित्र एक तेली थियो. तेस तेलीकन बुझाई वनवेगी लोहसस्त्र बनाई जुक्तिसग पठाई दैत्यलाई वध गराये. राजाले इ तैलिकन अघी नभयाका मृतक वादे वाला दैत्य मारीदियो भनी खुसि भै मरणकालमा बाजा सिरोपाउ दिया. बाजा अद्यापि छदैछ ॥

अस्य पुत्र नरेन्द्र देव वर्ष ५. इ राजाका पालामा देवपाटन्वासी नेवार कोलखा नाम गरचाको थियो. तेसले धेरै दीनसम्म नित्य चागुनारायणको दर्शन गरी बस्थ्यो र एक दीनमा मनमती ठुलो गरी बढी आयो र तरी जान नसकीरहदा इश्वरको सवारी भै आउदा आग्या भयो. हे क्वलखा अब तैले चागुतर्फ आउनुपर्दैन. यो मेरो मूर्ती बगाई ल्यायाको तैले लैजाई देवपाटन्मा चक्रकुण्डस्वयम्भूब्रह्ममूर्तिसंधी स्थापना गर भनी आग्या भयो र इ भगतजनले हवस् भनी हेर्दा नदीविषे लक्ष्मीसरस्वतीसहीत भगवान पाया र उठाई ल्याई इस्वरका आग्याबमोजिम ब्रह्ममूर्तिसंधी स्थापना गराया ॥ कृष्णाष्टमी जाग्राम गर्नु पुजनु भनी अनेक गुठी राखीदिया. नारायण अवतक छदैछन्. फेरी ई राजाका पालमा अघीका त्रीशूलजात्रारक्षानिमित्त भुवनेश्वरीमा त्रियुगम्देवालय बनाईदिया.

अस्य पुत्र महीन्द्र मल्ल वर्ष २१. इ राजाले आफ्ना दर्बारदेखी उत्तरपट्टी महीन्द्रेश्वरी नाम गरी श्रीपशुपतीनाथका आग्या पाई पशुपती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीयमगरी स्थापना गराया. फेरी स्वेतहंस बाज सौगात पठाई डिल्लीका बादशाह खुस् भै छ मासा चादिका छाप मागि ल्याई आफ्ना नाम राखी महेन्द्रमली कहलाई भरमुलुकमा चलाया. फेरी जयन्हरुकन कांतिपूरमा घरखेत बिर्ता दी वसाया.

फेरी इ राजाले तुर्जादेवीको आदी स्थापना भगतपूर हो भनी नित्य जाई तुर्जाको मूल मंत्र जपी दर्शन गरी जान्थ्या. एक दीन आफ्ना इष्टदेवता खुसी गराई कांतिपूरका तुर्जादेवीका स्थानमा बडो उच्चा नेम निष्ठा मन्त्राकारसंयुक्त देवल बनाउन प्रारम्भ गर्दा भया. यस् वेलामा राजाले कालीगढहरुकन देवलको लक्षण बताउदा कालीगढहरु थकीत भैगया. अकस्मात कोही इश्वरका इच्छाले सन्यासरुपी एक जना आई कालीगढहरुकन देवलका तन्त्रमन्त्रको भेद बताई अंतरध्यान भैगया. कालीगढहरुले इनै सन्यासीका आग्याबमोजिम इश्वरका आग्याबमोजिम देवल बनाया ॥ नेपालीसम्वत् ६६६ साल मिति माघशुदी ८ रोज २ अनुराधानक्षत्र सोमवारका दीनमा श्रीतुरुजा भवानी भ्रमर रूप भै आई देवालयम प्रवेश भयो. इ राजाले बडो उत्साह गरी धेरै ब्राह्मणहरुकन दक्षिणा दी देवल प्रतिष्ठा गराया. तेस् दीनदेखी कान्तीपूरमा सबै जनाले ठुलो उच्चो २ घर बनाउन पाया.

फेरी इ राजाले श्रीपशुपतीनाथकन चादीको चार नाग बनाई चढ्राया. अबतक छदैछ. यो नाग बडो प्रत्यक्ष हो. इ राजाले मछिन्द्रनाथमा तुर्जा भवानीमा धेरै गुठी पूजा गहना राखीदिया. येती धर्म गरी सुन्य पदवीमा गया.

अस्य पुत्र शदाशिव मल्ल. दोश्रो ठकुरीपट्टि सिवसिंह मल्ल वर्ष २५. इ सदाशिव मल्लले कुसंग संग गरी धेरै घोडाघोडीहरुको बथान् तुल्याई छाडा गरी प्रजाहरुका बाली सबै खुवाई दुःख दिया र प्रजाहरु सबै बहुतै हाहाकार भैगया. फेरी बडाबडा जात्रा हेर्न आउने सुन्दरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीहरु पनी बिगारीदिया र प्रजाहरु सबै मिली नोल मुड्गल ली राजा मनोहरातीरमा खेल्न जादा नोल मुड्गल प्रहार गरी भगतपूरमा भगाया. इ राजा बहुतै उपद्रेहा हुनाले भगतपूरका राजाले एक चोकभित्र राखी बन्धन गराया. केही दीनपछी तेसै चोकमा लोप भैगया. शदाशिवचोक भनी प्रख्यात भयो. अवतक् छदैछ. कांतिपूरमध्ये सूर्यवंशि लोप भया.

अबउप्रान्त नोल समातन्या प्रजाहरु सबै मिली आई ठकुरीपट्टीका शिवसिंह मल्ल राजा गराया. इ राजा वडा ग्यानी हुनाले कोही एक महाराष्ट्रब्राह्मण गुरुपदवी गरी कांतिपूर ललीतपूरमा देगुंतली स्थापना गराया. केही दीनपछी कडेलचोकभित्र कुक्कुर पस्यो र सांति गर्दावेलामा राजप्रोहीत भाजुहरुले मन्त्र भनेको (कडेलस्मंतर कुत्ताप्रवेश सांति शिवसिंह मल्ल स्वाहा) भन्या र अशुद्ध हुदा असुद्ध भनी राजा अती संताप गर्दा भया. फेरी देगुतलीको प्रतिष्ठा गर्दा ब्राह्मणभोजनमहं करिष्ये भनी वाक्य गर्दा कोही एक ग्यानी विदेसीले असुद्ध वाक्य भनी ठट्टा गरी गया. इ वाक्य राजाले सुनी मेरा देशमा कोही पण्डीत छैन भनी विचार गर्दा मन्तृ देवानहरुले दक्षिणपश्चिमका पंडित्हरु ल्याई राख्या वढिया होला भनी भन्दा एक देवानले भन्यो कि अघी पनी रक्षा गर्न्या तेह्रौतिया पंण्डितहरु हुन् भनी ठहराई तेह्रौतका राजाकन धेरै हंस सौगात पठाई मागी ४ थर ब्राह्मण पण्डीत सब परीयार गरी ल्याई घरखेत बिर्ता दीकन कांतिपूरमा बसाया. नुवाकोटमा पनी धेरै बिर्ता दिया. ब्राह्मणहरुका थर नाउ विसेवार कर्म हेसको नये नरवार येती चार थरका ब्राह्मण बसाया. इन दीनदेखी नुवाकोटमा धेरै बिर्ता दिया. फेरी राजकुमारहरुकन मैत्रा लिनु भनी तेह्रौ त गया. मैत्राहरुका डोलासित आउन्या ब्राह्मणहरुलाई पनी बारंबार धेरै बिर्ता दिकन कांतिपूरमा बसाया.

फेरी ई राजाले पञ्चलिंगेश्वर भैरवकन देशरक्ष्यानिमित्त दक्षिण क्षेत्रपाल हो भनी यथाक्रमले माटोको बनाई नानाद्रव्य भरी आश्विनशुक्ल पंचमीका दीन प्रति(व)र्ष जात्रा चलाया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य पुत्र जेठा लक्ष्मीनरसिंह मल्ल वर्ष ११. कान्छा हरीहर सिंह मल्ल वर्ष . इ हरीहरसिंह मल्लले ललीतपूर राज्य गऱ्या.

इनै साल नेपालमा पूर्व दिसादेखी दिग्वाराही पश्चिम दिसाका देवी भैरह्याका इ वाराही देवीले प्रजाहरुकन मलाइ बगाई लैजाला भनी जनायाको थियो. चौथो दीनमा चोभारका नागले रुद्रमतीतीरका वाराहिकन बगाई सङ्खमूलमा पुग्दा लैजान सकेनन् र अङ्किरह्यो. अजसम्म छदैछ. इ वाराही नन्दीग्रामवासीहरुका ग्रामदेवी भैरह्याका हुनाले नागले लैजाने वेलामा जानीजानी केही नभनीरहदा वाराहिले श्राप दिइन् र इ नन्दीग्रामवासीकन दुःख हुदैछ. इन दीनदेखी ग्रामरक्षकपीठ नभैहुदैन भनी देशउत्तरपट्टीका वैष्णवीपीठ जगाई अन्नको धेरै पाक बनाई मूर्ति बनाई पीठमा लगी विधिपूर्वक वैष्णवी गणहरुकन रथारोहण गरी राजा बक्साई धेरै गुठी राखी प्रतीवर्ष जात्रा चलाया ॥

इ हरीहरसिंह मल्लले पुत्र सिद्धिनरसिद्धिसिंह मल्लका वष्नानिमित्त लुभु नाम ग्राम बनाई तावापत्र बनाई श्रीपशुपतीनाथकन चह्राया.

फेरी ई राजाले पञ्चलिङ्ग भैरवका कूप कैले भरीदैन भन्याको सुनी मो भरीदिउला भनी धेरै द्रव्य ल्याई भर्दा पनी भरीयेन र अनेक रत्नले पानी राख्दा पनी भरीयेन र अपराधक्षमानिमित्त धेरै धन खर्च गरी पुजागुठी राखी बिन्ति गरचा. केही गुठीको पुजा अद्यापि छदैछ. यस्ता प्रत्यक्ष पञ्चलिङ्ग भैरव हुन्. ईनै वर्षमा भैरव कोप भै भेलुवात स्थानमा कूप खसी फुट्यो र कान्तिपूरका राजाले धातूको कूप बनाईदिया.

इ हरिहरसिंहका पुत्रका बेहोस स्वोभाव देखी पिता शिवसिंह मल्ल माता गङ्गा रानी इ दुवै स्त्रिपूरुषले संका मानी बस्दै थिया. गंगारानीले नजीक वनविहारका निमित्त बुढानीलकण्ठका अर्धभागविषे बडो सुन्दर गरी ठुलो एक बघैचा बनाई रानीवन नाम राखी सबै जातको फलफुल राख्याको थियो र एक दीनमा राजासमेत् जाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनमा खेल्न जादा दाज्यू लक्ष्मीनरसिंह मल्लकन केही कारणमा अपराध देखाई बाबुआमा छदै दरवारदेखी धपाई पठाया र इ राजकुमारले ठुलो डर मानी देवपाटन् जाई रात्रीविषे एक रजीकको घरमा गुप्त गरी रहदा भया. धेरै दीनसम्म गुप्त रहदा रजीकपुत्री २ दीदीबैन्ही फिकुंच्या परुंचा नाम गरचाकी तिनीहरुले राजपुत्रकन धेरै प्रकारले सेवा गरी राख्दा सवै कर्म भयो र राजपुत्रले भने कि मेरो राज्य पछी भयो भने तिमीहरुलाई जनै आदी सवै कर्म चलाइदिउला भनी राख्या ॥

ग्राहापछी गंगारानीले पुत्रको खोज नगरीरहदासमयमा एक नित्यानन्द स्वामी ब्रह्मचारी सन्यासी स्वामी दक्षिणदिसादेखी आई श्रीपशुपतीनाथमा प्राप्त भयाका छन् भनी गंगारानीले सुनिन् र रानी आई स्वामीको सन्मान गरी श्रीपशुपतीनाथका पुजकजोग्य ठहराई अर्चन्कारी गरीदिया. नित्यानन्द स्वामि कस्ता हुन् भने ठुलो सामर्थ भयाका कृया कर्म सवै जान्ने हुनाले राजाका कल्याणइच्छाले ललीतपूरमा अघीअघीका राजाहरु धेरै दीन नठहरचाको कारण अघोरनाथका दृष्टी सोझो हो भनी जानी दोषनिवारणनिमित्त अघोरनाथका दृष्टी अग्रभागमा कुतूहली क्रिया संयुक्त गरी श्रीउन्मत्त भैरवकन स्थापना गरीदिया. इन दीनदेखी ललीतपूरका राजाको बढिया भयो. फेरी सिम्बुको बुढियाका बालको भय पनी हरायो. त्यो बुढियाको भये देउपाटन्बिषे इनै भैरवका कृपाले कदापि नास्ती. फेरी राजराजेश्वरीका जङ्गल पनी ठुलो गरी श्रीपशुपतीनाथका दृष्टिखुसिनिमित्त बनाया ॥ इ स्वामीले रानीकन डाकी अब तिम्रा सन्तानहरुको दुवै सहरमा भोग थीर होला भनी आग्या भयो ॥

फेरी इ स्वामीको आग्या पाई रानीले श्रीपशुपतिनाथको देवलको छाना तिन तला भैरह्चाको धेरै बिग्ग्रो र पछीसम्म कष्ट होला भनी माझको छाना गरी दुई तला छाना गरी अघीका सुनका छाना बिग्ग्राको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धैरै सुन राखी गजुर छाना बनाइ चह्राया. देवल बनाई त्रिकोण ईट पारी देवल संपूर्ण छाई बनाइदिया. नेपालीसम्वत् ७०५ सालमा इ रानीका सालीकमूर्ति सुनको श्रीपशुपतीनाथका मन्दीरभीत्र अद्यापि छदैछ. फेरी पशुपतिनाथकन धैरै पुजाविधीको गुठराखी दिया. अद्यापि छदैछ. त्रिकोण इट उप्रचो र चागुनारायणको देवल शंपूर्ण गरी छाईदिया. फेरी इ रानीले श्रीपशुपतीनाथकन पताल चह्राई स्वामीका आग्यावमोजिम कान्तिपूरको दर्बार एकै पतालले बाधन लगे.

एति गरीकन केही दीनपछी राजारानी दुवै लोप भया ॥ इ राजारानी लोप हुनालाई श्रीपशुपतिनाथका देवलको नैरित्य कुनापट्टी अर्धरात्रीविषे बिषे शब्द गरी करायो र सुन्या मानिषहरु बहिरा भइगया. चौथा दीनमा राजारानी राजारानी लोप भया.

इन दीनपछी लक्ष्मीनृसिंह मल्ल जाई कांतिपूरमा वश्न गया. हरीहरसिंह ललीतपूरका राजधानीमा बश्न गया. हरीहरसिंह मल्ल राजा भयाको माता व्यतित भयापछी हो ॥ धंतली वाराही बगाई ल्यायाको पचली भैरव प्रत्यक्ष पायाको पनी आफु राजा भयापछी हो. इ हरिहरसिंह मल्ल भोग वर्ष .

अस्य पुत्र सिद्धिनरसिंह मल्ल वर्ष ४१. इ राजा बहुतै ग्यानि हुन्. काजीहरुले अनेक जुक्ति गरी हरीहरसिंह मल्लकन रानीसहीत श्रीपशुपतिनाथका मंदीरसंधी दक्षिणपट्टीमा रहदा गर्भाधान भै निको लगन पारी जन्म्याका हुनाले अती ग्यानी हुन गयाका हुन्. ई राजाले ठुलो गरी यथाक्रमले दर्बार देवालय बनाया. फेरी महाजनहरु पनी सहरमा बसाया. फेरी दर्बारअगाडी गोपिकृष्णका मूर्ति स्थापना गरी पासाण देवालय बनाया. एकदीन रातृविषे दर्बारका अगाडी गोपिकृष्णले राजाकन उद्धारनिमित्त सहजैमा दर्शन दिया.

इन दीनदेखी राजाले कलीयुगका राजाहरुका चर्मचक्षुमाहा कष्टले पनी गाह्रो भयाको यस्तो मकन राधाकृष्णका कृपाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहजैमा। त्यो अब यो संसार व्यर्थ हो भनी जानी सरीरकन धेरै कसर त् गरचा. गर्मिका दीन सातौटा पाखी खापी वोढी अग्नीसमीप गरी अन्दरभित्र बस्थ्या. जाडाका दीन सिलाका पलङमा इटका टुक्राटाक्री बिछाई तस्माथि आफु सुती पातलो पछ्यौरा वढी बस्थ्या. एक मुठीदेखी अन्न बढाई १ पाथीसम्म भोजन गर्थ्या. मेवा चीज सबै त्याग गरी धेरै दुःख कष्ट गरी अनेक गीतगान्का कविता बनाई लोकजनले धन्य कहलाई श्रीपशुपतिनाथ श्रीमछिन्द्रनाथमा धेरै गहनागुठी राखीदिया.

नेपालसम्वत् ७७४ शालमा मछिन्द्रनाथका रथयात्राका दीन संसारकन त्याग गरी कसैलाई नभनी देशांतर गया. अजसम्म जिउदै छन् भन्दछन् ॥

सिद्धिनृसिंह सवंज्ञो जीवन्मुक्तो जितेन्द्रिय ॥
माधवप्रिय श्रीयुक्तो योगीश्वर कवीश्वर ॥ १ ॥
रविजो भवति स्थागी हरिसिंहस्नन्दनं ॥
इत्याख्यानि पठे नित्यं सर्वपापै प्रमुच्यते ॥ २ ॥
इ राजा जीवनमुक्त हुन् ॥

अस्य पुत्र श्रृनीवास मल्ल वर्ष इ राजाले ललीतपूरमा दिगुतलिको ठूलो मन्दीर बनाया. फेरी कुंभेश्वरमा पाच तलाको छाना बनाई कुण्डपोखरी बनाइ बाबा सिद्धिनृसिंह मल्लका कीर्ति कार्तिक मैनाभर नाच गाई लोप भैगया ॥

अस्य पुत्र जोगीन्द्र मल्ल वर्ष २४. इ राजाले भिंसेनका मूर्ति अधिका सान्त मूर्ति भनि दुःसासनवध गराई तामस मूर्ति बनाई गुठी राखी बसाया. देसरक्षानिमित्त ई राजाका पालामा झट्पोलका आचारहरुले राजा बक्साई बडो विधान्सँग भीमसेनका रथयात्रा प्रतिवर्ष गुठी राखी चलाया ॥ फेरी इ राजाले दिगुतलीअगाडी खम्ब बनाई बडो नेम् क्रिया गरी आफ्ना सबै परियार राखी बसाया.

ई राजाको धर्मखम्वा प्रत्यक्ष देखी भगतपूरका राजाले नसही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान सुन्य हुन्या दर्बारदक्षिणमा देवालये ललीतपूरमा बनाये. ई राजालाई सन्तान सुन्य हुने देवल भनी थाह भयेन.

यस् देवालय बनायापछी जोगेन्द्र मल्लका पुत्र रिधिनरसिह मल्ल युवराज बालखैमा सान्त भया ई राजाका अरु सन्तान भयेन र छोरीपट्टिका विश्नु मल्ल वर्ष १९. इ राजाले धेरै ब्राह्मणहरुकन बिर्ता दी धर्मका सन्मान गर्य्या. श्रीपशुपतिनाथकन चादिका जलहरी बनाई चलाया. ई राजाका सन्तान भयेन र जगये मल्लका पुत्र राज्येप्रकाश मल्लकन राजा गरी आफु सान्त भया.

राज्येप्रकाश मल्ल वर्ष १५. इ राजाले धेरै सालीग्रामहरु सङग्रह गरी पुजा गरीरहन्या हुन्याले प्रधान्हरु सबै मिली राजाको नेत्र बन्ध गरीदिया ॥ नेत्र बन्ध भयापछी थोरै दीन बाची राजा सान्त भया.

धालाछेका प्रधानहरु सबै मिली भगतपूरका रा़राजा रणजीत मल्लकन ल्याई राजा बनाया ॥ रणजीत मल्ल वर्ष १ ई राजाकन पनि मन् नपरी सङ्खमूलमा श्राद्ध गर्न जादा तेतैबाट धपाई पठाया ॥

फेरी इनै प्रधान्हरुले कान्तिपूरका राजा जयप्रकाश मल्लकन बुझाई राजा गराया ॥ जयप्रकाश मल्ल वर्ष २ मैन्हा २. ई राजाले हुकुं चलायाको देखि डर मानी टेकु दोभानमा ल्याई राजा धपाई पठाया. ॥

फेरी इनै छ प्रधान्हरु मिली विष्णु मल्लका छोरिपट्टिका सन्तानकन ल्याई राजा तुल्याया.राजाको नाम् विश्वजीत मल्ल वर्ष ४. इ राजा तुल्याई राखदा प्रधान्हरुका मन् नपरी ई राजाकन मारचा ॥

फेरी छ प्रधानहरु नुवाकोटमा गई राजा पृथ्वीनारायणसीत दलमर्दन साहकन मागी ल्याई राजा गरचा ॥ इ राजाको भोगवर्ष ४. इ राजा गोर्खाली हुनाले प्रधान्हरुकन नमानि चलन् गरचा र छ प्रधानहरुका मन् नपरी दलमर्दन् शाहकन धपाई पठाया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी विश्वजीतका सन्तान् कोहि एक ल्याई राजा तुलाया. इ राजाको नाउ तेजनृसिंह मल्ल वर्ष ३. ई राजाका पालामा पृथ्वीनारायण शाह आई छ प्रधानहरुकन कुल्याहा भनी बन्धन गरी राज्य गर्न लागे. तेजनृसिंह मल्ल भागी भगतपूरमा गया ॥ छ प्रधानहरु बाधदामा एक प्रधानले टेकुदोभानमा सबैका अगाडी भाग्यो. कसैले पनी समात्न सकेनन्. सबैका अगाडी भागी गई तीर्थव्रत गरी नेपालदेखी लोप भयो ॥ ॥ बाकी ५ प्रधान्हरु यमलोक गये ॥ ॥ पाचै मैजुहरु पनी सती गया ॥ इती ललीतपूरमहिमा ॥ ॥ ॥ ॥

अथ कांतीपूरमहिमा

अबउप्रान्त लक्ष्मीनरसिंह मल्लले लगनजात्राका दीनमा कोही एक बोसेट्ले जात्रा हेर्न जादा कल्पवृक्ष नररूप भैकन जात्रा हेर्न आयाको फेला पारी समाति ल्याई ठुलो सत्तल एकै वृक्षका काठले पुराईदिउला भनाई कबोल गराई छाडीदिया. चौथा दीनमा कान्तिपूरमा ल्याईकन राजा बक्साई ई सालवृक्षकन टुडीखेलमा ल्याईकन ढाल्या. धेरै काठ जम्मा गरी मरुसत्तल नाम गरी एकै वृक्षका काठले बनायाको हुनाले काठमाडौं नाम राख्या ॥ यो सत्तलको प्रतिष्ठा भयाको छैन. प्रतिष्ठा गरचा रुख बिदा हुन्या भयो र रुख बिदा होला भनी प्रतिष्ठा गरेनन् ॥ नेपालीसम्वत् ७०५ मा बनाया को हो. अबतक् प्रतिष्ठा भयाको छैन ॥

फेरी ई राजाले आफ्ना सङ्कष्टकालमा बस्याको ठाउ संझि देउपाटनका रजीकपुत्री फेकुंचा, परुंचाकन डोली पठाई लीन पठाउदा डोलीमा बष्ने हाम्रो रीत छैन भनी उसै जाइ राजासग भेटी जल छुनु बन्द भयाको जल छुन हुन्या रीत चलाया. फेरी धेरै खेत राजासग मागी गुठी राखी गया र दानीगुठी भनाइदिया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी ई राजाका काजीका छोरीपट्टीका सन्तान भीमल नाम भयाका थिये. इन्ले राजाको वहुतै सोझो गरी सहरमा महाजनहरु राखी वत्तीस्कोटी तुल्याई भोटतर्फ पठाई आफु पनी लासामा गई वेपार चलाई सुनचादीको धारा गरी नेपाल ल्याई महाजनहरुका मरचाको अपुताली आफ्नो मराई कुतियाम् आधा आफ्नो गरी राख्या ॥ फेरी ई राजाले काजी भीम मल्ल भोटैमा छदा कोहि दुर्जन(ले) यसो गरचो भनी सुनायो ॥

श्रीपशुपतिनाथकन नित्यानन्द स्वामीले अर्थ बुझी केही नबोली नित्यं पुजा सकि बाहिर आई चण्डेश्वरी पुजा गरी कामदेव ढोग दिया र कामदेवको पाउ पटक्क फुटी गयो. फेरी धर्मसिलामा ढोग् दिदा धर्मसिला फुट्चो. फेरी दक्षिण दर्बाजाका भित्र ढोक दिदा त्यो पनी फुट्चो. फेरी भित्र जानाकन हरीहर भनी जादा ढोग दीन तयार गर्दा स्वामीकन बलले समाति राजाले कर जोरी बिन्ति गरी बुझाई स्वामीदेखी डराई राजा फर्क्या. इन दिनदेखि स्वामीले नित्य पुजा गरीसकी नैरित्यकोणमा खडा भैकन पक्रोई भनी तीन फेरा नित्य भनी रहदा केही काल गयापछी स्वामी सुन्यसमाधिमा गया ॥

भीम मल् काजी भोटबाट आई राजाकन धेरै सोझो गरी धर्मसिलामा तावापत्र बनाई फुटेको धर्मसीलाकन छोपीदिया ॥ ई काजीले भोटपट्टी सबै देसका लक्ष्मीनरसिंह मल्लकन राजा गराउला भनी गुप्तले रह्चाका वेलामा कोहि भगतपूरका दुर्जनले आफै राजा हुन तयार भो भनी सुनाईदियो र राजाले दुष्ट भनी भीम मल् काजीकन मारचा. ई काजीकी स्त्री सती जादा यस् दर्बारमा कैले पनि विवेक नहोस् भनी श्राप दी गइन् ॥ पछी अर्थ बुझचा र हाय २ भिम मल् भनी शोक गरचा. फेरी इ राजाले काजी भीम मलका नाउमा येटखाटोलमा शिव स्थापना गराई गुठी राखी नित्यार्चन गराया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ई राजा इनै काजीका संतापले बहुलाइ बन्धनैमा सांत भया. इ लक्ष्मीनृसिंहका भोगवर्ष ११.

अस्य पुत्र प्रताप मल्ल वर्ष १६. इ राजा गादिमा बस्दा नेपालीसम्वत् ७१९ मा ई राजाले बाबु बहुलाया भनी ठहराई राखदा बन्धनैमा सांत भया र तुरुजा जगाउन्या मंत्र लोप भयो भनी सबैका आगम खोली हेर्दा पनी पायेनन्. ई राजाले मन्त्र पायेनन् तापनी ई बडो सामर्थी हुन्.

ई राजा महाज्ञानी प्रतापि श्रुतिधर वित्पन्न ठूलो तेह्रौतदेखी २ रानी ल्याई विवाहा गरचा ॥

इ राजाले लोकेश्वरका रथयात्रा अघी राजाहरुले गरीगयाको ठकुरी राजाका पालादेखी अड्क्याको यथाक्रमले रथ बनाई लोकेश्वरकन प्रतिवर्ष रथारोहण गरी जात्रा चलाया.

इ राजाले राज्य गर्दा देशी पर्देशी पण्डित्हरु ज्मा गरी विद्या सिकी मंत्र दश जातका अक्षर सिकी नेपालका ठुला २ पीठका स्तोत्र बनाई सिलापत्रमा लेखी स्थापना गराया. पशुपतिनाथ आदी अनेक देवदेवताका स्थानमा अद्यापि छदैछ.

फेरी करवीन्द्र सकलसास्त्रपार हुनाले सास्त्रक्रम गरी चार कोटी धन ज्मा गरी दर्बारभित्र वास्तुचक्र प्रमाणले पृथ्वीमा गाडी कोटी ध्वोजा ४ खडा गरी अगम गरी मोहनचोक सुन्दरचोक बनाया ॥ फेरी भूत, प्रेत, पिसाच डंकिनी विस्फोटक आदि अनेक नाना उपद्रवभयेसांतिनिमित्त कोटीध्वजामा हनुमान मत्स्य गरुड सिंह साधना गरी अग्रपृष्टि भागमा अतिस्थूल वज्राकर स्थापना गराया. फेरि तस्योपरि इनै कृयासंपूर्णार्थ देवालये तीन तला छाना गरी पञ्चमुखी हनुमान् आगम् गरि बसाया ॥ फेरी नृसिंह नृत्यनाथ दुइ तामस् गरी सर्वदृष्टि हुन्या लक्षणक्रमले बसाया. फेरी नासलचोक मनाइ दर्बारमा साधना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराई सबै लक्षीण क्रमले बसाया ॥ फेरी मोहन[चो]कमा सवै देवताका मूर्ति बनाई बसाया. फेरी काष्ठमण्डपसंधि एक प्राचीं लिंगाकारभित्रका देवालयमा नृत्यनाथका ध्यान निकासी सुन्दर मूर्तिकन आफुले कविता बनाई सिलामा लेखि कविंद्रपुर नाम राखी ठूलो सत्तल बनोई मरुसत्तल नाम राख्या ॥ फेरी पञ्चलिंगेश्वर भैरवकन अघी लंबेमान भयाका लिंग छोपी साना गराया. महादेवकन हिंसा गर्छन् भनी देसि पर्देसिहरुले ठट्टा गरचा भनी जलहरी छोपीदियाको हो ॥

फेरी भडारखाल पनि यथाक्रमले जुक्ति गरी बसाया ॥ ताहा ठुलो एक तलाउ बनाई बिचमा जलविषय भुजङ्गसयेन नारायण बनाई राखनाका इच्छाले आदिरूप नीलकण्ठ नारायणका थानमा जाइ बक्साउदा मूर्ति बनाउन प्रभूको आज्ञा भयेन र विशालनगरका प्राचीन ज्ञानेश्वरका जलसयेन मूर्ति उठायेर तलाउका बीचमा बसाया ॥ फेरी ई नारायण उत्तम शक्ति बर्द्धवान्निमीत्त बुढानीलकण्ठको जल ल्याई राखने इच्छाले नीलकण्ठ प्रभूकन धेरै विधि गरी बक्साइ कुलो खनी जल ल्याई राखदा रानीवारिसम्म पुगदा कुलो चलेन र महा कष्ट भयो. राजाले धेरै दुःख पाई वर्ष दीनसम्म तहि बसी यो जलसीतमात्र मो दर्बारमा जाउला. जल ल्याउन सकीन भने यो राज्य छोडी देशांतरमा जोगी भै जाउला भनि प्रतिज्ञा गरी इन्द्रजात्राहरु पनी ताही गरी धेरै जिमीकन माटो बोकाई पुरी उठाई वा बाषातानाजोल भनी प्रख्यात गरी पानी ल्याई नवरात्रिका दिन जलसित आफु आई पोखरीमा पानी हाली जलसयेन नारायण शोभा गराया ॥ प्रतिज्ञा राजाले पुराया ॥ यसै दीनका रात्रीमा राजालाइ स्वप्ना भयो कि आजदेखी तिम्रा सन्तानपर्यन्त राजाहरु जाहा नआउनु भनी बुढानीलकण्ठबाट आज्ञा भयो. जाहा आयौ भन्या मरण होला ॥ मो तेही आये भनी स्वप्ना भयो. इन दीनदेखी राजाहरु बुढानीलकण्ठ जानु माकुप भयो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी केही दीनपछी जलसयेन नारायण ल्यायाका स्थानसंन्धि बाटाका पोखरीमा ठूलो एक भयङ्कर शिलाको मूर्ति घोप्टीरह्याको छ भनी राजाले सुन्या र आफै गई धेरै कालिगढ लगाई उठाइ हेरदा ठुलो ध्यानसंयुक्त भीम भैख देखी राजा खुसी भैकन सबैलाई सुनाया. हे प्रजाहरु ई भीम भैरव द्वापरयुगमा नेपाल सबै तलाउ भयेकावेलामा डुंगामा बसी जलविहार गर्न्या आदिरूप्र भगवान हुन् भनी घिसारी ल्याई दर्बारको पश्चिमतर्फ यथाकर्म गरीगरी जगाई बसाया. ई स्थूलकाया भैरव बडो ध्यानसंयुक्त प्रत्यक्ष हुन्.

फेरी विशालनगरका प्राचीन साकोन्हा स्थानमा कालीमथन गरीरह्याका ध्यानले सहित् भयाका नारायण माटाले छोपीरह्याका झिकी गरुडसहित् ल्याई सुन्दरचोकमा राख्या. गरूडले इ राजाकन धेरै कष्ट दिया र नारान्हिटीसंधी बसाया. अद्यापि छदैछन् ॥ नेपालीसम्वत् ७७७ माघशुदी १५ रवीवार धनिष्ठानक्षत्रका दिन सुनले जल्प मारचाको विश्वरूपको मूर्ति बनाई लायकुल्बहीमा राखीदिया ॥ फेरी आफुले तोलादान गरचाको मूर्ति लेखी देवालय बनाई पर्वपर्वमा इ दुइ थोक निकासी स्थापना गरी गुठी राखि कर्म चलाया. अबतक् छदैछ ॥

ई राजाका पुत्रहरु ४. ई २ रानीका जगम सम भागकन पुत्रका नाम पार्थिपेन्द्र मल्ल, नृपेन्द्र मल्ल, महिमतेन्द्र मल्ल, चक्रपतेन्द्र मल्ल ई ४ पुत्रसहित भै आनन्द गरीरहदामा दक्षिण देशदेखी एक ज्ञानी नन्द नाम खोढासन्यासि स्वामि आई श्रीपशुपतीमा बस्याका छन् भनी सुनाया र राजा आफै गई स्वामीसित बसी परिक्षा गरी श्रीपशुपतीनाथका पुजाहारीजोग्य भनी ठहराई श्रीपशुपतीनाथका भित्र प्रवेश गराया ॥ ई स्वामीले राजाकन भेद बताया. राजा बहुतै खुसी भैकन पाञ्चायन पञ्चपत्र मंत्रसंख्या क्रमले काञ्चनछत्र बनाई तदुपरिको कविता भुज़ंगले पिलाई स्वामीकन देखाया र स्वामीले पनी अर्को ताण्डवमन्त्रसहीत महाकालोक्त अगमार्थ नृत्यलीला प्रसंना गर्थे. छत्रोपरि महाकालोक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगमार्थ नृत्यलीला प्रसंना गर्थे. छत्रोपरि लेखि श्रीपशुपतिनाथकन अधीन भयाको छत्र रचीत गरी चह्राया. अघीका पुजाहारिले रुद्राक्षको रुप्याले छत्र बनाई चह्राउदै थिया. फेरी ई स्वामीले श्रीपशुपतिनाथ खुसी गराउनाका निमित्त नीलकण्ठ ध्यान वेला पाई श्रीपशुपतिनाथकन प्रत्यूक्त दिवार नीलकण्ठ गवन भावना गरी श्रावणशुदी १४ का दिन राजा बक्साई पञ्चगव्यले वेदवाक्य प्रमाण गरी देवल सर्वत्र साधना गरी सुनले बाधी अलङ्कार प्रक्षालन गरी हा भाडोरि ज्मां प्रवेश गई नेमक्रिया राखी पवित्रारोहण नाम राखी सुतसंध्या प्रमाण धार्नी ७ सेर १ राखी श्रीपशुपतिनाथकन शास्त्रोक्त प्रमाण गरी चढाया. फेरी ई स्वामी ठुला हुन् भनी इनका नित्य स्वकर्म गर्न तिनी देवपाटन्मध्येमा भूतल क्रिया थिरासन जयसिद्धिनिमित्त घर बनाई मध्येभागमा उचो आश्रम बनाईदिया. ई स्वामिले तेही स्थानमा स्वतन्त्रमूल मूर्ति उर्द्धासनाथ आवाहन गरी अर्को घर बनाई यथाक्रमले बसाई नित्यार्चनराई श्रीपशुपतिनाथका पूजा गर्दथ्या.

ई स्वामीसित राजाले सोधी आफ्ना पुत्रहरुकन राजकुलमा उत्पन्न भयाका हुनाले स्वइक्षापूर्णार्थ १/१ वर्ष राजा गरी आफुले गादी छोडी भोग गराया. नृपेन्द्र मल्ल गादीमा बस्दा श्रीपशुपतिनाथका नन्दी मूर्तिकन सुनको के[व]च बनाई यथाक्रमले नन्दी बसाया. ३ पुत्रले वर्ष ३ भोग गरचापछि चौथा पुत्र कान्छा गादीमा बस्दा अहोरात्र मात्र राजा भै सुन्यपद्विमा गया. ई राजाका छाप मोहर बनाउदामा स्वामीले त्रिकोण बाल्वास्त्र पास् अंकुश सर चाप राखीदियाका हुनाले राजा मरण भयापछि मोहे[र]गर्भप्रसूतिकालमा कष्ट हुदा त्यो छाप प्रक्षालन गरी पिलाईदिया क्षणमात्रमा प्रशूति हुन्या भयो. अद्यापि छदैछ ॥

ई राजाका कान्छा पुत्र अभाव हुनाले ठुलो कल्पना गरी इनका नामले धेरै रुपैञा खर्च गरी चारै दिशामा गणगोचर जहासम्मको हो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तहांसम्म पठाई धेरै तिर्थको जल ल्याई नाग तलाउ नाम राखी मध्यभागमा श्वेत देवता राखी रानीपोखरी बनाया. यो पोखरीमा नीलकंठको जल अरु सबै तीर्थका जल ल्याई जंबाकारले बनाई नाग संख फणि राखी प्रतिष्ठा गरी पुत्रकन उद्धार गराया ॥

फेरी ई राजाले जामन नाम गरचाका कान्तिपुरवासी गुभाजु सामर्थी कोही एक थियो. तिन्सित भेट गरी बौद्धमतका कृयाप्रवर निमित्त देशमध्य गरी यथाक्रमले इटंबहाल नाम राखी बनाया. यो बहाल् केशचन्द्र सहाचन्द्रले राजासित मतो गरी बनायाको हो ॥

फेरी ई राजाले शांतिकर आचार्यसित मतो गरी आदि सिंभुमा देवता बुझाई ञाहादेखी पछीका राजा प्रजाकन मेघ सुन्न्य भै कष्ट होला भनी जानी अषृ नागहरु आकर्षण गर्दामा एक कर्कोटक नाग आयेन र आचार्यहरुले मन्त्र गरी कुन्दपुष्प ति राजाकन दिया र हे राजा तिमीं गई नागकन बुझाई ल्याउ बुझेन भन्या बलात्कार गरी ल्याउनु नागिनीहरुले तिमीलाई केही गर्न शक्न्याछैनन् भनी अह्राई पठाया. ई राजा अह्राई पठायाबमोजिम गैकन पोखरीका डीलमा बसी डाक्या. आयेन र कुन्दपुष्प राखीदिया र बाटो भयो र राजा गै नागकन संझाउदा संझेन र नागलांई घिस्स्याई ल्याया. ई नाग आयाको ठुलो बेरुप हुनाले हो. त्यो नाग ठाउँमा ल्यायापछि अष्ट नागहरुले मनोमान गराई रक्ताकर्षण गरी यो रगतले मसि गरी पुस्तक लेखी गुरुगमनविना असम्भव पुस्तक बनाई शांतिपूर नाम राखि सपतपत्र कोटा र भूतलक्रमनाधिकारि हस्यक्रिया संपूर्ण राखी शांतिपूर बनाया ॥

फेरी सिंभूका चैत्यकार एकै प्रासादले सोभा छैन भनी स्वइच्छाले पार्श्वथ युग्म देवल बनाउँ भन्दा सिंभुको इच्छा भयेन र राजा कोप भै छ मैन्हासम्म पुन्यारण्य राप गरी राखी सिंभु कायल गराई सो देवल कवीन्द्रपूर प्रतापपूर नाम राखी गम्अगम् बनाई मध्यभागमा ठुलो वज्र अंकुली बनाई स्थापना गरी बौद्धहरुकन जगाया. यस्ता वीर ई राजा हुन् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी ई राजाले जौभन्वस्तापूर्णार्थ अस्त्रीभोगलक्षणयोगिनीकिर्या पुराउनाका इच्छाले स्त्री,हरु बुझाई मनोमान गराई क्रिया गर्दामा तिन हजारसम्म पुगदा एक् बालख स्त्री संभोग गर्दा त्यो स्त्री मरी र इ राजाकन ठुलो पाप भयो भनी श्रीपशुपतिनाथमा गई ३ मैन्हासम्म बसी कोटीलिंग स्थापना गरी बीचमा बाटुलो देवल बनाई कोटीआहुति जग्गे गरी अघीको बिग्ग्राको गजूर बनाई श्रीपशुपतिनाथकन चह्राया. सब परियारकन दक्षिण दर्बाजामा सिला खम्ब चार स्थापना गरी सब परियारको मूर्ति बनाई सालीक स्थापना गरी चतुर्थी गर्दा ग्रामका उत्तरपट्टि धेरै गौचर सङ्कल्प गरी भुरानखेल नाम राख्या ॥

फेरी ई राजाले श्रीपशपतिनाथप्रारम्भ कान्तिपूरपर्यन्त लिंगाकार देवल बनाई शिव स्थापना गरी देवलय एक चार प्रमाण राखी बनाई स्थापना गराया ॥ फेरी एकै पताल् श्रीपशुपतीनाथका गजुरदेखी बाधी ल्याई मोहनचोकका महादेवसम्म बाधीकन श्रीपशुपतिनाथमा चढाया ॥ येती गरीकन पाप छुटाया ॥ इ राजाको महिमा अपार छ ॥

फेरी महाराष्ट्र देशदेखी लम्बकर्ण नाउ भयाका १ भट्ट ब्राह्मण आई कुलेश्वरमा बसि राजा प्रजा सबै हेरी देशको लक्षण सबै विचार गरी सहरभित्र आई राजासित भेट गर्दा राजाले विचार गरी उत्तम पुरुष् हुन् भनी गुरुपदवी दी इन्का आज्ञा मानि देगुतलिमा बाहंचांतर गरी यथाक्रमले देवल पनी अघीभन्दा उचो तिन् तला छानाका धनपत्र राखि जगाई ठुलो खम्ब खडा गरी सब परियारको मूर्ति राखी शालिक प्रत्यक्ष गरी स्थापना गराया ॥

फेरि यै वर्षमा चोभारका नागले वागमति बढाई पशुपतिनाथका आर्यातीर्थमा पानी थुनी श्रीपशुपतिनाथको निवीलि जान्या जलद्वार वाट नाग भित्र गई अनेक द्रव्य हिरा मोति माणिक रत्नहरु सबै त्याग गरी कवचमा जडीराख्याको एकमुखी रुद्राक्ष चोरी लैजान तयार गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाशुकी नागले था पाया र अकस्मात् जलमा फाल हाली नाग समाति रुद्राक्ष ल्याई जलहरीमा राखी गया. यो रुद्राक्ष कस्तो भन्या परापूर्वमा मोहन्सीं महाजनले कवच चह्राउने वेलामा १ फकीर सन्यासि भेष भै आइ दक्षीण मुखमा चह्राउ भनी दियाको हो. येति भयापछी सबै जनाले हेरीरहदा जल बगी सकेपछि राजराज्येश्वरीमा ठूलो एक नाग मरीरहच्याको देखी राजालाई भन्न गया र राजा गुरुसहीत गरी आई लम्बकर्ण भट्टले सास हेरी ठहराई नागको गवन बंध सदासर्वदा गरी वासुकी नाग जगाई अघीको बिग्रेको देवल बनाइ गजुर चढाया. फेरी १ बाजा रातको चार प्रहर बजाउनु भनी धंपाति नाम गुठी राखीदिया. तेस्दीनदेखि नागको भय भयेन.

फेरी ई राजाका पालामा मिथिल देशदेखि नृसिंह ठाकुर ब्राह्मण एक् ठुला सामर्थी कान्तिपूरमा प्रवेश हुन आया. ई ठाकुर ब्राह्मण कस्ता भन्या मिथिल देशमा नृसिंह देवताको मूल मंत्र पाई तिन् वर्षसम्म मन्त्र पुरश्चरण गरी नृसिंह साधना गरी स्वसिद्ध प्रकाश भै नेपालमा आयाका हुन्. ई ब्राह्मण आइ पचलीभैरवमा आश्रम गरीरहदा राजा गई भेट गर्न गया र ब्राह्मणको शक्ति स्वभावदेखि प्रणाम गरी राजा खुसि भै गुरु पद्वी दी बडो सन्मान गरी राख्या. केही दीनपछि महाकालसंहिताग्रन्थ हेरी श्लेष्मान्तकवनमा आई उत्तरपट्टि खोज गरीरहदावेलामा कोहि एक खड्गी १ तैलकार ई दुइ जनाको अङ्गलक्षण विचार गरी इश्वरीको कुण्ड एही स्थान हो भनी ठहराई राजा प्रजा सबै गई खनाइ पीठ जगाउदा इश्वरी प्रत्यक्ष भै आइरउला. फलांका दलिन राखि भित्र खण्डमा इश्वरीको जलज्वाला ढाकी अष्टमण्डलपत्र जंत्राकार भैरवसहित बनाई स्थापना गराया. अघीका श्लेष्मान्तक् नागादि दुर्गा गण हिंसा नृसिंह भैरव स्थापन सबै जगाई बाहिर खण्डमा चार कोण पर्खाल बनाई खम्बमा सिंह शालिक राखी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंगावर्ण सवै देवताहरु यथाक्रमले स्थापना गरी श्रीगुह्यकाली महामायाकन प्रकाश गराया ॥

ई नृसिंह ठाकुर अती देवी भक्ती देवी संभाषणसामर्थ इन्‌ले धेरै दीनदेखिका सेवा गरी प्रसन्न गराई नेपालवासि सवै राजा प्रजा रक्षा गरुँला भनी देवीले आज्ञा गरीन्. फेरी देवीले यो आज्ञा गर्दो भइन्. नेपालदेखी दक्षिण दिशामा मेरो एक स्मसान दक्षिण नाम गरचाको छ. ताहा बाडाह(रु)ले खलवल्याई राख्याका छन्. महाभयानक भयाको छ. तिमी गई सांत पीठ गराई आउ भनी भन्दा देवीको आज्ञा सुनी आफु गई दक्षिणकाली देवी गणहरु यथास्थित गरी अभ्यन्तर मन्त्रले नृसिंह भैरव जगाई चारै वर्णहरु सबैको रक्षा गराया. इन् दिन्‌देखी श्रीदक्षिणकाली प्रकाश भयाको हो. बाडाहरुको पुजाविधान् निषिद्ध गराईदिया. यस् कारणले बाडाहरुको गमन् हुदा इचंगु जोगिनी जगाई आफ्ना स्वकर्म चलाया ॥

फेरी ई ठाकुरले फुलचोकवनमा नीलताराको पीठ अगम् भयाको देवी बुझाई सदा गमन गराया ॥ नेपालीसम्वत् ७७४ मा श्रीगुहचकालीसग बिदा मागि ई ठाकुर काशि गई प्राणायां गरी शुन्य समाधिमा गया ॥ फेरी ई ठाकुरका मन्त्र बल प्रसाद पाउनाले हरिसिद्धि नृत्यविधान्‌ले ललीतपूर गाबाहाल्का ब्राह्मणलाई सारा अधिकार यथास्थित गरी देवीको नाच जगाया ॥

फेरी ई राजाले जामन गुभाजु भै जापातुं नाम इनार बनाया. यो इदार मेघ सुन्य हुँदामा मात्र चलाउन्या गरी बनायाको हो. अघीपछी कैले पनी नहेर्नू भनी सिद्ध कूप बनाया.

फेरी ई राजाले श्रीगुह्यकालिका सुसारचा तेली खड्गी गरी राखिदिया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी ई राजाले जामन् गुभाजु लम्बकर्ण भट्ट आफु तिन् जनासहित भै अनेक पीठमा गई जगाई नानातरहका तमासा हे{री} सुखभोग गरीरहदा एक दिन् घुंन जादा रात परचो र डंकिनीहरु सवै मिली पीठहरुमा सेवा गर्न गयाका रह्याछन्. लम्बकर्ण भट्टले आज ता घंटाकर्णचतुर्दसी हो भनी सुनाईदिया र राजाले सव डंकिनीहरु समाति सास्ति गरूला भनि समाति सहर घुमाई पञ्चसुतले बाधि दिग्वन्धन देस अगम डाकिनीमन्त्र नास गरी राखि तिनैजना फर्कि आया. भोलीपल्ट सबैले हेर्न जादा ड़ाकिनीहरु सबै देशभित्र जान नसकि चारैदिशामा लोटी मुख मात्र ढाकीरहच्याको देखी सबैको मुख खोली हेर्दा आफ्नी रानी, काजिकी स्त्रीहरु अरु अनेक जातहरु छोटा बडा सबैका स्वास्निहरु अलेख भैरह्याका डाकिनीहरु देखदा असत्य कर्म भनी चाडै पञ्चसूत्र झिकीदिया र डाकिनीहरु स्वस्थानमा गया ॥

फेरी एक दीन् घुंन जादा ललीतपूरमा धेरै बौद्धमार्गीहरु ज्मा भै चर्चा गरी भोज खाईरहच्यामा राजाले तमासा हेरू भनी घरमा मन्त्र प्रयोग गर्दा घरभित्र वाडाहरु सबै रून लाग्या. फेरी क्षणमात्रमा विकराल स्वर गरी कराया.येस्ता तरहले दुई घर {त}मासा गरी आया ॥

फेरी नेपालमा गणेशहरु ३ प्रत्यक्ष हुन् भनी जगाया. कांतिपूरका लगाका ४ गणेश चाबहेलको गणेश भनी जगाया. ललीतपूरको चोभारका चन्द्रविनायक भगतपूर लगाभर्को सूर्यविनायक येति तीन गणेश सहरका मूल गणेश हुन् भनी जगाया ॥

फेरी ई राजाले भीमसेनका दुई मुर्ति बुझाई यथाक्रमले बाटामा पाटापिछे हंस टोलपिछे वोका दोबाटापिछे रागा बलीदान दीकन ल्याई दर्बार ल्याया. द्रौपदीको मूर्ति बनाइ जीवन्यास दी कलसमा राख्याको व्यास मुनीले कन्यादान गराई अघीका भीमसेनहरु २ का बीचमा राखि तेही कर्मले मार्गविधि गरी स्वस्थानमा बसाया ॥ इन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्देखि द्रौपदी बिचमा रहदा दुई युग्म भीमसेनका मूर्तिको उपद्रव सांत भयो ॥ अघी केही कारणले २ भिमसेनका मूर्ति भयाको हो. एक् तामस् मूर्ति एक सांत मूर्ति.

फेरी ई राजाले अघी गंगारानीको पालादेखि सती जाने स्त्रीहरुकन सिन्दुर सुपारि मुगुधान् १ रुपैत्रा १ दिन्या मर्यादा गरी कान्तिपूरको लगापात् पूरको लगापात्भरी चलाया. दर्बारबाट अवतक दिदैछन् ॥

फेरी ई राजाले श्रीपशुपतिनाथको देवलभीत्र अघीको तावाको बसाहा पुरानो भो भनी चादिको बसाहा ढलवट् बनाई जीवन्यास गरी राखीदिया ॥ केही दिनपछि त्यो बसाहाले देवपाटन्का लगामा रातमा गई दुनिञाहरुको बाली खाई नास गरचो र यो बसाहाको उपद्रव हो भनी ठहराई भडारमा बसाहा राखीदिया. अवतक् छदैछ ॥ फेरी पशुपतिनाथका भित्र देवलमा तामाको बसाहा राखीदिया ॥

फेरी ललीतपूरका गुभाजुले सर्पाहुती यग्य गर्दा ई राजा ठुलो विषधर सर्प भैकन हेर्न जादा त्यो गुभाजुले चिन्हि पुर्णाहुति गरुला भनि आफ्नो जग्याहुति सबै सकि पूर्णाहुति गर्न तयार भैरहदा जामन गुभाजुले अब बिगार पर्न लाग्यो भनी गरुड भैकन गई सर्प भैरहचाका राजालाई बचाया ॥

फेरी इनै साल्मा बार वर्षका राजाले बनायाको हरिसिद्धिको नाचको वेलामा ई दर्बारमा देवीको नाच भैरहचाको रातमा ई राजाले तमासा हेर्नका ईच्छाले एकाकी गरी जादा हिटीचोकका डबलीमा मनुष्य रूप मैत्रिशक्ति मूर्ति अती सुन्दरी देख्या र राजाले नचिन्हि सुन्दरी स्त्री देखी हस्तक्रिया गर्न तयार हुदा तेस् वेलामा देवी कोप भै राजाकन भनिन्. हे राजन् तिमि अति छिनार कर्म गर्दा रहेछौ. अब तिम्रो राज्यभोग यत्तिकै मात्र रहेछ भनी देवी कोप भै अन्तर्ध्यान हुनुभयो. यो सुनी राजा ठुलो अचेत भै लोटचा. कोहि बाटामा हिडनेले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाकन बोकी दर्बारभित्र लगीदियो. २ घडी मात्र वाचि राजा स्वर्ग्य भये ॥ नेपालसम्वत् ७८० मा ॥

अस्य पुत्र पार्थिपिन्द्र मल्ल. इ राजाले मेरा पिताकन विसर्जन गरचा भनी हरिसिद्धिको नाच मेरा सन्तानभ{र} कांतिपूरमा नल्याउनू भनी मनाहि गरिदिया. कांतिपूरको साटो देवपाटन्मा नचाउन्या रित बसाया.

फेरी ई राजाका पालामा भिंष्वाल् प्रधान् भयाको थियो. तिन्ले राजा बक्साई श्रीपशुपतिनाथका चारै दर्बाजामा सुन्को खम्ब तोरण चढाया. फेरी महास्नान् पञ्चविशति प्रस्तले गुठ् राखि कार्तिकशुक्ल पौर्णमासिका दिन प्रतिवर्ष चलाया. फेरी ई राजाका पालामा श्रीपशुपतिनाथमा पूजा गर्ने आफ्ना स्वईच्छाले नेपाल छोडि विदा भैगया ॥

फेरि इ पूजारिपछि कोहि सदानन्द खोटासन्यासि आई टंकेश्वरमा आश्रम गरि बस्याका छन् भनी राजाले सुनी भेट गर्न गया र पूजकयोग्य ठहराई श्रीपशुपतिनाथका पूजक गराया. इ राजाले देवपाटन्को लग्गामा सालिंदा असिनाको भय हुन्थ्यो र ई स्वामिसित मतो गरी असिनानिवारणनिमित्त यथाक्रमले श्रीपशुपतिनाथका पश्चिम दिसामा श्रीदक्षिणमूर्ति ऋषि आवाहन गरी स्थापना गरचा. अगंमूर्ति भनि चलाई गुठि राखि असिना निवारण गराया.

फेरि ई राजाले देवपाटन्मा तिनाधाल् भनेको ठाउँमा इट् झिँगटी धेरै बनाई यथाक्रमले बोकाई लादा राजा आफैले बोकि लगेको देखि सबै प्रजा आई धर्मनिमित्त रातृमा वसारिदिया. श्रीपशुपतिनाथको देवल गंगारानीको पालादेखि बनायाको विग्र्यो र भुवनेश्वरी रानीसहित भै देवल यथाक्रमले बनाई बसाया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी इ राजाका पालामा तेह्रौतिया ब्राह्मण धर्मइच्छाले चागुनारायणमा भोज खुवाउन जादा गोत्रहत्या गऱ्या र तिन्का सर्वस्व सर्कार दाखिल् भो. राजाले ब्रह्मस्व खानुछैन भनी सबै धन् ज्मा गर्दा तिन् लाख ज्मा भयो र यो धन्ले भैरवका अग्रभागमा ठुलो लिंगाकार पाषाणको देवल बनाई अष्ट धातुको प्रयोग भुवनेश्वर नाम शिवमूर्ति स्थापना गरी बसायां. धेरै खेत गुठी राखि नित्यार्चन गराया ॥ फेरि यै धनले सिंभुको लिंग जिर्ण भयो भनि नऱ्या सालवृक्ष ल्याई लिंग खडा गरी भगवानका मूर्ति पाचै सिलाका देवलदेखि पश्चिम दिशामा सारिदिया. सुनका पाचै मूर्ति बनाई स्थापना गराया ॥ फेरी यो धनले श्रीपशुपतिनाथका पुजाहारि स्वामीसित सल्लाह गरी शिवार्चन्चन्द्रिका सास्त्र प्रमाण गरी श्रीपशुपतिनाथकन वर्षबन्धन् असेर्स अगमागमनवर्जिति पापक्षयहेतुनिमित्त कैलासकुसुमारोहण नाम गरी प्रतिवर्ष चलाया. धेरै खेत गुठी राखीदिया. एति गर्दा पनि धन् धेरै बाकी रहचो र वज्रयोगिनी, चागुनारायणको देवल अघीको पुरानो भयो भनी जिर्णोद्धार गरी बनाया ॥ फेरी जयवागेश्वरीको देवल द्विपत्र जंत्राकार गरी बनाया ॥ येति गरीकन बाकि रहचाको सबै भोका प्यासा अभ्यागतहरुकन भोज ख्वाई समाप्त गराया ॥

इ राजाका पालामा अकस्मात् एक दिनका रातमा जयवागेश्वरीमा चोर पसि गहना सबै चोरि धोक्रामा राखि बाहिर ल्याई पाटिमा बश्न आयो र ताहाबाट चोर उठन नसकीरह्याका रहेछ र सबै चौकीदारहरुले हाहाकार गरीरहदा राजा गई हेर्न जादा त्यो चोर धोक्रो ली बोल्न उठ्न नसकीरहचाको राजाले देखी चोर समाति हेर्दा देवीको गहना सबै यथास्थितै थियो र गहना देवीलाई दिई चोर मारचा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी ई राजाका भाई नृपेन्द्र मल्ल पितृपक्षका औसिका दिन मरण भये र ब्राह्मणद्वारा काजकाम चलाया ॥

फेरी ई राजाका पालामा सवासिं राजाले काशिमा अश्वमेध यग्य गर्दा सवै मुलुकभरमा कर लीकन रहदा वेलामा ई राजाले सुन्या र हामीले पनी त्यो अश्वमेध यग्यको पुण्य भाग लिनुपर्छ भनी लडाई नगरी यग्यमा चाहिने नेपालका चीजबीज सौगात् पठाईदिया र सवासिं राजा खुसि गराया ॥

फेरी ई राजाका पालामा लल्ला झा भन्याका ब्राह्मणले श्रीगुह्यचेश्वरीमा कंवज यन्त्राकार बनाई राजासहित भै चह्राया ॥ प्रतिवर्ष बालाचतुर्दसीका दीनमा आजतक् राख्दैछन् ॥

फेरी ई राजाका पालामा महन्त भन्याका कोहि एक बाडा लासा गयाका थिया. तेस् बखत् कांतिपूरको लगन्मा धेरै घरैघरमा आगो लाग्यो र कालिकाका प्रसादले ई बाडाले मन्त्र गरी चिया पकायाको पानि लासाबाट छर्कि ल्याया र कान्तिपूरमा ठुलो झरि भै अग्नि समन् गराया ॥ यस्ता ग्यानि राजा देविप्रिय नेपालसम्वत् ७९० मा सुन्यसमाधिमा गया ॥

अस्य पुत्र भूपालेन्द्र मल्ल वर्ष १४. ई राजाका पालामा भिमलानन्द स्वामि श्रीपशुपतिनाथका पुजारि भयाका थिया. येही वर्षमा राधवानन्द भन्याका खोटासन्यासि आई श्रीपशुपतिनाथको दर्शन गर्न आया र ई स्वामिलाई राजा बक्साई पुजाहारि गरी विमलानन्द स्वामि कासिमा गई उद्धार भया ॥ फेरी ई स्वामिले जन्त्राकारले मठ् बनाई मंत्रले गंगा साधना गरी आफुले नित्य स्नान गरी लोकजन सवैले धन्य कहलाई श्रीपशुपतिनाथका नित्य सेवा गर्दथ्या. ई स्वामिले अघीको पवित्रारोहण जगाईदिया. स्वामि बस्याको घर वनाई वर्षधन् चह्राउदै थिया. ई स्वामिले आफुले घर वनायाको मठ्भित्र वनाउने रित चलाया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्रारोहण दमनारोहणको खर्च स्वामिको खांगिको द्रव्य चह्राउनु भनी चलाया ॥ फेरी ई स्वामिले श्रीखण्ड चन्दनले लेखि बडो गुप्त गरी नित्य लगी श्रीपशुपतिनाथका ईसानमा राखि आवर्ण देवता विधि गरी प्रजाले धन्य कहलाई कर्म चलाया ॥

फेरी ई राजाका पालामा कोही कान्तिपूरको नेवार कोचि नाम् गरेको थियो. तेश्ले सधै उत्तर भागमा लुटी इन्द्रायणि पिठ्मा राति सेवा गर्न जान्थ्यो. एक दीन पीठमा नेपालेश्वरी वत्सलादेवी आइ वस्ता वत्सलादेवीका सयन्त्र देख्यो र स्वामिकन भेटी यो सब वृत्तान्त भन्यो. स्वामिले नेवारको आसय जानी राजा बक्साई प्रेतचतुर्दसीका दिन जुगादिदेखी नाना विधान्ले पुजा गरीराख्याको नेपालेस्वरी वत्सलादेवीकन खुसी गराई अमावास्याका दिन प्रधान्हरुका जात्रा प्रतिपदाका दिन स्वामि आई श्रीपशुपतिनाथकन रातभर जगाई इश्वर इश्वरी कुसहल लीला गरी १ धार्नी १ सेर सिंदुर छरी प्रतिवर्ष रथयात्रा गराया ॥ ई स्वामिले राजा बक्साई यै नेवार कोचि नाम् प्रधानलाई धेरै द्रव्य खर्च गरी भनी देवपाटन्को प्रधान् गराईदिया ॥ इ स्वामिले फेरी म जस्तो स्वामि इच्छा भया मलाइ वाग्मतिवारि राखनु इच्छा नभया पारि राखनु भनी सुन्यसमाधिमा गये ॥ राजाका नगीचमा रहन्या दुर्जनहरुले स्वामिहरु श्रीपशुपतिनाथमा राखन गाह्रो भनी वाग्मतिपारि लगी समाधिमा राख्या ॥ इन् दिनदेखि स्वामि पुजाहारिमा आयेनन् ॥

फेरि वत्सलादेवीको जात्रा भयाको ४ वर्षपछि रानीलाई स्वप्ना भयो र राजारानी आई श्रीपशुपतिनाथकन पुजा गरी बक्साई श्वेतविनायकका कवच मूर्ति बनाई धेरै गुठी राखि बाडाहरु गुठियार गराइ कार्तिकसुदी पूर्णिमाका दिन र प्रतिपदाका दिन प्रतिवर्ष रथयात्रा गराया ॥

फेरी इ राजाले गणेशको जात्रा गर्न आउदा रजिकहरु सबै मिली विंति गर्दा राजाले रजीककूप बनाईदिया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी ई राजाका पालामा प्रेतचतुर्दसीका दिनको रातिमा एक रानी मरीन् र कान्तिपूरमा धेरै देवदेवताको जात्रा आधा मात्र गर्न पाये. औसीका दिन हुनेचाहि सबै बन्ध गरीदिया ॥ श्रीवत्सलादेवीको जात्रा मात्र क्रमैसँग चलाया ॥ ई राजा नेपालीसम्वत् ८०४ मा सांत भया ॥

अस्य पुत्र भास्कर मल्ल वर्ष ८. ई राजा धेरै चंचल धेरै पक्षिहरु पालीरहने अनेक ठाऊमा घुम्नुपर्ने एक दिन् घुम्दा २ जङ्गलमा गई लावालस्करसहित भई मधुवन्सम्म पुगी हात्तिको सिकार गरी ठुलाठुला ७ गोटा हात्ति ल्याई दर्वारमा लग्या. तेस् दिनदेखि पण्डितहरूले इ राजाको नां गजपति महिन्द्र मल्ल राख्या ॥ राजाले ब्राह्मण पण्डितहरुदेखि सदासर्वदा खुसि भै आफ्ना लगाभर तर्‍यानिमा हात्तिको सिकार गर्दा ब्राह्मणहरूलाई धेरै बिर्ता दिया. तेस् बखतमा थरवट् वासि थारुहरू धेरै आइ राजालाई सौगात (च)ह्राई कर जोरि धान माग्दा राजा खुसि भै धेरै जग्गा बकस भयो. भुयार नाम जात गराई आया ॥ अजतक् छदैछन् ॥

फेरी ई राजाले नेपालभरका सबै ब्राह्मणहरूलाई असङ्ख्य बिर्ता दान गरीदिया. यस्ता दानि राजा हुन् ॥

इ राजाका २ विवाहिता रानि थिया. रानिसाहेब मैज्यू दुइ थिया. ई चार स्त्रीहरुसित रसक्रीडा गरी किम्डोलमा सुन्दर साला बनाई सदासर्वदा रसरङ्ग गर्दथ्या. इ राजाको २२ वर्षको उमेर भयाका सालमा अकस्मात् महामारि नाम १ देवी १२० वर्षमा आउन्या महामारिदेवी आई कान्तिपूर सहरमा प्राप्त भयो. कस्तो रोग भने कर्णसंधी कपोलबेथा क्षणमात्रमा प्राणत्याग यस्तो बेथा आई देसभरमा दिनु ३/४ हजार प्राणी मर्न लागे. कोइकोइ ग्यानिहरु आर्यातिर्थमा जादै मर्दै गरचा. कोहिकोहि पचलीमा को{हि}कोहि विष्नुमतिमा कोहि आधा बाटामा यस्ता तरहले २ वर्षसम्म मर्दै गया. श्रीपशुपतिनाथका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिण मुखमा विकराल दन्त प्रकाश भयो. नवग्रहहरू पनि घोप्टि उल्टो गरी बस्न गये. प्रजाहरू पनि ८०/१०० मर्न लागे. यस्का डरले प्रजाहरु त्राहि २ भइ सहर छाडि अन्यत्र जान लागे. यस्वखत्मा झगल् ठकुरी काजीले राजा १ रानी २ टहलुवा १ जमा जना ४ मात्र किंडोल्मा न्यास जमा राखी ठुलो बन्दवस्त गरी राजारानी किंडोलबहालभित्र लुकाइ ६ मैन्हासम्म राख्या ॥ दुनिजाहरु दिनप्रति धेर मर्न लाग्या. तेस् वेलामा कोहि एक जोगी आई झगल काजीकन भने हे गमांर काजी तेरो सान्तिस्वस्तिले महामारिदेवी संतोष हुन्याछैनन्. देसि पर्देसि सबैलाइ इच्छाभोजन गराउ र देवी सान्त होलिन्. श्रीपशुपतिनाथ पनि खुसि हुनन्. येति भेद बताई जोगी आफ्ना स्थानमा गया ॥ ई काजीले जोगीले भनेबमोजिं सहरवासि सबैलाई बोलाई हनुमानढोकामा इच्छाभोजन गराया. ४ दिनसम्म ठुलो अन्नदान गर्दा मरण पनि धेरै सान्त भयो. यस् दीनमा कोही एक ज्यापू किंडोलसंधीमा खेति गर्न जादा राजाले झ्यालबाट सोधन लागे. हे ज्यापू देसको हाल केके छ भन् भन्दा ज्यापुले हे महाराज् आज ४ दिन भो धेरै कम भयाको छ भनि बिन्ति गरचो. येति समाचार सुनी तेहि झ्यालबाट राजा फाल हाली रानिहरुले थामन नसकी बडो वेगले आई दर्बारमा प्रवेश गरचा. यसै दिनमा मैजुहरुसित बसेका रातिमा महामारिदेवीको दृष्टि भयो र राजा सुन्यमा गया ॥ नेपालसम्वत् ८१२ मिति पौषशुदी १५ रोज ७ का दिन मरण भया. इनै राजाका पालामा २ वर्षसम्म महामारिदेवीले पिडा गर्दा श्रेष्ठ भाजुहरुको मृतक धेरै भयो र किसानिहरुकन बोलाई आफ्नाआफ्ना इष्टदेवता बोलाई जगाई गुठी तुल्याई मर्णकालमा सामेल हुन्या रित चलाया. अघी भाजुहरुको गुठी थियेन ॥ आफुआफैले दाह गर्दथे. असक्त भयो र ज्यापुहरुले मुर्दा उठाउन्या रित चलाया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि तेसै वर्षमा दर्वारका कौमारि केहि कारणले सुन्य भैगया र चाबेल देउपाटन्का कौमारि लगी आसन् राखि सन्मान् गरि नित्यकर्म चलाया ॥ इ दुइ मैन्हासम्म राखि कुमारिकन सन्मान गरी आर्को कुमारि साटो राखि संभारसित फर्काइदिया ॥

अबउप्रान्त कान्तिपूर राजधानीमा सूर्यवंसि सुन्य भया भनी लोकहरुले हाहाकार गरी रानि २ मैजु २४ जनाले प्रजाहरु बोलाई सखि कोहि एक् सूर्यवंशीका छोरिपट्टिका नाति जगजय मल्ल नाम गरचाका राजपुत्र ल्याई प्रजाहरु राजी गरी गादिमा राखि लोकजनले धन्य कहलाई रानीहरु ४ जना यथाक्रमले सति गया ॥ राजराजेश्वरीके स्मसानमा अग्निदाह भयापछि आधा सरिर जल्यो र स्मसानबाट जेठि रानि उठी कर जोरी बोलिन्. अहो लोकपञ्च हामीलाई बडो कष्ट भयो संतान सुन्य. राजाले सजीवमा धेरै पन्छि पालि बन्धन् गरचाका पापले रानी २ नर्कमा गाडिया. राजालाई असंख्य प्वाखले छोप्यो. हामि २ जनाले राजाका आँगको प्वाख उखेल्दैछौ निखार्न सकेको छैन. हाम्रो उद्धारका निमित्त केहि धर्मसाला सदावर्त गराइदेउ. काशीमा पनी ब्राह्मणभोजन गर्न पठाइदेउ. अब यो नेपालमा तिनै सहरका सूर्यवंसि सबै लोप भै जानेछन्. केहि दिन्पछि पश्चिं दिसादेखि सोमवंशि कहलाई शाहपद्वि गरचाका राजा आइ भोग गर्न्याछन् भनी सति लोटी जलिन् ॥ इन् दिनदेखि महामारि सान्त भयो ॥ कति मरे भनि झगल काजिले हिसाप गर्दा २ वर्षमा अठ्ठार हज्जार सात सय चौध मरेछन् ॥

फेरि झगल काजीले सतिको वचन प्रमाण गरी श्रीजगन्नाथजीको देवल यथाक्रमले बनाइदिया ॥ गुठी राखि स्थापना गराया. काशीमा पनी ब्राह्मणभोजन गर्न पठाया ॥ फेरि असन्टोलको ढोकाबाहिर सतल् धारा मूर्ति बनाई बसाया. प्रतिष्ठा गरी धेरै ब्राह्मणभोजन गराया ॥ ई महामारि कारण भै सूर्यवंसि तिनै सहरमा विसर्जन गर्न आयाकी हुन् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भास्कर मल्लपछि जगजय मल्ल वर्ष ४०. इ राजालाई गुह्यकालीदेवीले ४ दिनअघी एक मैथिलि ब्राह्मणलाई स्वप्ना दिइ मन्त्र सुनाई आउ भनि पठाउनुभयो र ब्राह्मण गई जगजये मल्ललाई आजका ४ दिन्भित्रमा तिमि केहि कारणले राजा हुनेछौ भनी मन्त्र सुनाइदिया ॥ अकस्मात् केहि कारणले राजा भास्कर मल्ल सुन्यसमाधिमा गया र जगजय मल्ल खोजी ल्याई मन्त्रिहरुले गादिमा राख्या. इन दिनदेखि राजा जगजय मल्लले मैथिल ब्राह्मण मेरा इष्टदेवता हुन् भनी धेरै सन्मान् गरी स्वस्थानमा राखि नुवाकोटमा धेरै बिर्ता दिया ॥

फेरी श्रीगुह्यकालिमा रथारोहण कवचले मूर्ति बनाई अखण्ड द्विपज्वाला लिंग ढाली नाना विधिले मन्त्रणा पूजा गरी कांतिपूर लगी बत्तिस् कोठी महाजन राखि धेरै गुठी खेत राखि कर्माचारज्यहरु गुठियार सबै ज्मा गरी मार्गवदी १० रोजका दिन प्रतिवर्ष रथयात्रा गराया ॥ नेपालसम्वत् ८३२ सालदेखि जात्रा प्रारम्भ ॥

इ राजा हुदा इन्का दुइ पुत्र थिया राजेन्द्रप्रकास् १ जयप्रकास् १. येति भयापछि मोहनचोकमा जन्मेका पुत्र ३ राजेप्रकास् १ नरेन्द्रप्रकास् १ चन्द्रप्रकास् १ र कुमुदिनी रानीसहित भै सुखभोग गर्दै थिया.

राजा भयाका ९ वर्षपछि जेठा राजेन्द्रप्रकाश दैवसंयोगले मृत्यु भया र राजाले बडो सोक गरी पुत्रको लक्षणले म राजा भयाको हु. अब मेरो अन्त्यमा जयप्रकाश राजा होला. इन्का पालामा देव धर्म राज्य केहि रहनेछैन भनी बडो सोक गरी ३ मैन्हासम्म बौलाइरहदा ४ थरि खस सिपाहिहरु आई राजाकन बुझाया. हे महाराज यौटा छोराको निमित्त यस्तो शोक गर्नुहुदैन. अरु चार छोरा छदैछन् भन्दा राजाले आफ्नो मनभित्रको दुःख सबै बताया र खस्हरुले यसो भया हामी राज्य प्रकाशकन राजा गरौंला मोहनचोकमा जन्मेका राजा हुनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योग्य हो भनी राजा बुझाई खस्हरु फर्क्या ॥ इन् दिनदेखि जयप्रकाशले खस्हरुकन ठुलो दगा राख्या ॥

याहादेखि केहि काल गयापछि दैवसंयोगले कान्छा पुत्र चन्द्रप्रकाश सांत भया र इन्का निमित्त सहरदेखि पूर्व भागमा टुकुचापारि मिल्म्मजुजुको पोखरी बनाया. फेरि इन्का नामले कोहि शूद्रकन सुवर्णमय गहना लगाइ हिलेजात्रा पठाउदा डेटटोलको एक उदासले ठुलो हास्य गरचो र भोलीपल्ट डराई राजाकन थालभरी सुन् चढाउन जादा लियेनन्. फर्काइदिया. यस्ता निर्लोभि राजा हुन् ॥

इ राजाका पालामा जयवागेश्वरीभित्र चोर पसि गहना सबै चोरि लग्यो र हाहाकार भैरहदा तिन् मैन्हापछि चार पुत्रि पाच वर्षका कुमारिकन देवी प्रादुर्भाव भै आग्या भयो. मेरो चोरहरु हाडिगाँउको ढोकाभित्र पाटिमा बसेको छ भनी देवी प्रादुर्भाव भायाको कुमारिले भन्या र सबै जनालाइ समाति राजा बक्साइ सासना गर्दा सबै गहना पाइयो र अलकार गरि ल्याई देवीकन यथायोग्यले गहना सबै चढ्हाया ॥ चोरकन मारचा ॥

फेरी ई राजाले दर्बारअगाडि राधाकृष्णको देवलमा विष्णुको मूर्ति बनाई गुठ राखि यथाक्रमले बसाया ॥

इ राजाले मैथिलि ब्राह्मणहरु श्रीगुहचकालिका ठुला सेवक हुन् भनि धेरै प्रिति गरीरहदा नेवार थरीहरुले नसहि विनाअपराधमा तेह्रौतिया ब्राह्मणहरुका घरखेत् लुटी खाईदिया. यै वर्षमा वर्षा सुन्य भयो र दुनिञाहरु सबै हाहाकार गर्न लागे. राजाले दुनिञाहरुका उद्धारका निमित्त श्रीपशुपतिनाथकन महाबली भोगनाम गराया. गुठी राखि प्रतिवर्ष कर्म चलाया ॥

फेरी केहि दिनपछि गोर्खाधिपति पृथ्वीनारायण शाह आइ नुवाकोटमा बसी गोर्खालि राजा भनी हुकुम चलाया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्राहापछी ई राजा जगज्जय मल्लले वह्मस्व पनि मेरा पालामा गयो. राज्य पनि घट्यो. अव मैले वाच्नु वेर्थ हो भनी मर्नाका इच्छाले उपासना गर्दा इटंवहालको १ दुष्ट बाडाले भेद बतायो. हे महाराज मञ्जेश्वरीको मूर्ति वनाई श्रीपञ्चमीको जात्रा गरचा शिघ्र मरण होला भनी भेद वतायो र राजाले मनमा राखि गुप्त गरी श्रीमञ्जेश्वरीको मूर्ति वनाइ श्रीपञ्चमीका दिन कान्तिपूरमा ल्याई जात्रा गराया ॥ यो जात्रा गरेको ३ मैन्हा मात्र वाची नेपालसम्वत् ८५२ सालमा सुन्यसमाधिमा गया ॥

अस्य पुत्र जयप्रकाश मल्ल वर्ष ३६. इ राजाले मकन नसहन्या षस्जात्ह[रु] मास्कि. जैसि म{भ}डेल् राज्लवट् यति सबै मिलि राज्यप्रकाशकन राजा गराउला भन्न्या कुल्याहा हुन् भनी जयप्रकाशले कसैको विस्वास नमानी टाढा गरी राख्या ॥

राज्येप्रकाशकन वावुको शुद्धाइ नसकिदै ललीतपूरमा धपाइ पठाया. राज्यप्रकाश जाई वडो कष्ट गरी वाग्मति बाढि आयाको तरि विश्वजित् राजाको सरणमा गई विश्वजित महाराजाले मेरा सन्तान छइनन्. मेरो सेषपछि राजा गराउला भनी राख्या ॥

फेरी ई राजाका पालामा थरिहरुले हामीहरुकन नजीकमा राखेनन् भनी जयप्रकाशका भाई नरेन्द्रप्रकाश मल्लकन बुझाई दर्बारबाट ल्याई देउपाटनमा राखि टुकुचापार पाच ग्राम् साखु, चागु, गोकर्ण, नन्दीग्रामको राजा तुलाया. फेरी थरिहरुले सम्झाया. हे महाराज हजूरहरु ५ भाइमा २ भाई सुन्यसमाधिमा गया. १ भाई ललीतपूरमा गया. तिमी पनी राजा हुन जोग्य हो भनी प्रजाहरुको खेतबालि लुटी विग्रह गरिराखदा ४ महिनासम्म बित्यापछि जयप्रकाश मल्ल राजाले दलसहित गरि आफै गई भाईकन लडाञी गरी जिती लगारि देउपाटन्देखि भगतपूरमा भगाया. नरेन्द्रप्रकाश गइ.शदाशिव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्ल बसेको चोकमा वसि बडो अनाचार भयो भनी सुन्यमा गया ॥ राजा जयप्रकाश मल्लले यो खेल गर्न्या थरीहरुलाइ कसैलाइ मारि कसैलाई सासना गरि छाडचा ॥

केही दिनपछि थरिहरुले जयप्रकाश राजाकन बडो दुष्ट हुन् भनी इन्का पुत्र ज्योतिप्रकाश मल्लकन राजा तुल्याउला भनी दयावती रानी वुझाई १८ मैन्हाका बालखकन राजा तुल्याई थरीघरहरु सवै उठी वलात्कार गरि सहरदेखि राजा जयप्रकाश मल्लकन धपाई पठाया ॥ राजा भागी बहुतै कष्ट सहि मातातीर्थमा बश्न ग्रये ॥ ८ मैन्हापछि तेताबाट पनि लगारि पठाया र गोदावरिमा बश्न गया. तेताबाट पनि वर्ष दीनपछि लगारि पठाया र गोकर्णेश्वरमा बश्न गया ॥ तेताबाट पनि केहि दिनपछि भैमालेहरुले हामिहरुलाई अवजस् होला भनि बश्न दियेनन् र कही वास् नपाई श्रीगुहचेश्वरीमा बश्न गया. राजा केहि दिन् ताहा बस्दा कोहि एक जोगी आई राजाकन १ खड्ग दी तेरो कल्ल्याण होला भनी गया ॥ ताहा बसेको २॥ वर्षपछि फेरि कांतिपूरबाट लावालस्कर धेरै गई धपाउन जादा तेस् वेलामा इश्वर्राको भित्रि खण्डमा राजाले प्रदक्षिणा गर्दा भित्री कुण्डदेखि "वेगात्म त्स्यमेक राज्यहस्ते प्राप्त राजा शिघ्रं भुज्यते" येति प्रत्यक्ष पाई राजा बाहिर आई "खरासानी" नाम घोडा राजाको साथैमा थियो. तेहि घोडामा चढी जोगीले दियेको खड्ग हातमा ली आउदा गौरिघाटमा लस्कर सबै देख्या र दुष्टहरु सबैलाइ भगाया ॥ राजा वेगले गई कोहि गौरिघाटमा मारचा. कोहि कसाईगाउँमा मारचा. कोहि हाडिगाउँमा मारचा. यस्तै तरहले दुष्टहरु मारि राजा गई दर्बार प्रवेश गरी पुत्र राजा जोतिन्द्र मल्लकन काखमा राखि कुल्याहरु सबै समाति खर्च गराया. यस् वेलामा काजीहरु कोहि बिख खाइ मरचो. दयावती रानीकन बिगार्न्या काजीलाइ झुण्ड्याइ मारचा. दयावती दुष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रानीलाई बडो सासना गरी लक्ष्मीपूरमा बन्ध गरी राख्या. रानी तेसै ठाउमा लोप भइन् ॥ यस्ता शत्रुहन्ता राजा दुष्टहरु सबै मारि तिनीहरुको धन्संपत्ति सबै नास गरी सुजन ब्राह्मणहरुको सङ्गत ली निस्कण्टकं राज्यभोग गरचा ॥

केहि दिन्पछि वाबुका पालामा गोर्खालि आइ नुवाकोटवासि भयाका राजाकन आफै गई लडाञि गरी गोर्खालिहरु हटाई नुवाकोट आफ्नो गराया ॥ फेरि ८ वर्षपछि काशिरां था(पा)ले ई गोर्खालि ल्याई नुवाकोट दियो भनि भैमालेहरुले चुक्ली गरचा र श्रावणशुदी १५ का दिन राजा गइ चाबेलनीर बसि गौरिघाटमा जनै मन्त्र गर्न लाग्याको काशिरां थापालाई बोलाई छल्कार गरी मारचा ॥ इ थापाले आजका चारौ दिनभित्रमा हजूरलाइ नुवाकोट भोगग गराउला.इ निकट रहने मंत्र भनि बुझाउनुस् भन्दा पनि नमानि ठुलो थापाकन खराप गराया. ई थापालाई मारचाको राजा चुक्या. राजा जयप्रकाश मल्लले अघीका थरिहरु थापा, बुढाथोकि, बिष्ट, रंगवारि बस्न्यात् इ सबै मेरा दुष्ट हुन् मलाई राजा गर्न्या छैनन् भनी मेरा बाबाकन केहि दिन्मा भन्याको थियो भनी ठुलो रिस गरी थापा मारिदिया ॥ ई थापा मारचाको सुनी नुवाकोटमा पृथ्वीनारायण साहले बडो बडाइ गराया ॥ पृथ्वीनारायण साहले तेह्रौतिया ब्राह्मणहरुका ३२ घरको घरखेत् लुटीदिया र नुवाकोटमा तेह्रौतिया ब्राह्मणहरु बश्न भयेन र आफ्नाआफ्ना सुगम हेरी नेपालमा बश्न आया ॥ इन दिनदेखि राजा जयप्रकाश बिग्रदै गये ॥ काशिरां थापाले बहुतै सोझो गरीरहचाका थिया. इन्लाइ मार्याको राजा चुक्या.

केहि दिन्पछि आफ्ना भाई राज्यप्रकाश मल्ललाई ललीतपूरका छ प्रधान्हरुले नेत्र बन्ध गरिदिया भनि बडो रिस गरि {रि}स गरी ठुलो जुक्ति गरि छ प्रधान्कन बोलाइ बन्धन् गरि देस घुमाइ पसल्पिछे १।१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुठी च्यूरा मगाइ दिनप्रति नुहाउन जादामा प्रधान्हरुका स्वास्निहरुले मायाले खुवाउन आउन्या स्वास्निहरु सबै समाति डाकिनीको भेष बनाइ आफ्नाआफ्ना पुरुषसग राखि पौरोहाके भन्या उपद्रव गरी देस घुमाइ बडो फजीत गरी देस घुमाई छाडिदिया ॥ छ प्रधान्हरु आफ्नोआफ्नो स्थान् ललीतपूरमा बश्न गया. यो उपद्रव गरचाको र ाजा चुक्चा ॥ इन् दिनदेखि छ प्रधान् राजा जयप्रकाशको तखत उठाउन्या जुक्ति गर्न लाग्या ॥ यो कुरा सुनी गोर्खाली राजाले ठुलो बढाइ गरचा.

इ जयप्रकाश मल्लले कसैको खातिर नगरी श्रीगुह्यकालीले फकीर रूप भै खड्गदान प्रसन्न भै दियाको छ भनी खुसि भै श्रीगुह्यकालीघाट बनाई धर्मसालाघर बनाई धन्य कहलाया. वाग्मति उत्तरवाहिनी भयाको सोभ्को गरी बनाइ धेरै खेत उकासी गुठी राखि नित्य आरति जगाई वर्ष दिनमा २ नवरात्रि अखण्ड दीप पुरश्चरण शान्तिपुजा ब्राह्मणद्वारा गरी बसाया. उत्तरवाहिनी भैरह्याकी वागमतिकन सोभ्को गरी बनाइदियाको राजालाई दुर्बुद्धि भयाको हो ॥ फेरि मेरा बाबाले इनै गुह्यकालीको जात्रा बनायाको हो भनि अनेक जातहरुकन भोजन खुवाउन्या रीत गरि चलाया ॥ फेरी श्रीपशुपतिनाथमा पनी ठुलो चौधरा बनाइ कोटि पार्थिवपुजा गरि बसाया ॥

फेरि लुटीकोटमा बालाज्यू अचारहरुका स्थापना जगाई एकविंशति २१ नत्रा धारा बनाइ बसाया. गण्डकीको जलसिद्धान्त ठहराइ धर्मसालाहरु बनाइ गुठी राखि् धन्य भनाया ॥ इनै वर्षमा कृष्णागण्डकी पैह्रो गइ थुनीयो र धेरै सालिग्रामहरु ल्याइ श्रीपशुपतिनाथमा र वासुकीमा चह्राया ॥ इन् दिन्देखि नेपालमा सालिग्राम फिजियो.

फेरी यै सालमा जयवागेश्वरीमा चोर पसि गहना सबै चोरि लग्यो र गंगाधर झा भनेको कोहि काजि थियो. तिन्ले दर्बारमा जान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दा एट्खाटोलमा पाटीमा बसिरह्याको एक नेवार जस्तो देखेर समाति लगी राजा बक्साई सासना गर्दा जयवागेश्वरीको चोर ठहराइ गहना सबै झिकी ३ मैन्हाका बीचमा देवीकन यथास्थिति गरी चढाया ॥

इ राजाको चमत्कार सुनी धर्मसाला बनायाको देखि भक्तपूरका राजा रणजीत मल्लले सहन नसकी ४ जना भोटेहरु पठाई श्रीगुह्यकालिमा विघ्न गर्न पठाया. तिनीहरु आई ठुलो घण्ट फोरि भित्र पसि भैर{व} उल्टाई मूल कलस चोरि लैजादा चोरहरुको आखा बन्द भयो र कलस फालि गया. ६ मैन्हापछि कलस् पाइयो र यथास्थिति गरि चढाया ॥

फेरि केहि दिनपछि ललीतपूरको भिंष्वाल धइ नाम गरचाको काजि थियो. तेश्ले राजा जयप्रकाश मल्लका बन्धनमा बश्न्याछैन अरु गोर्खाली राजालाइ सलाम पनी गर्न्याछैन भनी भन्याको कुरा राजा जयप्रकाशले सुनी गुरु देवानन्द भाजु पठाइ जुक्ति गरी जनैको धर्म गरी ल्याई बन्धन गरी मोचन गराया ॥ ई काजी मोचन गरायाको राजा चुक्या.

ई कुरा सुनी राजा पृथ्वीनारायण साहले बढाई गरी किर्तिपूरमा आई नैकापमा धेरै लस्करले सहित भै बस्या ॥ येस् वेलामा राजा जयप्रकाश मल्लले धेरै लस्कर ज्मा गरी गया र ठुलो लडाञी पर्‍यो. यस् वेलामा जयवागेश्वरिदेवीले आफ्नो देवल झल्झलाकार गरी केही स्वरुप देखाई गइ लडाञी हुने वेलामा ई देवीका प्रभावले महा घनघोर अन्धाधुन्धसँग लडाञी भयो. देउपाटन्का सिपाहि एकको प्रथम प्रहारले सूरप्रताप शाहको आखामा लागी फुट्यो र एकाक्षि भये ॥ फेरि कालु पाडे पनी पर्‍या. १२ घडीसम्म लडाञी हुदा दुवैपट्टिका लस्कर साफ भया. शक्तिवल्लभ सर्दारले मदेसदेखि ल्याई राख्याका सिपाहिहरु १२००० बाह्र हजार पनि ताहि स्वाहा भयो. यस् वेलामा १ पुतुवार १ कसाहि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इ दुइ जनाले राजा पृथ्विनारायण साहलाई बोकि रातारात गरी नुवाकोटमा पुरचाइदिया. राजा पृथ्वीनारायण साहले इ २ जनालाई अति नजीक गरी राख्या ॥ राजा जयप्रकाश मल्लले अबउप्रान्त गोर्खाली सबै सुन्न्य भयो भनी ठुलो हर्ष मानी फर्कि आया. विचार नगरी फर्किआयाको चुक भयो. इन दिनदेखि गोर्खाली राजा १८ वर्षसम्म हटीरहचा ॥

राजा जयप्रकाश खुसिसँग रहदा श्रीकङ्केश्वरीमा वर्षप्रति श्रीकंकेस्वरीमा ढुंगाले हानाहान गर्ने रित मनाइ गरिदिया र रात्रिमा बडो शब्द त्रिवाल भयाको राजा प्रजा सबैले सुनी फेरि खेलाया ॥

इ जयप्रकाश मल्ल राजाले श्रीकुमारी देवीकन वास्तुचक्रप्रमाण गरी घर बनाइ स्थापना गराया. फेरि यंत्राकार गरी सुन्दर रथ बनाई गण वटुकसहित गरी इन्द्रजात्रामा त्रिवार रथारोहण गरी सहर घुमाई प्रतिवर्ष जात्रा गराया ॥

याहादेखि केहि दिनपछि नेपालनष्टनिमित्त मोहनचोकभित्र सितला प्रवेश भै अगमागमन् गरी राजपुत्र ज्योतिप्रकाश मल्ल सांत गराया ॥ राजाले कुलरीत समझी पलङ् बनाइ मृतक राखि देवपाटन् लगी राजमसानमा यथाक्रमले जलाया.

त्याहापछि इ चार थरिहरुले तेह्रौतिया ब्राह्मणहरु साथमा रहचाको नसहि राजा पृथ्विनारायण साहसित नुवाकोटमा गइ मिल्न गया ॥

त्याहापछि भादगाऊका राजा रणजीत मल्लले राजा जयप्रकाश मल्लको निःसन्तान भो भनि बिस्क्याट हेर्न जाने कांतिपूरवासि सबै जनालाई ठूलो तमास भो भनी नसहि छेकी राख्या. इ कुरामा राजा जयप्रकाश मल्लले बहुतै कोप गरी पुर्जी लेखि पठाया र राजा रणजीत मल्लको केहि लागेन र पछि छाडि पठाया. ई कुरा राजा जयप्रकाश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लले मनमा राखि सतिब्यू छर्न आउन्या मनमतिपारका प्रजाहरु सबै छेकि देवपाटन्का कोतमा ३ मैन्हासम्म थुनी धेरै आम्दानी गरी धपाइ पठाया ॥

फेरि इ राजाले गोर्खाली हटाउनका निमित्त नागा सिपाहिकन पालन खर्च भयेन र ललीतपूरका राजा विश्वजीत मल्लले चढायाको श्रीपशुपतिनाथको चादिको जलहरि झिकि खर्च गरे. फेरी पुगेन भनी देउपाटन्को मलेमता धंजुले पोलिदियो र श्रीपशुपतिनाथका भडारभित्रको गाडिराखेको धन् सबै जयवागेश्वरीको भडारको धन् सबै लगि खर्च गरचा ॥ अरु ठाउठाउको देवलका गजूरहरु सबै झिकि खर्च गरचा. यस्ता तरहले खर्च तुल्याई मेरो फत्य भयो भन्या देवताहरुको द्रव्य दोबर चह्राउला भनि लियाको हो. फेरि सङ्कल्प गरी धेरै पार्थीपूजा गराया ॥ वैरि आयाको खातिर नमानि तुर्जादेवीको जग पुरानो भयो भनी फेराइदिया. प्रतिष्ठा गर्दा धेरै नाच बाजा बजाइ दर्बारमा भिमसेन आदि अरु अरु देवता ल्याई यथाक्रमले बडो जात्रा गराया ॥ फेरि सिंभुमा लिंग बिग्र्यो र नत्रा लिंग खडा गराइ बनाइदिया ॥

त्राहापछि राजा पृथ्वीनारायण साहका प्रताप्ले नेपालिसम्वत् ८८७ साल मिति आषाडशुदी १ रोजका दिन अहोरात्र २१ फेरा नेपाल भूकम्प भयो ॥

त्राहापछि श्रीपशुपतिनाथले श्रीपृथ्वीनारायण साहकन बालापनमा भादगाउमा कुमारिको प्रसाद पायाको भाग्य सहाय भै श्रीपशुपतिनाथले देवपाटन्मा बोलाइ माघमासका दिन दलबादल राजा सबै आई दर्सन गरी जय जय शब्द भैगयो ॥ इनै दिनमा राजा पृथ्वीनारायण साहले श्रीपशुपतिनाथको पञ्चामृतविना पुजा हुन्छ भनि सुन्या र इ राजाले संकल्प गरी पञ्चामृतगुठी राखिदिया. अबतक् छदैछ. ॥ पृथ्वीनारायण साहको श्री पशुपतिनाथमा ठुलो धर्म येत्तिकै हो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्राहादेखि ८ मैन्हापछि नेपालसम्वत् ८८८ साल मिति भाद्रशुदी १४ रोजका रातृमा राजा पृथ्वीनारायणका दल् कांतिपूर आइ प्रवेश भयो. राजा जयप्रकाश मल्लले श्रीतुर्जादेवीको स्थानमा बसि २/४ घडिसम्म लडाञी गरी जगविषये धेरै बारुद छरी कांतिपूर छोडि भादगाउमा बश्न गया ॥ गोर्खालीहरु सबै दर्बारभित्र पसि तुर्जामा गई बढाइ गर्न गया र तुलाराम पाडे बारुदले पोली मरचा. अरुअरु सिपाहि पनी पोलिइ नास भया. इ कुमारिका प्रसाद पायाका फलले पूर्णमासिका दिन जात्रा गरि हुकं चलाया ॥

त्राहापछि पाटन्का छ प्रधान्हरु आइ २/४ दिनमा राजा पृथ्वीनारायण शाहकन बोलाउन आया र राजाले इनिहरु बडा हुल्याहा छन् इनिहरुका साथमा जानुछैन भनी मनमा बडो रिस गरी छ प्रधान्हरुलाई मिठो वचन् बोली भोली तिमिहरु सबैजना टेकु दोभानमा आइ बसिरहनु भनी अह्राइ पठाया. धालाछेका प्रधान्हरु पाटन्मा गई बसे. एक प्रधान्ले भोलीका दिनमा संहार हुन्याछ भनी ग्यान जानी छोरिहरु सबै डाकी रातभरका बिचमा सर्वस्य सबै दान् गरिदियो. भोलिपल्ट राजा टुडीखेलमनी वागमति पुग्दा श्रीपृथ्वीनारायण साहले छ प्रधान्हरु सबै नजर गरी आफ्ना मानिसकन नेत्रका इसारा गरी प्रधान्हरु सबै पक्क परिरहदा एक प्रधान् तेसै वेलामा बडो वेगले भाग्यो र धेरै लस्करहरुले समात्न जादा कसैले पनि भेट्टाउन सकेनन् र सबै फर्कि आया. यो प्रधान् गइ काशि पुगी तिर्थव्रत गर्न लाग्यो ॥ अरु प्रधान्हरु झुंडाइ मारचा. इन्का स्त्रीहरु सति गया ॥ राजाले पाटनमा बाहाली गरि हुकुम् चलायापछि प्रधान्हरुको सर्वस्व भयो. एक प्रधान्ले अघिल्ला दिनमा दान् गरचाको सहि भनी बकस् भयो. अबतक् खादैछन्. राजाले आनन्द गरि हुकुं चलाया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि ८ मैन्हा(प)छि भगत्पूरमा गइ लडाञी गरि दल संहार गरि जयप्रकाशकन पनि पादविषये बन्दुकका गोलीले प्रहार गरि सबै जिति दर्बारका चौकोटमा आगो लगाई भोटे सिपाहिहरुले लडाञी गरुला भन्दाभन्दै राजा रणजीत मल्लले आगो लगाइ सबै खराब गराया ॥ यस्तो तमासा हेरि राजा पृथ्वीनारायण शाह दर्बारभित्र गई नजर गर्दाबेलामा तिन् सहरका राजाहरु बसिरहचाको देखी पाच भाइ मिलि हास्ठट्टा गरिरहदा राजा जयप्रकाशले सुन्या र महाभयंकर बोली गरि बोल्न लाग्या. अहो गोर्खालि दुनिञां सबै मेरा नुन्हरामि हुदा यस्तो भयो. तिमिहरु के ठट्टा गर्छौं भन्दा येति सुनी गोर्खालि सबै जनाहरुको परस्पर सलाम भयो. यस् वेलामा राजा पृथ्वीनारायण शाहले जयप्रकाश राजासित संवाद गर्दा धन्य ठहराइ अहो गोर्खालि हो मेरा थरीहरु भैमाल्याहरु सबै मिलि ह्यासम्म गराया. इन्का विश्वासमा पर्नुछैन. सबै नुन्हरामि हुन्. नुन्को सोझोमा बश्न्या फगत् तेह्रौतिया ब्राह्मण मात्र हुन्. अजसम्म पनि मसित २/४ जना छदैछन् भनि धेरै कथावार्ता भयो ॥ गोर्खालिहरुले यस्तो वचन् सुनी राजा पृथ्विनारायण शाहले तेह्रौतिया ब्राह्मणका सबै ज्यूधन् रक्षा गर्‍या ॥ अघीका थरिहरुले राजासित चुक्ली गर्दा सर्वस्व लीकन धपाउनु भन्या हुकुं थियो. राजा जयप्रकाश मल्लले यथास्तु नुनिया हो भन्दा धनजीवको रक्षा गराया. थरिहरु टाढा भया ॥ राजा रणजीत मल्ललाई कासि पठाइदिया ॥ राजा जयप्रकाशलाइ भनेबमोजिं श्रीपशुपतिनाथमा पुराइदिया. भने कि हजूरको अन्त्यकालका बखत्मा जे कुराको इच्छा छ सो कुरा भनी पठाउनुहोला भनि हुकुं भै ललीतपुरका राजा तेजनसिं मल्लकन फजीत गरि लक्ष्मीपूरमा बन्धन् गरि मोचन् गराया ॥

येति गरि राजा पृथ्वीनारायण शाह कान्तिपूर राजधानीमा राज गरि तिन् सहरको हुकुं चलाइ वसन्तपूर नाम गरी ठुलो दर्बार बनाई नां जगाया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि इ राजाले किर्तिपूरको राजासँग लडाञिमा पूतुवारहरुले मलाइ रक्षा गरचाका छन् भनि नजिक् गरिराख्या ॥ कसाइहरुलाई पनि खेत् खान्गी दी श्रीगुह्यकालिका सुसारे गरीदिया ॥ अघी कान्ति{कीर्ति}पूरका लडाञीमा सूरप्रताप साहको एकाक्षि गरिदियाको रिस्ले किर्तिपूरका प्रजाहरु १२ वर्षदेखि माथिका सबै जनाको नाक काटी तौलि हेर्दा १७ धार्नी १ सेर जम्मा भयो. जुन् किर्तिपूरका प्रजाहरुले सात वर्षसम्म गोर्खालि सहरभित्र आउन दियनन्. यस्ता वीर सिपाहि आदि सबै जनाको नाक काटी फजीत गराया ॥

फेरी इ राजाका पालामा रामकृष्न कवरले राजा बक्साइ श्रीपशुपतिदेखि श्रीगुह्यकाली जाने बाटो सबै सिलाको बनाये. इ राजाले श्रीपशुपति जाने बाटो रुद्रमतिको पुल बनाइदिया.

फेरि इ राजाले कहर काजी पठाइ पूर्व विजयपूर दक्षिण मकंवानपूर पश्चिम सप्तगण्डकी उत्तर केरुं कुति सांध गरी मधुवन् तरचानि सबै लिइ हुकुं चलाया.

इ पृथ्वीनारायण साहको भोगवर्ष ७ सम्म भोग गरी नेपालिसम्वत् ८९५ साल माघेसक्रान्तिका दिन गण्डकी मोहनतिर्थमा गइ सान्त भया ॥

अस्य पुत्र सिंहप्रताप शाह वर्ष ३. इ राजाले नेपालमा प्रत्यक्ष श्रीगुह्यकालि हुन् भनि सवा लाख हंसा त् द्रव्य कुण्डविषये समर्पितम् ॥

फेरी इ राजाले नुवाकोट लिंगका उपमा दर्बारमा ल्याइ ईन्द्रजात्रामा शोभा गरी गुठी राखि प्रतिवर्ष लिंगो ढाली जात्रा गराया.

फेरी इ राजाले जीमूल डबलीमा अचार्यहरुले यग्य गरीरह्याको महाराजबाट नजर भयो र इनीहरू त ब्राह्मण होइनन् के प्रमाणले यज्ञ गरचा भनी हुकुं हुदा तन्त्रशास्त्रका प्रमाणले गरचाको हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी बिन्ति गर्दा तन्त्रशास्त्र झिकाइ नजर गर्दा मन्त्रशास्त्रको मत् बढिया मानि चित्तले इच्छा गरी तुलजादेविको दर्शन गर्नाको निमित्त इच्छा गरी अरु शास्त्रबाट प्रख्यात् भयाका गूढ मंत्रतन्त्र देवदेवीका रहस्य ध्यान आगम बुझ्नानिमित्त विनादीक्षाले अधिकार नहुनाले दीक्षा लिनानिमित्त मन्त्रशास्त्र जान्या ब्राह्मण पाटनका किर्तिराजानन्द उपाध्याकन गुरु पद्वि गरी मन्त्र सुनी नित्यार्चन गर्दा भया. ई राजाले मंत्रशास्त्रको मत लीनहुदा चौतरिया बहादूर शाहहरु भारादारहरुमा पनी मन्त्रशास्त्रको मत् लिन्या धेरै भया.

फेरि नेपालका मूल पीठ श्रीगुहचेश्वरी हुन् भनी मंत्रजन्त्र ध्यान् थाहा पाइ पुरश्चरणादि महापूजा गराइ कुण्डविषे द्रव्य अर्पण गरी पूजा गर्नूभयो. येही पूजा गर्दा बहादूर शाह जादा हुकुं छैन भनी भित्र पस्न नदिदा रिसाइ नुवाकोट गया.

बहादुर शाहलाइ महारानिबाट भादगाउमा बिर्ता बक्स्याको थियो. पछि भादगाउको सट्टा ठिमी हुन गयो.

काजि सरुप कार्किले महाराजकन बहुतै रिझायाको थियो. पछि उन्ले केही कुरो बिराया र सोहि बात् दलमर्दन शाह बहादूर शाहका संमत्ले दलमर्दन शाहबाट बक्सदा राजाबाट काजीलाइ दया गरि बिराम माफ गरी कांछा चौतरियालाइ निकाला गरी उन्को घर भोटु पाडे जगजीत् पाडेलाइ बक्स्या ॥

फेरी आचार्यहरुसंग मतो गरी श्रीतुलजा भवानिको पुजा दमनारोहण पवित्रारोहणादि नाना विधिले पुजा गराइबक्सिन्थ्यो ॥

इ राजा बहुतै शांत स्वभावका थिये. अचार्यहरुले बहुतै रिझायाको हुनाले कौनै भारादारहरुकन पनि टेर्दैनथ्या. श्रीतुलजा भवानिका स्थानमा अचार्यहरुले त्रीशूलडबलीमा काजी भारादारहरुका छोराहरुलाइ पनी आउन दिदैनथ्या.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केहि दीनपछी नेपालसम्वत् ८९८ साल कार्तिकवदी ३ रोज २ का दीन महाराज परलोक हुदा आर्यातिर्थमा लगी संस्कार गरचा ॥ प्रतापसिंहका छोरि भित्र्यानि १ केटी ७ सहगामिनी भया. सेरबहादूरका महतारि गर्भिणि हुदा पुत्र जन्म गराइ पछिवाट सती गइन्. महारानी राजेन्द्रलक्ष्मी पुत्रवान् हुनाले सति नगै पुत्रकन रक्षा गरीरहनुभयो. येस समयमा सरुप काजी भागी पूर्वतिर गया.

अस्य पुत्र रणबहादुर शाहले नेपालिसम्वत् ८९८ साल मार्गवदी ३ रोजका दिन गादिमा राजगर्नूहुदा वर्ष ३ मैना ६ को उमेर थियो. इ राजा नेपालिसम्वत् ८९५ साल ज्येष्ठवदी १० का दिन पैदा हुनुभयाको हो. इ राजा बालख हुनाले महारानी राजेन्द्रलक्ष्मिबाट मुलुकको कामकाज गर्नुहुंथ्यो. इ राजा रणबहादुर शाह भोगवर्ष १९. इ राजा बडा प्रतापि हुन्.

इ राजाले अचार्यहरुकन श्रीस्वभाभगवतीमा कटाया. फेरी श्रीपशुपतिनाथमा जलहरि सुन्य भैरहचाकोमा उत्तम गरी चादिका जलहरी बनाइ चढाया ॥ फेरी मंत्रीनायक वंसराज पाडेकन केही कारणले दर्बारभित्र कटाया.

याहापछि लंजुं तनौ पश्चिम् चौबिस् तखत् सबै जिती ढाढपर्यन्त हुकुं चलाया. फेरी दक्षिण दिसामा फिरंगिलाइ कंपमान गरायीराख्या. पूर्व दिसामा सरूप काजि पठाइ किरात् राज्य सब् जीति सिकिम्सम्म हुकुं चलाया. उत्तर दिशामा स्यामार्पा लामा बोलाइ भेद सुनी सिखार्जुन् आदि गरियाका लस्कर पठाइ दिगर्चा लुटी धेरै धन ल्याइ चीनका बादशाहकन धक्का गरी हुकुं चलाया ॥

त्राहापछि चिनका पट्टिले सहन नसकी धुरी भन्याका काजीसित र टुंनाम्ह भन्याका मन्त्रिसित धेरै लस्कर पठाइदियो र धैबुंमा आइपुग्दा मन्त्रीनायक दामोदर पाडे पठाइ चीन बादशाहको लस्कर संघार गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बादशाहले धन्य वीर कहलाइ हुकुं चलाया ॥ ॥ केही दीनपछी चिनीजाहरुले मिलीरहचा बढिया होला भन्दा सलुक भैगयो ॥ ॥

फेरी बहादूर शाहले कुमंत्रिका कुरा सुनी नेपालभरका खेत् टागो हाली सबै नपाइ वसुन्धराका अन्त्य गरचाका पापले पीडा गरचो र बहादूर शाहकन् बन्धन् गरी मोचन् गराया ॥ ॥

इ राजा कस्ता भन्या बडोबडोबडो दिनमा सहस्रसहस्र गौदान् गरी धर्म जगाउन्या पचलीभैरवका स्थानमा ब्राह्मण अभ्यागत्हरुकन बारंबार भण्डारा खुवाउन्चा शनिश्चरप्रति श्रीपशुपतिनाथका स्थानमा दहिच्यूरा लुटाउन्या ॥

याहादेखि केही दीनपछी भरमुलुकका प्रजाहरुकन झारा गरी टुडीखेलमा श्रीजगन्नाथजीको देवालय अती उचो गरी बनाया. असंभार हुनाले सिद्धिन सकेन ॥

फेरी इ राजाले श्रीपशुपतिनाथका कवच् जीर्णोद्धार गरी बनाया ॥ फेरी श्रीगुहचकाली श्रीवज्रयोगिनी श्रीचागुनारायण श्रीदक्षिणकालि श्रीतलेज्यू श्रीदेगुतली श्रीलुमढी येति सबै देवता आदि गरी गुजराति बाजा राखि महापूजा अनेक गुठी राखिदिया ॥ फेरी श्रीपशुपतिनाथकन महाध्यान गुठी राखि प्रजाहरुले धन्यधन्य कहलाया. फेरी दर्बारअगाडी ठुलो ढलौटे आकाशभैरव बनाइ बसाया ॥ फेरी दर्बारअगाडी ठुलो घण्ट बनाइ बसाया. फेरी दर्बारअगाडी मात्रीकाजोगिनी बनाइ बसाया ॥

जाहादेखि केही दीनपछी मिश्रपुत्री ल्याइ रानी गरीराखदा दैवसंयोगले पुत्र उत्पत्ति भयो र शास्त्र हेरी महालक्षण विचार गरी जोग्य ठहराइ गीर्वाणयुद्धविक्रम शाह नाम गरी जनकन राज्याभिषेक दी आफु परमनिर्गुणानन्द स्वामि कहलाइ गादी छाडी देवपाटन्मा राज गरी तीन प्रकार[प्र]कारका ठुलो बारी बनाइ श्रीपशुपतिनाथकन चढ्राया. बारि बनायाका ठाउमा सदा जुभ्याइ आफुले बडो तमासा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नजर गर्नुभयो. बारि वनाउदा प्रजाहरुको घर बत्तिस् उजरीगयो र घर खेत् रुपिञा साटो बक्सि प्रजाहरु बुझाया. फेरी देउपाटनमा राजगर्दा वानरंले दुःख दियो र धेरै वानर खर्च गरीदिया. गिद्ध विरालाले अप्सगुन् गरचो र धेरै खर्च गरीदिया. ई स्वामी बडो निशाफि बडो रागि तिन् महिना देवपाटन्मा राज गरी ताहाबाट पाटन् पाल्नुभै राजगर्नूभयो.

फेरी केही कारणले गिर्वाणयुद्धविक्रम शाहकन नुवाकोट पठाई सबै भारादारहरुकन विरोध गरी श्रीतलेज्यू आदि देवताकन नर्क धूप हालि तोडी फोडी वैद्यहरु मारी श्रीतलेज्यूदेवीकन कसाइबाजा काहालबाजा बजाउन लगाइ मृतकसमान गरी करवीर मसान्मा जलाउन पठाया ॥

फेरी प्रजाहरु सबै ज्मा गरी सिपाहि तुल्याइ पुत्रसीत विरोध गरी तिन् सहरका प्रजा सबै त्राहित्राहि गरीरहेका वेलामा पापमोचननिमित्त काजी दामोदर पाडेको कारण गरी बनारस प्राप्त हुदा भया. स्वामि काशि रहदा याहा माहिली रानीले हुकुं चलाइबक्सियो. नन्दीकेशर जगाइ तलाउ आदी धर्मसाला चौघेरासहीत देवालये तीन तला छाना गरी बनाइ नित्यार्चन गराइ गुठी राखि वसाया. फेरी गोरखनाथ आदी धेरै देवताहरुमा बडोबडो सुन्दर घण्ट चढाया ॥

इनै वर्षमा किर्तिमान्सिं काजी[ले] खजांची सर्दार चिरुवादार पौवालिपर्यन्त सबै रकं पजनी गरचा र दुष्टहरुले नसही काजी कीर्तिमान्सिंकन दर्बारभित्र कटाया. विनाहुकुमले कटाया भनी रानी कोप भै दुष्टहरु सबैकन ज्यमलोक पठाया ॥

स्वामि काशिमा वर्ष ४ राज गरी नेपालमा उतरि गमन गरी काजी दामोदर पाडे आदि आफना रिपुहरु बन्धन् गरी अग्रकोप समझी नाना तरहका सवाल बनाइ मूल रस्ता बन्द गरी अनेक खेत जाची द्रव्य असूल गरी भरमुलुकका ब्रह्महात्ति किनुवा खेत् भनी जफत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी शितलको कारण गरी बालखहरु वनवास गराइ बसिरहदावेलामा पश्चिम दिशा कांगडाकोटका राजा संसारचन्द्रकन धक्का गरी राजा भगाइ चञ्चल चित्त भै रहदा ब्राह्मणहरु सबैले बिन्ति गर्न आया. भैमाल्या आदि सबै दु:खिजनले कर जोरी पुकारन लाग्या. हे महाराज ॥

न विषं विषमित्याहु ब्रह्मस्वं विषमुच्यते ॥
विषमेकाकिनो हन्ति ब्रह्मस्व पुत्रपौत्रकम् ॥ १ ॥

बिन्ति लागेन र इ राजले अघी पैले सुनको अशर्फि छाप बनाइ भरमुलुकमा चलायाको थियो. कांगडाको पाहाडसम्म. हुकुं चलायाको थियो. कुमन्त्रीले पश्चिम् राज्य घटाइदिया.

येस्ता तरह भैरहदा अलक्षण कारण आइ सहरमा अकस्मात् एक जंबूक दक्षिण ढोकाबाट आइ मुल बाटो गरी बडो वेगले कुदी दुनीञाकन देखाइ हाहाकार गराइ उत्तर दिशाको ढोकाबाट जाइ स्वस्थानमा गयो.

इदं कुरा रात्रिविषये ॥ नेपालिसम्वत् ९२७ साल मिति वैशाखशुदी ७ रोज ७ अस्मिन् भयङ्कररात्रौ ब्रह्मस्वहरण सर्वेषां बालानां पिडामूल मार्गबन्धन नानादेवताभ्रष्ट अगमागमन् एकाकीवीषये कनिष्ठभ्रात्रा राजपुत्रेण दुष्टेन गोधिपति खड्गप्रहारेण सुन्ये कृतम् ॥ यस्को अर्थ ॥ ब्रह्मश्वहरणको पाप बालखहरु बिफर हुने निकाला गरेको पाप् आफ्ना भाइहरुको आखा झिक्याको पाप् देवदेवताकन नर्क धूप दियाको पाप गैह्र दुनियाको आगम् खोलि हेरचाको पाप् यस्तो अघोर पाप गरीबक्सदा आफ्नु वेमात्रि कान्छा भाइ शेरबहादूर शाहले खड्ग प्रहार गरी यो माथि लेखियाको साल मितिमा पोखल्ड्याङ् बैठकमा प्रलोक् भै सुन्यसमाधिमा गया ॥

गोर्खाधिप: पर्वतचक्रवर्ती सामान्यसेनापरिभीमम्सेन ॥
प्रियानिजेता निहतो सभाया बलीयसि कैवल इश्वइक्षा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्य पुत्र गीर्वाणयुद्ध शाह वर्ष २०. इ राजाले दुष्टहरु सबै यमलोक पठाया ॥ फेरी बालखहरु सबै राखि स्वस्थानमा राख्या. इ राजा बडो शांत मूर्ति शुशिल दयावंत वैंष्णव धर्म प्रवल ब्राह्मणपूजक शास्त्रपुराणमा ठुलो भक्ति हिमवतखण्डका अर्थ सुनी शिवरात्रिका दिन व्रत गरी दक्षिण दर्वाजामा पालनुभै देवपाटनका सर्वरकं सङ्कल्प गरी श्रीपशुपतिनाथकन चह्राया ॥

इ राजाले भीमसेन थापाकन आफ्ना भरमुलुकको रक्षाकारी गरी जनरल नाम खिताब गरी बक्सि बसाया ॥

फेरी सर्वलोकउपकारनिमित्त जनरल भीमसेन थापासित मतो गरी कालमोचन्तीर्थसंधि विशाल सेतु बनाइ वारपार धेरै सुन्दर शाला बनाइ सिंहध्वोजसहीत गरी पुल बनाइ(दि)या. फेरी शहरमा टोलप्रती मार्ग सुग्घर गरी बनाया. फेरी टंकेश्वरसंधी विष्नुमतीमा पुल वनाइ घाटसहीत गरी बसाया. फेरी मजादेवलमा ठुलो कोतखाना बनाइ कंपू नाम गरी धेरै सिपाहि तुल्याइ धेरै बन्दुकका भडार क्रम गरी बसाया.

इ राजाका पालामा कलंगी रुष उपत्रे जस्तै आइ कुशल्याधारामा ब्राह्मणीहरु मारी श्रीगुह्यकालीमा खड्ग चह्राइ गया ॥

फेरी इ राजाले श्रीपशुपतिनाथमा चादिका नन्दीमूर्ति चदुवाभित्रका पश्चिमदर्बाजाभूमिविषये चादिका पत्र बनाइ चह्राया ॥

इ राजाका पालामा नेपालिसम्वत् १९३० {९३०} साल दशहराका दिन तृतीय प्रहरमध्ये बडो उत्पात् भूकम्प भै जीवाजन्तु घर नाश भयो. मछिन्द्रनाथ बन्धन् परचा. एकविंशतिपर्यन्ट भूकम्प भयो र श्रीपशुपतिनाथ श्रीतलेज्यू ठुलोठुलो देवल केही भयेन. भात्गाउमा ठुलो उत्पात जीवाजन्तु धेरै मरण भये ॥

फेरी इ राजाले ठवहेलटोलमा ठुलो बारुदखाना बनाया ॥

फेरी ई राजाले ढ्याक् बनाइ छाप् मारी दुइ पैसाका चलन् आफ्ना भरमुलुकमा चह्राया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी इ राजाका पालामा फिरंगिसित तरचानिमा लडाइ भयो र तुक्कंहरुका बुद्धि सुन्ये गरी आफना मुलुक थामि फिरंगिहरु बोलाइ सलुक गरी सहरका उत्तर भागमा ठवहेलसंधीमा राख्या.

त्राहापछि स्वानहरुले नरमांस राजधानीसंधीमा ल्याइ भक्ष गरीरहदा उपद्रव भयो भनी धेरै कुकुर मारिदिया.

त्राहापछि दैवसंयोगले सितलादेवीकन १२ वर्षसम्म अपमान गरीराख्याको हुनाले सितला कोप भै नेपाल्खाल्डाभित्र प्रवेश गरी बालखहरु असंख्य मर्ण हुन गया. दाह गर्न मनाइ हुदा वागमतीमा गाडीदिया र दुर्गन्धले जलको स्वाद पनी बिग्रन गयो. अन्यत्र खोलामा पनी मुर्दाले व्याप्त भै गयो र मुर्दा उठाइ जथास्म गरी खादा रगत मांस अपच भै असंख्य गृद्धादिहरु पनी मरण भया ॥ खोपाइयाको भया पनी धेरै मर्न गया ॥ इनै सालमा दैवसंयोगले नेपालका नदीहरु ठुलो जलदृष्टि भै बाढि आइ मृतकहरु सबै बगाई लैगया ॥ इ राजा सान्तमूति हुनाले सितलाको कारण गरी दर्बारभित्र सीतला प्रवेश भै सांतरुपि राजा आर्यातिर्थमा पुगी नेपालसम्वत् ९३८ साल मार्ग शुदी ७ रोज ७ का दिन शुन्येमा गया.

अस्य पुत्र राजेन्द्रविक्रम शाह. इ राजाको भोग वर्ष. इ राजाले श्रीपशुपतिनाथ श्रीगुहचेश्वरीमा छत्र बिग्र्यो र जीर्णोद्धार गरी बसाया.

इ राजाको पालामा सिंभुको लिंग बिग्र्यो र जीर्णोद्धार गरी चढाउनालाइ ल्हासाका लामा बोलाइ साल वृक्षका नत्रा लिंगो बनाइ जीर्णोद्धार गरचा ॥

फेरी ई राजाका पालामा श्रीजनरल भीमसेन थापाले श्रीपशुपतिनाथका दक्षिण दर्बाजामा सुनचादिका ढोका बनाइ चढाया ॥ फेरी अरु भारादारहरुले पनी राजा बक्साइ भित्र खण्डका दर्बाजामा चादिका बनाइ चढाया ॥ श्रीपशुपतिनाथका भित्र खण्डमा चार बाहिर येक दर्बाजा रौप्यमय भैगयो ॥ फेरी कालमोचनसन्धी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामिका रानि उद्धारनिमित्त त्रिपुरेश्वर पूर्णेश्वर नाम गरी सिवालय स्थापना गराइ बसाया ॥ फेरी तही चौधरासहित यथाक्रमले घाट बनाइ हनुमान स्थापना गराइ सुन्दर जग्ग गरी बसाया ॥

फेरी मालाथलीमा खेतविषये छाउनी नाम गरी बडो विस्तार मैदान बनाइ सुन्दर साला कोतखाना बनाइ कंपूका सिपाहिहरू धेरै बसाया ॥

इ राजाका पालामा जयवागेश्वरीका भडारभित्र चोर पसी गहना सबै चोरी लग्यो र २ वर्षपछी चोर फेला पारी केही गहना फर्काइदियो. केही गहना चोरले खर्च गरेछ र रुपैञा ल्याइ देवीका आग्या ली नञा भण्डारसाला बनाइदिया ॥

फेरी ई राजाका पालमा नेपालसम्वत् ९४४ साल विक्रमसम्वत् १८८० सालमा सप्तग्रह एक रासीमा बसी शनीश्चरका फलले महामारीदेवी आई नेपाल प्राप्त भयो र इन्का दृष्टिले नेपालवासी प्राणीहरु बहुतै मरण भया. विसूची नाम बेथा सप्तग्रहका दृष्टिले पूर्व दिसामा ढोकासम्म गंगा पुगिन्.

फेरी पूर्व दिशामा बिशंखु भन्चाका स्थानमा पहिरो गयौ र धेरै जीवाजन्तु नाश भये

फेरी माघ महिनामा मैना १ सम्म बडो झरी भै नेपालवीषे पूर्व मूल फुटी गयो. कृष्णागण्डकी मैना २ सम्म बन्द भैरहचाकी आफै खोलियो ॥

फेरी इनै सालका फलले एक पञ्चकविषये अहोरात्रमध्ये ७ बेर सूक्ष्म भूकम्प भयो.

फेरी ई राजाले लोकउपकारनिमित्त दान् प्रदान सांति धर्म गर्‍या. नेपालविषये धेरै उपद्रव शांति भैगयो ॥

फेरी इ राजाले श्रीपशुपतिनाथ श्रीगुह्यकालीका प्रथम दर्शना पावलागनुहुदा अघिन् भयो. रुपया १।१ नित्य भेटी चढ्राया ॥ अवतक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छदैछ. इ राजाका पालामा संसारकन रक्षा गर्नानिमित्त महावारुणी नाम जोग दीन आइ बहुतै धर्मकर्म भैगयो.

फेरी ई राजाका पालामा श्रीजनरल भीमसेन थापाले टुडीखेलविषय भीमभक्तेश्वर नाम बाणलिंग स्थापना गरचा. फेरी महावीर भीमसेन थापाले नाना तरहका बागबगैचा सुन्दर साला धरहरा येक्के हात २०० सुवर्णधारा सुन्दर तलाउ आदि बनाइ अती मनोहर रमणीय स्थली बनाया ॥ फेरी जनरल भीमसेन थापाले गोकर्णेश्वरमा पूल आदी अनेक सुन्दर साला बनाया ॥ फेरी स्वामिनीले सुनको छप्पर बनाइ चढ्राया ॥ फेरी कर्णेल मातवरसिंह थापाले पनी नाना तरहका सुन्दर शाला बनाइदिया ॥ फेरी वडा कर्णेल रणवीर सिंह थापाले पनी सुन्दर साला बनाइ सदाव्रत गुठी राखीदिया ॥

फेरी ई राजाले श्रीगुहचकालीमा सुवर्ण सिंह खम्बसंयुक्त गरी चढाया. फेरी ई राजाले अघिको मोहनचोक दरबार पुरानु भयो र रङ्गमहल गरी यथाक्रमले वनाया ॥

फेरी इ राजाले सर्वजात ब्राह्मणहरुकन बेठबेगार माफ गरी धन्य २ कहलाया ॥

फेरी ई राजाले नेपालसम्वत् ९४९ साल मिति पौषशुदी ११ रोजका दिन सबै बगैचाका सुन्तला ल्याइकन सवा लाख जम्मा गरी एकै दीनमा श्रीपशुपतिनाथकन चढ्राया ॥ मुखारविन्द मात्र बाकी भित्र खण्ड देवालय पूर्ण भै गयो ॥ फेरी बारबार श्रीगुहचश्वरीमा र श्रीपशुपतिमा आप फल आदि अनेक फलफुल बरोबर चराउदै गर्थ्या ॥ यस्ता ज्ञानि राजा हुन् ॥

फेरी ई राजाका पालामा क्षयमास आइ नेपालवासि छोटा वडा मनुष्य आदी जलवासि माछापर्यन्त धेरै मरण भया ॥

फेरी इ राजाका पालामा विषूचिका नाम बेथा आइ मरण हुदा श्रीवछलेश्वरीमा ब्राह्मणद्वारा गरी अष्टादशजग्ये पुरश्चरण शान्ति गराउदा देवीले रक्षा गराइदिइन्. इ देवीका जात्रा हुन्या दीनमा स्वामीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रानी स्वर्ग्य भयो र परंपराका रित बुझी जात्रा गराया ॥ अरुअरु पीठमा कही पनी जात्रा भयेन ॥ इ राजाका नुवाकोटको बारुदखाना ठवहेलको बारुदखानामा वज्रपात भै नाश भैगयो ॥

फेरी नेपालीसम्वत् ९५३ साल नष्टभाद्रशुदी १२ रोज अहोरात्रमध्ये बडो उत्पात भूकम्पपछि चत्वारि शनिवार भै भक्तपूरमा धेरै घर भक्ती असंख्य जीवाजन्तु मरण भया ॥ अन्यत्र मछिन्द्रनाथ बन्ध जगन्नाथका देवालय आदि प्रजाहरुका घर धेरै नाश भयो ॥ श्रीपशुपति श्रीगुह्येश्वरी श्रीतलेज्यूमा केही भयेन ॥ यस्तो उत्पात स्वामि सिंह राजाका पालामा भयेथ्यो ॥

फेरी ई राजा ज्ञानी हुनाले परापूर्वको श्रीपचलीभैरवका अगमकूप सुनको बनाइ चढाया ॥

इ राजाले ब्राह्मण पण्डितहरुमा शास्त्रको बडो सन्मान् गराइरहन्या हुन् ॥

इ राजाका ज्येष्ठ पुत्र सुरेन्द्रविक्रम शाह सम्वत् १८८६ साल आश्विनशुदी ७ रोज ७ मा पैदा हुनुभयो । बडो उत्सव गरी दान पुण्य खिल्लत धेरै बक्स भयो ॥

येही साल श्रीदक्षिणकालिकास्थानमा वैशाखशुदी १४ रोजका दिन बौलाहाले देवताकन खड्गले काट्यो.

८८ साल आश्विनशुदी १३ रोज ४ मा श्रीजनरल भीमसेन थापाबाट आज्ञा भै खरदार गुणवन्तले उकास्पकास् जगेराका जग्गैबाट नत्रा गोरखा पल्टन खडा गरचा ॥

८८ साल माघवदी १ का दीन श्रीजनरल भीमसेन थापाले आफुबाट-बनायाको बुंकोटघाटमा पुल श्रीभीमभक्तेश्वर महादेव स्थापना भयाको थियो. तिन्का प्रतिष्ठा गर्नानिमित्त श्रीमहाराजाधिराजका हजूरमा बिदा भै बोर्लाङ् सवारि भयो. कस्तो तरहको सवारि भयो भन्या साथमा कर्णेल पल्टन बादशाहि बाजा लगायेत् पसल्याहरु ढाक्रे जागिरे सबै गया. गोर्खाका घरघर सबैलालाई खान्गि थपिदिया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुढाबुढी बालखहरु सबैलाई अन्न धन् वस्त्र सबै दी खुसीराजी गराया. १२ दीनमा फेरी नेपालमा आइ श्रीमहाराजधिराजको दर्शन गरचा. उस बखतमा सवारि आउदा जादा आफ्ना खुसीले मेजमान्गि चढायाको खाइ दी बढता भयाको अन्न जग्गाजग्गामा उसै छाडि आउनुपरचो. घ्यू दूद दही केरा फलफुल इत्यादिको पारावार भयेन. खसि बोका बदेल कत्ती मारिया कति खाइया भन्ने ठेकान् गरी सक्नुभयेन. यस्तो खुसीका मेजमानी कैले भयाको होवैन ॥

८८ साल पौषशुदी १५ रोज ३ का दिन श्री ५ महाराजधिराजका माहिला साहेबज्यू उपेन्द्र विक्रम शाह पैदा हुनूभयो ॥

फेरी ई राजाका पालामा ८८ सालमा महामारि आइ नेपालका प्रजाप्राणि धेरै संहार गरचा. पल्टन्का सिपाइहरु पनि कबायत् खेल्दाखेल्दै बेथा लागि मर्न्या भयो ॥ मानिसका मासु कुहचाकाले खोलाको पानि खान पनि भयेन. यस्तो उपद्रव भै रोजका ६।७ सबै पनि मर्न्या भयो र नाना तरहको शान्तिस्वस्ति धर्मकर्म राजा प्रजाले गरचा ॥ तैपनि शान्त भयेन. निहायतमा श्रीस्वामीजिका रानी श्रीत्रिपुरसन्दरीदेवीकन महामारीको बेथा लागिकन आर्याघाटमा जलजोग पाई असख्य दानपुण्य गरी चैत्रवदी १० रोज २ का दिन स्वर्ग्य हुनुभयो. आसौज उपाध्या ब्राह्मणका जुगाबाहेक मुण्डन गराया. अरु सबैलाइ वर्ष दीनसम्म बर्खि बराया ॥ घोडाजात्रा पनी भयेन. पछि जात्रा गरचा. महारानी जब स्वर्ग्य हुनुभयो. वहांप्रान्त माहामारिको रोग पनी शान्त भइगयो. यस्ता तरहसंग नेपालमा भैगयो.

९० सालका आश्विनका पूर्णेमा ठुलो पानि परी वागमति विष्णुमति अरु खोला गैह्र असंख्य बढी आइ खेतमा रहचाका धानका कुन्यौ पनि बगाइ लग्यो. चोभारका नागले आसन् गरचाको पत्थर पनी पानीले आधा गरी फोरी लग्यो. यस्ता तरहको बाढी नेपालमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कैले आयाको थियेन. यही ९० सालमा भूकम्प भयो. पैलेका दिनको ५।६ घडी बाकी देखी भररात भयो. येति फेरा भयो भनी गिन्ति पनि गर्न सकेनन्. यस्ता तरहसग भूकम्प.रोजरोज हुदा रोजको ३५।४०।५० सम्म बराबर भूकम्प हुदा राजा मन्त्री भरभारादारहरु सबै घरघरमा नबसी बारी बगैचामा पाल टागि बश्न्या गरचा. यस्तो उपद्रवसग भूकम्प हुदा जगन्नाथका देवल पनी भत्क्यो. साढचाहरु पनी देवलभित्र परेछन्. तर केही भयेन. श्रीजनरल भीमसेन थापाले बनायाको धरहरा पनी भत्क्यो. सर्कारिया धरहराको पनी २ तला भत्क्यो. तिन् सहर गामल सतल पाटि पौवा गैह्र धेरै भत्क्यो. बिगरचाको घर भत्कि मानिस मिची मरचाको घाउ लाग्याको हिसाप गर्न पनी नसक्दा कति घर बिग्यो कति मरचा कति घाइत्या भया भनी मंत्री श्रीजनरल भीमसेन थापाबाट खरिदार गुणवन्तमार्फत् जाच गर्न पठाया. तिन् सहरमा साह्रै बिग्याको भादगाउमा ठहर्दा श्री ५ महाराजधिराज राजेन्द्रविक्रम शाह मन्त्री श्रीजनरल भीमसेन थापा हात्तिमा सवारि भै भादगाउमा प्रजाहरुलाइ तिरजामा बक्सि अन्न धन् वस्त्र धेरै बक्सनुभयो ॥

९१ साल फागुणवदी ३ रोज २ मा लक्ष्मिनाथ सिद्ध नेपालमा आया.

९१ साल श्रावण मैनामा मन्त्री श्रीजनरल भीमसेन थापाकन कम्याण्डर इन चीफको किताप बक्सनुभयो. भाइ कान्छा रणवीरसींह थापालाइ पाल्पा गौडा तैनाथ गरी बर्दवानी कालीबक्स सेर सबुज पल्टन पाई छोटा जनरल भया. भतीजा मातवरसिंह थापालाइ पुराना गोरख नत्रागोरखको पल्टनको तैनाथ पाइ छोटा जनरल भया ॥ आफ्ना धर्मपुत्र छोरा सेरजङ्बहादूर थापालाइ कम्याण्डर कर्णेल मान पाया ॥

ताहापछि कलकत्ताका लाठसाहेबबाट खलता आउदा छोटा जनरल माथवरसिंह थापा ३ सये इचलि पगरिहरु सबका भारी पोसाक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी कलकत्ता पुगी हात्तीमा बसी गल्लिगल्लिमा रुपिञा छरी लाठ्सँग मुलाकात् गरी आफ्ना दवदबाउसँग श्री ५ सर्कारको इज्जत थामि सरसौगात् ली नेपालमा पुगी श्री ५ सर्कारको श्रीमन्त्री जनरल कम्याण्डर इन चीफ भिमसेन थापाका जुनाफमा दर्शन गरी सब बिन्ति गरी आफ्ना घरमा गया ॥

यस्तै भयामा मन्त्री श्रीजनरल कम्याण्डर इन चीफ भिमसेन थापाका मुख्य कारिन्दा मुलुकी खरिदार गुणवन्त निमक्को बहुतै सोझो टहल गर्न्या निर्लोभि काजकाम गर्दा खानु निद्रा नभयाको कारिन्दा भया तापनी भरमुलुकको पाहाड् मदेस कम्पूको काजकाम गर्न्या सहनसील भयाको पछिको कालदेखी काम गर्न्या बडो उपकारी कसैलाइ दुःख पनि दियेनन्. फौजलाइ खोलोपैह्रोको सट्टा दी दुनियालाई चित्त बुझाइ राजिबाजि गरी राखि मालिकलाइ रिजायाका हुनाले बन्दोबस्त थितिविती गरी दुनिञालाइ गरीदियाका सनदपत्रले अजसम्म कमाइ जहानबच्चा पालिरह्याका हुन् यस्ता गुणवन्त केही बेरामि पनी नभयाको दर्बारबाट आइ भातभान्सा गरी सुत्याका सुन्य भै आर्याघाटमा लग्या ॥ ९२ साल चैत्रशुदी १० रोज १ का दिन प्राणमुक्त भयो. यो खबर वसन्तपूरमा श्रीजनरल कम्याण्डर इन चीफ भीमसेन थापाले सुनी अब मेरो दाहिने हात गयो यस्तो कारिन्दा लाख रुपैञा दिया पनी पाउन्याछैन भनी अपसोच गरचा. भैभारादार दुनिञाहरुले पनी यस्ता कारिन्दा नेपालमा अब हुन गाह्रो छ भनी भन्न लाग्या.

ताहापछि श्री ५ माहाराजधिराज राजेन्द्रविक्रम शा(ह)ले हनुमानदल पल्टन् जमाई बक्सियो. हनुमानढोकामा निशान चढाइ.

ताहापछि २/३ वर्षदेखि अघि राजारानिसँग पुरानो रिस गरी काले पाडेहरु पसी केटीहरुका द्वारा गरी नभयाका नभयाका कुरा मन्त्रीलाइ बिगार्नाका निमित्त चुक्ली जाल् खेल कमाउन लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजारानीका मन् फर्काइसक्याको कुरो मन्त्री भीमसेन थापाले थाह पाउदा बेहक्मा हामीउपर दंगा नहवस् कुसङ्गत नगर्नूहवस् हजूर पुराना वजीर हूं महाराज पछि हजूरको मुलुक बिग्रन जाला हजूरको इज्जत पनी रहोइन् भनी बखतबखतमा बारंबार समझाइ श्री ५ महाराजधिराज जेठा बडामहारानीका हजूरमा बिन्ति गर्दथ्या. तर यस बिन्तिको प्रतीतपादन गर्न्या भयो. आफ्नु सप्रन्या बिग्रन्या विचार राजारानीले गरेनन्.

फेरी कुमन्त्रीका कुरा सुनी जर्नेललगायत पगरीहरुका रैबन्दी गरी खान्गी घटाइ किफायत् झिकिदेउ भनी मन्त्री भीमसेन थापालाइ हुकुं हुदा मेरा जिउले पल्टन् बढाई पल्टन्लाई खुवाइ बनायाको आज मेरा हातबाट घटाइ खुवाउन्या काम मबाट हुन सक्तैन यो काम अरु भरभारादारलाइ बक्स्याजावस् भनी पुढो सर्दा श्रीगुरुज्यू रङ्गनाथ पण्डितज्यूलाइ रैबन्दी गर्नाको ९३ साल फागुणवदी ४ मा लालमोहर भै अख्तियार भयो र मुलुकमा टागो पठाइ जाच गरी पगरीहरुलाइ अघि खायापायाकामा ६ खण्डका १ खण्ड खुवाइ रैबन्दी हुदा साह्रै कम् खान्गी हुदा इन दिन्देखि पल्टन्का शिलशिला रवाफ घट्न गयो. सुबेदारलगायत पगरीहरुले घोडा पनी पाल्न नसक्दा वेशोभा भैगयो ॥ यस्तै तरहसंग पुराना वजीरका सन्तान रणजङ् पाडे प्रभृतिहरुका खेलजाल लागि बढिया आफ्ना मनोग्य चलन लाग्याको थियो ॥

दैवि अकस्मात् कान्छा साहेबज्यू देवीन्द्रविक्रम शाह मैना ६ का बालकलाइ बेरामि हुदा ९४ साल श्रावणका ११ दिन जादा आर्याघाटमा मुक्त भया. सबै दुनिञाहरुले मुण्डन गरचा ॥

ताहापछि ज्येठा बडामहारानी साम्राज्यलक्ष्मि क्रोध भै रणजंङ् पाडेका सल्लाह ली यसै बखत्मा यै नीहु पाउदा मेरो कान्छा छोरालाइ भीमसेन थापाले र एकदेव पाध्या मिलि पाटन्या भाजुमान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैद्यलाइ अह्राइ विषादिऔषधि खुवाइ मारिदिया भन्या बेहकमा नभयाको नगरचाकोमा कुमन्त्रीका कुरापछि लागि रिस गरी अत्तोको तुफान लगाइ मन्त्री भीमसेन थापा इनका भाइ छोरा दसहा भाइ चाकरवाकर कारबारि चेलीबेटीको स्मेत घरघरमा तिलंगा पठाइ घर घेरि बन्ध गरी राख्या. सबैको सर्वस्व पनी लिया. रणजङ् पाडेलाइ देवान् भन्या नाम गरी मुख्तियारी बक्सनुभयो ॥

भीमसेन थापा सधै वसन्तपूरैमा बसी ३६ वर्षसम्म राजकाज गरी बस्याका थिया र वसन्तपूरैमा हनुमान्दल पल्टन्ले घेरा लगाइ वंधन गरी खी नेलसमेत् हाली राखदा निसाप देउ. बेहकमा इज्जत नलेउ ४ पुस्ताका वजीर हुं वारंबार भन्दा पनी खेलैपछि लागि पुर्पक्ष नगरीदिदा ञाहा भने तिमि राजाले निसाफ दियनौ धन राजाको खुसी ज्यू ज्यमराजको खुसि तिम्रो मेरो दर्गाहामा निसाफ होला भनी राजालाइ भीमसेन थापाले जवाफ दिदै थिया ॥ एकदेउ एकसूर्य वै(घ) ६२ भाइलाइ नर्कमा पनी हाल्या. २ पल्टो पनी मुडीदिया. भाजुमान वैद्यलाइ नर्कमा गाडि आखा झिकी छाला काटि सुलीमा जाकि पाटन्को बाटो पुल्चोक ज्यान्यातिर गाडिराख्या. तेस वैद्यका जहानबच्चालाइ नाक काडी पोढेलाइ सौपिदिया. ताहापछि भिमसेन थापालाइ ८ मैन्हा कैद भयापछि छाडिदिया र आफ्ना घर बागबगैचामा गै बसीरह्याका थिया. फेरी राजारानीबाट हुकुं भै आनुजानु गर्दथ्या. खर्चबर्च बरोबर बक्स हुदै थियो.

यस्तै समयमा १८९६ सालमा लाहुरका महाराज रणजीतसंग दोस्तका बन्दोबस्त गर्नानिमित्त भारादारहरुमा पठाउनुपर्दा उस्तामाफिकका कोहि नठहर्दा छोटा जनरल माथवरसिं थापालाइ पठाउनू भन्या राजारानीबाट तजबीज भै सरसौगात बाटाखर्चलाइ चाहिन्या लाखौ रुपिञा लाखौ सौगात दि मातवरसिंह थापालाइ खटाइबक्सदा बिदा भै सेतो हात्ति आयाको छ पक्रन जान्छु भनी बहाना गरी लाहुर गया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी थापामाथि खेडी गर्न्या पाडेहरु सबै मिली थापाहरुलाइ फेरी नगिराया ता राजारानीलाइ १ दिन अवस्य रिझाउनेछन्. देशदेशावर मा पनि इनिहरुको नाउ जाहेरै छ. ३६ वर्षसम्म मुख्तियारि चलायाका हुनाले फौज दुनिञाहरु पनी इनका हातमा चढ्याकै छन्. आजकाल दर्बार पनी गर्न लाग्याका छन्. पछि हामिहरु अवस्य खराब जान्याछौ भनी जालखेल गरी राजा ज्येठी रानीसंग फेरी चुक्ली पारि भिमसेन थापालाइ फेरी घरमा घेरी बन्ध गरी नेलस्मेत् हाली आफ्ना जहानबच्चासमेत् साथ दी बोर्लाङ्गमा पठाई बन्धन्मा राख्याको थियो. पछि नेपालमा हुकूं भै भिमसेन थापालाइ झिकाइ येगालटोलका पुराना घरमा बंध गरी राख्याको थियो. तेस्तै बेलामा कुलराज पाडे गै बेहुरमत्को भय देखाइ आयाको रहेछ. येहि दिन् दिउसो राजाबाट हुकुं भै बोलाहाट आउदा आउछु भनी कोठामा पसी आफ्ना मनमा बहुतै दिक्दार गरी मैले ४ पुस्तासम्म इ राजाहरुको टहल निमक् संझि भरमगदूर गरी बनाइदियाकै हो. मुलुकको थितिबन्दोबस्त गरी फौज बनाइ चीन अङ्ग्रेज सर्कारसंग दोस्त बाधि आफ्ना राजाको गद्दी सिलसिलाउ कामये राखि ३६ वर्षसम्म मुक्तियारि गरीसकीयो. आज यस उमेरमा छोटा बुद्धि भयाका मान्सिहरुका चुकली सुनी बारंबार मलाइ वेकसू(र)मा यस्तो इज्जत् पनी लिन्या फेरी निसाप मागदा पनी दियेनन्. यस्तो अनुविवेकी राजाले मेरो दम् छन्ज्याल् फेरी फेरी पनी मेरो बिइज्जत् गरी दुःख दिनेछन्. अब मैले नमरी सुख पाइन. बरु मर्नै बढिया हो भनी वीरक्त भै इ राजाको र मेरो निशाफ दर्गाहामा होला. मेरा पापले इ राजाले भुक्तमान गर्नूपर्ला भनी श्रीपशुपती श्रीगुहयेकालि श्रीतलेज्यू भवानि त्रारण भनी स्मरण गरी खुकुरी ली आफ्ना हातले गलामा प्रहार गरचा. प्राण गयाको थियेन. ४ दिनपछि १८९७ साल श्रावणवदी ५ रोजमा मंत्री श्रीजनरल कम्याण्डर इन चीफ भिमसेन थापाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राण मुक्त भयाको राजा भारादारहरु सबै घरैमा आइ हेरी रिसले दागवत्ती गर्न पनी नदी विष्नुमतिमा फालिदिया ॥

ताहापछि नंगी पैर गरी इन वजीरका मुख्यानीहरुलाइ हेलबु पठाया. सेरजङ् थापालाइ नेल हाली राख्या. थापाखलकहरुलाइ जनै झिकी प्रजा भयौ भनी भन्या. यस्तौ नौवद गरचापछि ज्येठा महारानीको रीस शान्त हुन गयो वेकसूरमा थापाहरुले रिसमा परि फजिति पायाका हुन्. बिरायाको होइन. कालगति भवितव्यले भै नेपालमा पुराना वजीर यस्ता तरहले बिग्र्याका हुन्.

यति उपद्रव हुनालाइ श्रीहरीसिद्धीका देवालयको माझको गजूर आगो बल्या झै भैगयाको थियो. वतास् लागि नुवाकोट भैरवका देवलको सुनको छानाका पाता ६/७ औटा उडाइ असीसम्म लग्यो ॥

ताहापछि लाहूर गयाका माथवरसिंह थापाले महाराज रणजीतसिंहसंग सलतनको बातचीत गरी खुसी गराइ हुकुं भयाबमोजिंका दोस्त बाधीसक्याका थिया. अकस्मात् रणजीतसिंह परलोक भया र लाहुरैमा बस्याका थिया.

फेरी ज्ञाहा रणवीरसिंह थापा फकीर भै अभयानन्दपुरी भंन्या भैरह्याका थिया. नेपालमा भन्या खेलखाल् बढदै थियो. तर रणजं पाडेले मुक्तीयारी गर्न पनी सकेनन्. कंबख्तिर हुनाले बौलाह हुदा चौतरिया फत्यजङ् साहले मुक्तियारि गरीरह्याका थिया.

राजारानीका हजूरमा पनी हालका भारदारहरुले भन्या चित्त बुझाउन नसकन्या भया. पुराना वजीरहरु भन्या आफुले विगारिसकेको हुनाले मुलुकमा केहि बन्दोबस्त' सलतन भयाको थियेन. तस्तै बीचमा कुलराज पाडेले रैवन्दी गर्छू भन्दा १८९७ साल श्रावण मैनामा पल्टन्हरु सबैले कालाम् गरी टुडिखेलमा निसान् राखि फौज उठी भारादारहरुका घरघरमा तिलिंगा गै लुट्पीट् गर्या र फौजले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दहसद दिया. श्रीमहाराज आफै रातका बीचमा टुडिखेलमा गै रवन्दी भयेन पुरानै थामियो भनी लालमोहर गरिदी बुझाइ पल्टन्लाइ फर्काइ ल्याया ॥

ताहापछि श्रीज्येठा महारानि विरक्त भै गेरु वस्त्र पैहि्र निर्गुण भजन् मात्र गरिरहन्या भयापछि बेरामि भइवक्स्याको थियो र १८९८ साल श्रावणशुदी १० रोजमा एकदेउ एकसूर्य वैद्यले जनै पाया. सिधा पनी पाया. भाद्रवदी ३० रोजमा थापाखलकहरुले पनी जनै सिधा पाया. एही साल भाद्रशुदी ११ रोज ६मा भिमसेन थापाको काज किर्या गर्न भनी हुकुं भइ आर्ज्याघाटमा कुसको मूर्ति बनाई सेरज़ङ् थापाले दाहा गरी कीर्या गरचा. ताहापछी श्रीबडामहारानीलाइ बेथा बडी आर्ज्याघाटमा लगि भारि दान् पुण्य गरी १८९८ साल अधिकआश्विनवदी ६ रोज ४ मा स्वर्गे हुनूभयो. सबैले आसौज बाच्या ॥

श्रीज्येठा साहेबज्यू सुरेन्द्रविक्रम शाहले भन्या आफ्ना रानीस्मेत् ली हेटौडामा सवारि हुन्या कैले वाग्मतीमा आफ्ना रानीस्मेत् लगी गाडीगाडी यस्तो बारंबार खेलाना गरी एक रानीलाइ सर्दी भै रोग लागी शान्त भइन् ॥ नाना तरहका खेलना गरी भारादारहरुलाइ इनारमा खसालीदिन्या मत्ता हात्तिमा पनी हुत्याइदिन्या. कपतान् जङ्गबहादुर कुवरलाइ इनारमा खसाल्या. फेरी त्रिशूलगङ्गाका साघुबाट गंगामा फाल हालन लगाया र उसै बखतमा जङ्गबहादूरले काजी मान् पायाका हुन्.

यस्तै समयमा लाहुर गयाका जनरल मातवरसिंह थापालाइ १२ लाखको जागीर र २५ पल्टन् तोपखाना १५ सये हात्तिघोडा तैनाथ भयो त्राही बस नेपाल नजाउ भनी राजा रणजीतसिंहको चौखी नीहाल्सिले बिदा कबोल नगरी निमक संझि लोधैमा बस्याका उताबाट आइ गोरखपुर पुग्दा रामनगरका राजा हौ भनी अङ्ग्रेजले बहुत सम्झाउदा पनी निमक संझि नमानि गोरखपुरैमा मुकाम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी बस्याका थिया. नेपालमा भन्या मन्त्री थीर नहुदा थितिबिथि केही नहुदा श्रीकान्छा वडामहारानी चौतरिया फत्यजङ् साह २ जनाका सल्लाह गरी राजासँग वक्साइ मातवरसिंह थापा नभ्फिकाइ नेपाल सुधारन्या भयेन भनी झिकाउदा हुकुं शिर चढाइ मातवरसिंह थापा गोरखंपुरबाट नेपाल आइ फर्फिं पुग्दा हनुमानदल पल्टन् हात्ति घोडा भरभारदार राजाबाट पठाई बहुतै सन्मान् गरी ल्याया. १९०० सालका वैशाखमा इ जर्नेल दर्शन गर्न आउदा आफुलाइ जग्गाजग्गाबाट राजा बाबु नवाफहरुले सरसौगात खिलत् दियाको असवाब हिरा मोति माला कडा शाल दोशाला हात्ति घोडा इत्यादि गैह्र लाखौंका माल नासलचोकभरी नजर चह्राउदा श्री ५ महाराजधिराज बहुतै खुस भया ॥

ताहापछि अलिक दिन् बित्यापछि मेरा बाबा भीमसेन थापालाइ विषसम्बन्धीको बात लाग्याकोमा हिजो पनी पुर्पछ पाउन्या हू भनी बाबा हामिहरुले बिन्ति गर्दै थियौ पुर्पछ पाइन. बाबा बितिगया म पनी लाहुरका हुकुमले काज गयाको हुं आज हाजीर भयां निसाफ पाउन्या हुं बाबाले बिरायाको छ भन्या मलाइ कायेल गरुन् सजाय मलाइ हवस्. हैन पुर्पक्षमा त मैले ढाले भन्या ती चुकली गर्न्या चोरहरुलाइ सजाय हुनूपर्ने हो भनि बिन्ति गर्दा हनुमान्ढोकामा आठ हजार फौज दुनिया भारादार औ जती यस् मद्दतमा थिया सबैलाइ राखि पुर्पक्ष गर्दा ती दुष्टहरुले थापामाथि हामिहरुले गर्‍याको बेहोरा सबै झुट्टा जालसाजी चुकली पार्‍याको मात्र हो थापाहरुलाई कसूर कपटमा कायल गर्न सक्दैनौ भन्या इत्यादि सबै बेहोराको कायलनामा लेखि सही हालीदिया र मातवरसिंह थापाको जितापत्रभै चौसल्ला पगरी पाया. ताहापछि ति दुष्टहरुलाइ नेल ठोकी छाउनीमा गारत्मा थुनियाका थिया. श्री ५ सर्कारवाट धर्मशास्त्रबमोजिं निशाप गर्छु भनी रणजङ् पाडे बेहोस भै बेरामि भयाको हुनाले अदालत्मा ल्याई नेल ठोकी देशनिकाला गरीदिया. अलिक दिनपछि मर्‍यो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

करवीर कुलराज पाडे रणदल् पाडे इन्द्रवीर थापा रणजं थापा कनकसिं बस्न्यात् गरुलाल् अधिकारी इत्यादी सबै मारिदिया. इन्का संग लागन्यालाइ कसैलाइ मार्‍या. दलबहादूर पाडेलाइ जुवाइ हुनाले नाक फोड्यो. कसैलाइ निकाला भयो. थापाहरुका र इनिहरुका संसर्गका कारबारि चाकर हुन् गैह्रका सर्वश्व फिर्ता भयो. तेस्ता तर हसंग निसाफ हुदा मातवरसिं थापाले आफ्ना कुलको उद्धार गर्‍या. बाबु भिमसेन थापाको लास् फाल्याको विष्नुमतिमा श्रीभीममूक्तेश्वर भन्या नाम राखि श्रीमहादेव स्थापना गरी ठुलो देवालय चौघरा बगैचा घाट बनाइ गुठीमाना राखीदिया. छोरा पैदा भैकन बाबुको कलंक मेट्नु भन्याको धन्ये भन्नु यस्तालाइ हो ॥

ताहापछी मातवरसिंह थापालाइ नेपालमा अघि नभयाको मान प्राइम्मिनीष्टर भन्न्या किताप दि मुख्तियारी बक्सनुभयो र मुलुकको सलतन काजकाम गरी फौज पलटन भारदार पगरीहरुको परपजनी गरीबक्स्याको थियो.

इ वजीरले काजकाम गर्दा श्री ५ बडामहारानीसंग केहि कुराको बित्यास पर्दा रानी दिक्मा थिइन्. तेस्तै समयमा श्री ५ महाराजधिराजका सवारी ढुकुवावासमा हुंदा पल्टन्ले हुज्जत् गर्दा १०/१२ जना हुद्दा सिपाहि र ऐटन् कविराज काटिया. उसै बखत्मा मिनीष्टरले पगरीहरुको रैबन्दी बढाइबक्सनुहवस भनी बिन्ति गरी रैबन्दी बढाइ बक्सिस् भयो र ताहापछी घोडा पालनु सक्या र पल्टन्को सोभा हुन गयो.

ताहापछी श्रीप्रायम्मिनिष्टर मातवरसिंह थापा कलाबहादूरलाई श्री ५ महाराजधिराज महारानिबाट १/१ लाखको सिरोपाउ बक्सियो. जङ्गी तरवार बक्स भयो. हातमा नङ्गी तलवार ली हिडदथ्या.

१९०१ सालका माघमा १९०२ सालका बालिलाइ प्राइमिनिष्टरबाट राजा बक्साइ अघीका १० पल्टन्मा श्रीमहेन्द्र दल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१ राजदल १ सम्सेरदल १ कालिप्रसाद १ सर्वधोज १ रणप्रियदल् १ ज्मा ६ पल्टन् थपी १६ पल्टन् खडा गऱ्याका हुन्. पगरीका रैवंधी बढाइ खान्गी वाधीदिया. छाउनीका लङ् भत्काई टुडिखेलमा बनाउन लाग्या.

यस्तै वेलामा श्री ५ कान्छा बडामहारानीवाट ढुकुवावासका मुद्दामा भन् रिस बढ्दै गयाको थियो र आफ्ना पक्षेका भारादारहरुसंग जालसाज् बाधी काजी जंगबहादूर कुवरलाइ मामासंग फुटाइ आफनु हात ली गगनसिंले श्रीलंकेश्वरीमा धर्म गराई मातवरसिंह थापालाइ नमारी हाम्रो मनोग्य चलन्या भयेन भनी राजा बक्साइ दगा गर्नाको आट गरी मलाइ साह्रै बराम भयो भनि बाहाना गरी रानिले मातवरसिंहलाई डाकन पठाई न्हैकं कौशिमा ल्याइ एकलै पारी रातका ९ घडी चढ्दा काजी जंगबहादूर कवरका हातले दगा गरी बन्दुकले हानी १९०२ साल वैशाखशुदी ११ रोज ७ का दिन प्रायम्मिनिष्टर यान्ड कम्यान्डर इन चीफ जनरल मातवरसिंह थापा कलाबहादूरलाइ माऱ्या ॥ ॥

ताहापछी कान्छा बडामहारानीको चहचहक् बढ्यो. मुख्तियार जनरल गगनसिं भया. जनरल जंगबहादूर कुवर जनरल अभिमान्सिं राना चौतरिया फत्यजं साह ४ जनाका सल्लाहले काजकाम गर्थ्या.

इ राजाका पालामा मन्त्री स्थीर नहुदा दैवसंयोगले १९०३ साल आश्विनवदी ९ का दिन मुख्तीयार गगनसिं आफ्ना पुजाकोठामा बसि पुजा गरीरह्याकालाइ छानाबाट कोही मानिस आइ दगा गरी बन्दुकले हानी मारी गयो. यो खबर श्री ५ कान्छा बडामहारानीबाट सुनी गगनसिंका घरमा आइ हेरी जंगी तरवार हातमा ली भारादारहरु सबैलाई डाकन पठाइ पल्टन् राखी निसाफ गर्छु भनी कोतमा बस्याका थिया. तस्तै बीचमा दैवसंयोगले भारदारहरुका कुरा नमिल्दा आफआफै काटाकाट हुंदा जनरल जङ्गबहादूर कवरले चौतरीया फत्यजं साह जनरल अभिमान्सिं राना प्रभिति भारादार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पगरीहरु धेरै माऱ्या. कोही भाग्या. कसैलाइ धपाया. इ काटिन्याहरुका जहान बच्चाहरुलाई ज्याहा वश्न पायेनौ तिमिहरुका धन्दौलत् ली देश जाउ भनी धनदौलत दी सबैका परियारहरुलाइ धपाया. यस्तो महाभारत भयापछी कोतबाट दर्बार गै महाराजसंग विस्तार गऱ्या र तेसै बखत् श्रीजङ्गबहादूरलाइ मुख्तियार प्रायमिनिष्टर यान्ड जनरल दर्शन गऱ्या.

येती भैसक्यापछी पनी नेपालमा जालसाज हुदै रहने हुनाले फेरी कान्छा बडामहारानीले जङ्गबहादूरमाथि दगा गरी आफ्ना पक्षेका भारादारलाइ मुखतियार दिनाको जालसाज गऱ्याको खबर पाइ जङ्गबहादूरले कार्तिकशुदी १ रोज ७ का दिन काजी वीरध्वज बस्न्यात् प्रभृति धेरै पगरी भारादारहरुलाइ मारी कान्छा बडामहारानिलाई काशी पठाया. श्री ५ महाराजाधिराज पनी साथमा जानुभयो.

येस दीन ६२ सालमा जफत् भयाका ब्राह्मणहरुको विर्ता सट्टा बक्सनुभयो. येसै साल फागुनवदी १ रोजमा गणेशदल् पल्टन् थपियो.

मुगलान्बाट इ मिनिष्टरमाथि दगा गर्न भनि आयाकाहरुलाइ बराबर पक्री मार्दथ्या. कुमेदान शेरमर्दन हमाल् उदासका घरमा पक्री झुण्डाया.

१९०४ साल मार्गवदी ८ का दिन वलीअहद माहाराज त्रैलोक्यविक्रम शाह पैदा हुनुभयो.

१९०५ साल वैशाखवदी १३ का दिन श्रीप्राइम्मिनिष्टरका खलकहरुलाइ राणाजि पद भयो.

यस्तै समयमा अलैमा श्री ५ बुढा महाराजधिराजबाट भगुवा भारादारहरुसंग सलाह गरी ढचाक्याहरू जम्मा गरी नेपाल नआइ अडीरहदा श्रीमिनिष्टरबाट बडा कपतान् सनकसिङ्ब खत्रि अख्तियार गरी २५ पल्टन पठाइ सबलाइ कतल गरी बुढा महाराजधिराजलाइ नेपालमा ल्याया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताहापछी इ मन्त्री मिनिष्टर जङ्गबहादुर राणाजीले निस्कण्टक मुख्तियार गरी वर्षवर्षप्रति शिकार खेली हात्ति बाघ अर्ना गैडा हरीण इत्यादी मार्न्या पक्रन्या हात्तीको जङ्गी खेदा गरी पक्री हात्तीसार भराया. मुलुक्को पर्पजनी बन्दोबस्त गरी राजा प्रजाहरूले धन्य कहाइरहचाका थिया.

यस्तै समयमा फेरी देशावर फिर्नाको मनसुवा हुदा १९०६ सालमा तजबीज गर्नुभयो. अंङ्ग्रेजबादशाहको र हाम्रो सिमाना जोरियाको छ. इन्का फौज पल्टन् खजाना हात्हतियार मुलुक दौलत आम्दानी खर्च थितीवन्दोवस्त क्या रहेछ. इन्का बादशाही तखत् बेलायत काहा रहेछ. लन्डन् सहर कस्तो रहेछ. ताहाका भरभारादार दुनिञा गैह्रका मिजायिस कस्तो रहेछ. आजतक हिन्दुस्तानका मानिस बेलायेत् बाह्र टापुका बादशाहको बेहोरा कार्खाना बुझी दोस्त पनी गरुला भनि मन्सुवा गरी आफ्ना माहिला भाइ कंम्याण्डर इन चिफ जनरल बंबहादुर राणा कुवरलाइ मुख्तियारको भार सौपि श्री ५ महाराजधिराजसँग दर्शन गरी बिदा भै आफ्नासाथ भाइ कर्णेल जगत्संसेर जङ्ग धीरसंशेर जङ्ग २ भाइ र बडा कप्तान रणमेहरसिं अधिकारी काजी डिल्लीसिंह बस्न्यात् हेमदल थापा करविर खत्री प्रभृति हुदा सिपाहि केटासमेत जना २५ आदमि ली श्रीप्राइम्मिनिष्टर जङ्गबहादुर कुवर राणाजी बेलायत गै कुइन् बादशाहको दर्शन गरी बादशाहलाइ खुसी गराइ दोस्त बाधी आफ्नो नाउ चलाइ बिदा भै फर्कि आइ चार धां गरी नेपाल फिर्नूभै श्री ५ महाराजधिराजको दर्शन गर्नुभयो. यो कां गर्याकोमा ठुलो नाउ रहन गयाको हो.

फेरी इ निमिष्टरबाट १९१० सालमा भादगाउ पाटन्मा पल्टन राखि आफ्ना भाइहरूलाई अख्तियार दी दर्बारसमेत बनाया. ञाहाउ-प्रान्त सहर गुल्जार भयो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९११ साल फागुनमा श्री ५ महाराजधिराजका मैत्रासाहेब २ जङ्गबहादूरका २ छोरालाइ विवाह भयो.

यसै समयमा भोटतर्फ जङ्गी काम पऱ्यो र भारी लडाञि भयो. परन्तु चिनिञा भारादार तालय सेठ् काजीका खजांचीहरु आइ सालिन्दा १० हजार रुपिञा दिन्छु घा गरिदेउ भन्दा यो रुपिञाको कबुल गराइ घा बन्दोबस्त भयो. लडाञिमा ठुलो बहादुरीसँग काम गर्दा कालिबहादूर वर्जबहादूर भन्या किताप मिल्यो. अरु पल्टन् गैह्रलाइ लडाइको तक्मा सबैले पाया.

१९१३ सालमा ठुलो महामारीका रोग नेपालमा आउदा आजापुजा गरी टोल २ मा तोप पडकाइदिया.

ञाहापछी श्री ५ महाराजधिराज सुरेन्द्रविक्रम शाहले आफ्ना मन्त्री श्रीप्राइम्मिनिष्टर जङ्गबहादूर कुवर राणालाइ विवेक गरी मेरा मन्त्रीले सबै मेरा मुलुक हाम्रा गाथगादीको संभार गरी चिन बेलाइत् २ बादशाहसँग सलतन गरी हामिलाइ खुसी गराइ राजकाज गरेकालाइ के खिलत् दिउ भनि ठुलो विवेक गरी नीज प्राइम्मिनीष्टरका भाइ बंबहादूरलाइ प्रायम्मिनीष्टरको मुख्तियारी बक्सी श्रीजंगबहादुर कुवर राणाजिलाइ कास्कि लंजुंका राज्य बक्सि श्री ३ महाराजको किताब बक्सनु भयो. ताहापछी मुख्तियार भयाका भाइ मिनिष्टर स्वर्ग्य भया र श्रीकाहिला कम्यांडर इन चिफ कृष्णबहादूर राणाजीलाइ मुख्तियारी दिया. मुलुकको काजकाम् गर्दा दुनिञा भरभारादारलाइ सुबिस्ता गरी गर्थ्या. दयावन्त धर्म भयाका फकीर फकेडाहरूलाई भण्डारा ख्याउन्या मार्याको भाडाबर्तन खर्चबर्च बराबर सालिन्दा दिन्थ्या. दुनिञालाई दुःख इन्का पालामा भयेन.

१९१३ सालमा अङ्ग्रेजहरूले पल्टनलाइ बो सो पऱ्याको कार्तोस दातले टोकि भर्नुपर्दा पल्टनले मन्जुर नगरी पल्टन बिग्रि सो पल्टनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अंग्रेजहरूलाइ हुज्जत गरी मारी बीबी बालखहरूलाइ पनी मारी अनर्थ गर्दा सो कुरो लाठवाट श्री ३ महाराजसंग मैनाका ७ रुपिञा भद्दा खर्च दी फौजको मद्दत् मागी पठाउंदा श्री ३ महाराजवाट फौजको मद्दत दी नाना रावल् बालरारुसवल् लखनौका नवाव वाजिय् अलि शाह औ काला फौजहरुसंग लडनालाइ पल्टन कुच गरी पठाउनुभै लखनौमा लूट गरी लडाइ जिति नेपालतर्फ आउनूभयो. सो लडाञि फत्य गरी मिहनत गर्‍याका रिझमा बेलायतका कुइन विक्टोरिया बादशाहबाट नेपाल सर्कारलाइ नया मुलुक र श्री ३ महाराजलाई जि.सि.बि. को तक्मा दी अरु गैह्र पल्टनलाइ चादिको तक्मा दिया.

ताहापछी श्री ५ वलीअहद माहाराजलाइ श्री ३ महाराज जङ्गबहादुर कुवर राणाका मैञासंग १९१४ साल आषाडशुदी ५ रोजमा विवाह भयो.

फेरी इनि महाराजले बेलायतबाट फर्किआयादेखि कौशल भन्या बनाइ भारादार सबै राखि छोटाबडा दुनिञाको यकै निसाफ गर्नू. यो राजनीतिको धर्म हो भन्न्या तजबीज गरी धर्मसास्त्र इत्यादि प्रमाण हेरी बुझी गुरुपण्डित् भर्भारादार राखि आफ्ना बुद्धी छलफल गरी अब यस कलियुगमा यस्तो नगरीहोवैन भनि वेक्तवेक्त खोली बालबोध गरी अदनाहरुले पनी बुझन्या इनसाफका निमित्त ऐन भन्न्या प्रख्यात गरी सालसालमा हजारौ ऐन बनाइ किताप खडा गरी भरमुलुकमा काजकाम बेहोरा इनसाफ प्रसाद दण्डको रितिथिती गरी चलाया ॥ येस्ता तरहसँग श्री ३ महाराजवाट ठुलो कीर्ति राख्या ॥

फेरी मोठतहबिल मुलुकीखाना सराफखाना ऐनखाना इत्यादी धेरै बनाइ अडा राखि काम चलाया.

फेरी गोदावरी गोकर्णमा दर्बार बनाइ पर्खालको गिर्दा बनाइ पशुपंक्षि पनी छोड्या.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९१७ सालदेखि ठाउठाउमा पुलहरू बनाया. सडकहरू पनी बनाया. नागार्जुनमा पनी लाखौ रुपिया खर्च गरी पर्खाल बनाइ जातजातका पशुपंछी छोडी रमणिय गराया. आफु पनी कैले काहि बस्न जान्थ्या. यस्ता राजा अघि भयेका छैनन्.

१९२० सालमा मृगस्थलीमा विश्वरूप नाम गरी ठुलो देवालय बनाइ प्रतिष्ठा गराया.

ताहापछी काहिला भाइ कृष्णबहादूर जङ्ग राणा स्वर्ग्य भया र ठाइला भाइ रणउद्योतसिंह राणालाइ मुख्तियारी १९२० सालमा पाया ॥ इ मुख्तियारले वादी प्रत्यवादिको इजहार राखि पुर्पक्ष गर्ने रित् कांदारहरूले रपोट् राखन्या रित चलाया.

श्री ३ महाराज पश्चिं पहाडको बाटो गरी १९२० सालमा सवारी हुदा बुढिगंडकीको फलांको झोलुङ्गो चुडन गयो र धेरै मानिस पर्‍या.

१९२७ साल आषाडवदी १० रोजमा धर्मकचहरी खडा भयो.

१९२८ सालमा चीन बादशाहबाट श्री ३ महाराजलाइ थोङ् लिङ् पिंमा कोकाङ् वाङ् स्याङ् भन्न्या किताप दी पठाया.

१९३१ साल चैत्रशुदी ११ रोजमा वाग्मति कालमोचनघाटमा श्री ३ महाराजबाट बडो सुन्दर गरी नारायण स्थापना गरी आफ्नो मूर्ति खम्बामाथि राखि खडा गर्‍या.

१९३२ साल श्रावणशुदी ७ रोजका दिन श्री ५ साहेबज्यादा पैदा हुनूभयो.

१९३३ साल भाद्रशुदी ७ रोजका दिन श्री ५ कान्छा बडामहारानी स्वर्ग्य हुनुभयो. भोलिपल्ट श्री ५ साहिला बडामहारानीलाइ अकस्मात् बेथा लागि एकै क्षणमा स्वर्ग्य हुनूभयो.आशौच ब्राह्मणहरुले १३ दिन् अरु जातलाई ४५ दिन ब्राह्मणलाइ जुगाबाहेक मुन्डन् अरु जातलाइ बाबुआमा नहुनेलाइ जुगास्मेत् मुण्डन गराया. इन्द्रजात्रा पनी बन्द भयो.यस्ता तरहसँग दर्बारमारानिसुन्न्य भै गया ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इ राजाका पालामा लखन थापाको अवतार म हुं भनी यौटा लुच्चो मगरले श्रीमनकामनालाइ पुजासमेत मनाही गरीराखदा देवी कोप भयाकी थिइन्. १९३३ सालमा श्री ३ महाराजमाथि दगा गर्छु भनि तेस मगर लुच्चाले हा(आ)फ्ना हातमा चलन्या मगर वरामु पर्जाहरूसँग मतो गर्‍याको जाहेर हुदा नेपालबाट सिपाहि गै पक्री ल्याइ फेरी गोर्खा पठाइ तेसलाइ तेसैका घरअगाडीमा झुण्डाई मार्‍या ॥

श्री ५ महाराजधिराज सुरेन्द्रविक्रम शाहको विवाह काहिला कम्याण्डर इन चिफका मैत्रासँग १९३३ साल फागुनशुदी ८ रोज ७ मा भयो.

यसै समयमा श्री ३ महाराज सिकारमा जानुभयाको थियो. गोविन्दद्वादशीका दिन बेहानै हाति घोडाहरु भारी दान् भैसक्यापछी ज्यूनार भयाको थियेन. अकस्मात् दैवि इच्छा भयो र २/३ फेरा दिसा भै बेथा लागि वमन् भयो. ताहापछी सारो हुदा श्री ३ मैत्रा महारानीबाट मिहानामा चराइ जल्दाजल्दी चलाइ पत्थरघाट पुगी वाग्मतीको जलजोग पाई सम्वत् १९३३ साल फागुनशुदी १२ रोज १ का दिन श्री ३ महाराज जङ्गबहादुर कुवर राणा स्वर्ग्य हुनूभयो ॥ ताहापछी बडो हाहाकार भयो. लास् संस्कार गर्न ऐले भयेन भनी श्री ३ मैत्रा महारानिबाट हुकं भै आफु सहगामिनी भै नेपालमा खबर पठाया. २ दिनमा खबर आइपुग्यो र श्री ५ वलीअरहद महाराजधिराज वलीअहद माहिला महारानी पूर्वतर्फका कम्यांडीङ् जनरल धीरसंसेर जङ्ग राणा उत्तरतर्फका कम्यांडिक् जनरल जीतजङ्गबहादुर राणा जनरल पद्मजङ्गबहादूर राणाहरू रातारात गरी २ दिनमा पत्थरघाट पुगनुभयो. स्वर्ग्य भयाका चारौ दिन्मा महाराजको लास तेलमा डुबायाको झिकी माहिला छोरा जीतजंगबहादुर राणाबाट श्री ३ महाराज श्री ३ मैत्रा महारानी हिरण्यगर्भकुमारीको दागबत्ती दिया. श्रीपुतली महारानी मिश्रिरानि पनी सहभागिनी भैगया. इनका दागबत्ती पद्मजङ्गबहादूरले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गऱ्या. सहगामी भयाका महारानिबाट दान पुण्य बक्स भयाको चारधामका ब्राह्मणहरुलाइ दक्षिणा भोजन्लाइ ब्राह्मणहरूके बिर्ता संकल्प भयाको भाइछोरा जुवाइ छोरीबेटीहरुलाइ वक्स लाखौलाख़ौ रुपिञा भयो श्री ३ महाराज स्वर्ग्य भयाका ठाउमा श्रीरामचन्द्रको मन्दीर सतल बगैचा तलाउ बनाइ यसै ठाउमा राजा हामिहरुका मूर्ति बनाइ राखिदिनू सदावर्त दिनू भनी २ लाख रुपिञा मोहर संकल्प भयो ॥ याहा नेपालमा जागीरदार गैह्र सबले आमाबाबु नभयाकाले जुगासमेत जुगासमेत मुण्डन गरी १३ दिन आसौच बाऱ्या. श्री ३ महाराज जङ्गबहादूर राणा आफु बाहुबल बुद्धि पराक्रमले पौरख इत्यादि चलाइ ठुलो भोग गरी आफ्ना अैश्वर्य रोल बाधी चारै खुट्मा नाउ यस फैलाइ गयाका हुन्. यस्ता मन्त्री पछी हुन दुर्लभ छ. इनले रजवन् वजीरी ३१ वर्षसम्म गऱ्या ॥

ताहापछी श्री ५ महाराजधिराजबाट रोलवमोजिं १९३३ साल १४ रोज ३ का दिन श्रीकम्याण्डर इन चीफ जनरल रणउद्योतसिंह राणालाइ श्री ३ महाराजको किताप बक्सभै दर्शन् गरी आया. पश्चिचतर्फका कम्यांडिङ् जनरल जगत्संशेर जङ्ग राणा बहादुरले पनी मुख्तीयारी कम्याण्डर इन चीफ दर्सन् गऱ्या: ॥

ताहापछी श्री ३ महाराज रणउद्योत राणा बहादूरले अधि दाज्यूबाट गऱ्याका थितिरिति थामि मुलुकको काजकाम गरीबक्सनु-भयो. १९३३ साल चैत्रशुदी ८ रोजका दिन दुनीयाको रोजी यके हट्टी हुनाले रोजी नपाइ दुख पायाका छन्.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीः१

अघि संपूर्ण पृथ्वीमा सूर्यवंसी चन्द्रवंसी राजाहरु राज्य गर्थ्या. पछि यवनहरू बढचा र अमल् गऱ्या. राजाहरू यत्रतत्र लाग्याका थिया. पछि फेरि विक्रमादित्य र शालिवाहन बडा राजा भैगया. उन्ले संपूर्ण क्षत्रियहरूलाइ बटोलि जस्जस्माफिकको छ. उस्उस् माफिकसित सबैलाइ राज्य दियाका राजा ८०० एति राजामा रिषीराज राणाजी चंद्रवंसीलाइ गढचितवरमा रिषीराजलाइ भट्टारक पदवी दि रिषीराज भट्टारक गाडीमा बस्याका थिया. उसै बिचमा शालिवाहनको परलोक भयो र भौना भन्याका जाती र यवनजातिले शालिवाहनको राज्य अमल् गऱ्या. भौनाको र यवन्को हुकुम चलाया. गढचितवरमा भन्या १३ पुस्तसम भौना यवन्को हुकुम् चल्याको थियेन. आफ्नै हुकुम चल्थ्यो. गढचितवरमा अर्काको हुकुम नचलि आफ्नै हुकुम चलाइ राज्य गर्न्याहरुको पुस्ताको नाउ. रिषीराज भट्टारक १ शिवराज भट्टार क २ श्रीमद भट्टारक ३ तिला भट्टारक ४ स्यामा भट्टारक ५ गोवर्द्धन भट्टारक ६ हरि भट्टारक ७ निधि भट्टारक ८ भास्कर भट्टारक ९ नीला भट्टारक १० अभय भट्टारक ११ नागजात्म भट्टारक १२ देवशर्मा भट्टारक १३ ऐति १३ पुस्तासम्म राज्य कायं गरिरहचाका थिया. देवसर्म तिनैका अयुतबं राणजी भन्याका छोरा जन्म्या.छोरालाइ गादि भयाको थियेन. फेरि यवनहरुले त्यो राज्य अंबल गऱ्या. अब भट्टारक पदवीले क्या गर्नू छ भनि पैल्हेको राणाजी पद्वि चलाइ राज्य गर्न्याका नाउ अयुतबं राणाजी १४ वराबुं राणा १५ कनकबुं राणा १६ यसोबुं राणा १७ यति ४ पुस्तसंम राणा कहाया. इनैका छोरा औडंबर राणाले पात्साहसंग जवापसवाल् र तर्बारमासं रिझाया र राव पदवी पाया. तस दिनदेषि औडंवर राणा राव कहाया. तिनैका पुस्ता औडंवर राणाजी राव १८ भट्टारक राणाजी राव १९ वीर विक्रमाजित राणाजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राव २० जिल्ल राणाजी राव २१ अजिल्ल राणाजी राव २२ अटल राणाजी राव २३ तुथा राव २४ विमिकि राव २५ हरि राव २६ ब्रह्मनीक राव २७ बषान् राव २८ मनोरथ राव २९ जय राव ३० जगत् राव ३१ भोज राव ३२ भूपति राव ३३. इनैका छोराकि संदल भन्याकि छोरि राम्री छ भनि पात्साहले माग्यो र हाम्रि छोरि अजातलाइ दिदाचाहि लडाइ गरौला भनि लडाइ गर्दा भूपति राव प्रभूति ढैरै रजपूत षेत रह्या.११३ पय (८) रानी सती संग गया. ति कन्याले पनि पाक्ता कह्राइमा फाल हालि ज्यान् दिइन्.

ब्रह्मनीक राव भूपति राव इ दुइको मिलाप नहुदा येउटा वाहि बस्या. भूपती राव उत्तर पाहाड रिडि भन्याका ठाउमा आइपुग्या. उज्जयनीबाट उठता आफ्ना इष्टदेवताले मलाइ भइमा जाहा त राष्लास् ताहि नबसुला भन्याको थियो. रिडिदेषि १४१७ शाकमा लसर्घा आ [या]. साह्रै थाक्याछन् र देवता भइमा राष्या. देवता ताहि बस्या. आफु पनि केहि दिन ताहि बस्या. अब यस् तरहले बसि भयेन भनि भिर्कोट्को षिलुङ् भन्याको बांझो कालाबंजरमा जगा आबादि गरि बस्याका थिया. षांचा मिचा भन्याका २ छोरा जन्म्या. जेठा षाचा भन्याका ठोगह्रौं सतौ भिर्कोट्मा गै रजाया. मिचा पनि नुवाकोट्मा रजाया.

इन्का पुस्ता मीचा षान् ३६ जयंत षान् ३७ सूर्य षान् ३८ मिवा षान् ३९ विचित्र षान् ४[०]. जगदेव षान् ४१.. इनैका छोरा जगदेव षान्लाइ कास्कीको रजाइ मिल्यो. केहि बा[ट].मा पात्साहलाइ रिझाया र कुलमंडन साह कहाया. इनै कुलमंडन साहका ७ छोरामा जेठा छोरा कास्किमा रजाया. माहिला कालु साहलाइ कुलमंडनसित मागि सेस्हरुले लंजुङ्मा राजा थाप्या. पछि इनैलाइ दगा गरि माऱ्या. फेरि यसोवं साहलाइ मागि ल्याइ राजा थाप्या.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसोबंका छोरा २ नरहरि साह १ द्रव्य साह गोर्षामा षड्का राजा मासि पाडेहरुले १४८१ शाकमा द्रव्य शाहलाइ राजा थाप्या. इनका पुस्ता द्रव्य साह ४१ पुरन्दर साह ४२ छत्र साह ४३ इन्का भाइ राम साह ४४ राम साहका पुत्र डम्बर साह ४५ कृष्ण साह ४६ रुद्र साह ४७ पृथ्वीपति साह ४८ इनका पुत्र वीरभद्र शाह गादिमा बस्याका थियेनन्. परलोक भया. वीरभद्र साहका पुत्र नरभूपाल साह ४९ इनका पुत्र पृथ्वीनारायण साह १६९१ शाकमा नेपाल काठमाण्डू नगरमा गादिमा बस्या.

पृथ्वीनारायण साह ५० प्रतापसिंह साह ५१ रणबहादुर साह ५२ गीर्वाणयुद्धविक्रम साह ५३ राजेन्द्रविक्रम साह ५४ सुरेन्द्रविक्रम साह ५५ इनका पुत्र त्रैलोक्यविक्रम साह गादि नभै परलोक भया. इनका पुत्र श्रीमन्महाराजाधिराज पृथ्वीवीरविक्रम साह ५७ इन्का पुत्र श्रीमन्महाराजधिराज त्रिभुवनवीरविक्रम साह ५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमेण वर्त्तमाने कलियुगे समस्तभूपालमालिमालाचरणाम्बुजस्य राज्ञः श्रीमत्पृथ्वीराज्ञो हिमवतशैलमध्य वर्त्तिनी महारथीभूतमडल भृगीरेश्वरभट्टारक प्रादूर्भूत तदनु गौतमादिभि ऋषिगणै तत्र गौतमेश्वरा दयेदियाः प्रतिष्ठीता. अनंतरे भृगिरेश्वरभट्टारकः श्लष्मांकतवने विराजतेस्म नेपनाम गोपालो बभूव. तस्य कपिलगवी वग्मतीतिरे गत्वा तया कीरधारया सिक्ते भूप्रदेशे श्रीमत्पशुपतिः प्रकाशितः तेन नेपनाम्ना गोपालेन पशुपतिप्रतिष्टाकृर्तः ततपरेण गोपालवंशानां वुमेतराज्यं भुंजीतः

ञांहांउप्रान्त नेपालमा गोपालहरू राजा भया

श्रीभूत्मांग राजा	८४
श्रीजयगुप्त राजा	७३
परमगुप्त राजा	९१
श्रीहष्वगुप्त राज	६७
श्रीभीमगुप्त राजा	३८
श्रीमनिगुप्त राजा	३७
श्रीविष्णुगुप्त राजा	४६
श्रीजयगुप्त राजा	७१
एवं गोपाल राजा वर्ष जम्मा	५०७

एस् गोपालकन जिति अरु गोपाल राजा भया

श्रीवरसिंह राजा	४९
श्रीजयसिंह राजा	२१
श्रीभवनसिंह राजा	४१
एवं गोपाल राजा वर्ष जम्मा	१११
एवं समस्तगोपालराजभुक्तवर्ष जम्मा	६१८

गोपालकन जिति किराति राजा भया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीएलंव राजा	९०
श्रीपंवि राजा	७९
श्रीधशकंरा	३२
श्रीवलंव	३१
श्रीहृती	४१
श्रीहुमति	५०
श्रीतुस्क	४१
श्रीसुग्रस्य	३८
श्रीपर्व	५६
श्रीजितेदास्री	६०
श्रीपंच	७१
श्रीर्कंकेंक्रे	५६
श्रीस्वनंद	५०
श्रीथुको	५८
श्रीग्रिघ्रीं	५६
श्रीजने	७३
श्रीलुके	६०
श्रीथोर	७१
श्रीथ्वौको	८३
श्रीवर्म	७३
श्रीगुज	७२
श्रीपुस्कं	८१
श्रीकेघ्यु	५६
श्रीसुगु	५८
श्रीशंभा	६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगुनज	७४
श्रीषिमवु	७४
श्रीगंलीजे	८१

एवं किरातिराजराज्यभुक्त जम्मा ७४०० मा छ

ञांहांउप्रान्त किरातिकन जिति सूर्यवंशी राजा भया.

श्रीनिमिषि राजा	५०
श्रीमता राजा	९१
श्रीकाकवर्मा	७६
श्रीपशुपुष्पदेव	५६

एस् राजाले चारै वर्ण बसाया. श्रीपशुपतिको देवल बनाया.

इ चार राजाले राज्य गऱ्याको वर्ष जम्मा २७३

भास्कर वर्मा

एस् राजले श्रीपशुपतिको प्रसादले पाइकन दक्षिणे समुद्रसम्म जीति हिरा मोति सुवर्ण ल्याइकन पशुपतिमा चह्राई सुवर्णपुरि बनाया.

श्रीभूमिवर्मा	४१
श्रीचन्द्रवर्मा	२१
श्रीजयवर्मा	६२
श्रीवर्षवर्मा	५१
श्रीसर्वमा	४८
श्रीपृथ्वीवर्मा	५६
श्रीज्येष्टवर्मा	४८
श्रीकुबेरवर्मा	७५
श्रीहरिवर्मा	७६
श्रीसिद्धिवर्मा	६१
श्रीहरिदत्तवर्मा	२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एस् राजाले चागु इचगु चयंजु फर्पिं चारै नारायणको देवल बनाया.

एवं राज्यभुक्तवर्ष जम्मा	५६०
श्रीवसुदत्तवर्मा	३३
श्रीपतिवर्मा	३५
शिववृद्धिवर्मा	७१
वसंतदेववर्मा	६१
शिवदेववर्मा	५७
वषदेववर्मा	५७

एस् राजाले चाबहिलमा बौद्ध थाप्या. श्रीपशुपतिमा त्रिशुल चढ़ाया.

एवं राजाराज्यभुक्तवर्ष जम्मा	३२०
शंकरदेव	५०
धर्मदेव	५१
मानदेव	३९
महीदेव	५१
वसंन्तदेव	५६
उदयदेव	४७
मनदेव	४५
सुनकामदेव	१०
शिवदेव	४१

एस् राजाले देवपाटनको दक्षिणमा ठुलो हृन्येत्र बनाया.

एवं राजाराज्यभुक्तवर्ष जम्मा	४३०
नरेन्द्रदेव	३४
भीमदेव	१६

एति वर्षसम्म सूर्यवंशी राजा भया.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आंहांपछि फेरि गोपाल राजा भया.

विष्नुगुप्त ७४

विश्वगुप्त ६१

एस् राजाले वाग्मतिपार् ठुला ढुंगाको विष्नुमूर्ति थापी देवल बनाया

भूमिगुप्त ४५

एवं राज्यभुक्तजम्मा १७५

फेरि भूमिगुप्त वैश्यलाई जीति सूर्यवंशी राजा भया

शिवदेव राजा ४१

अंसुवर्मा भानिज हो ४३

कृतवर्मा १८

भीमार्ज्जुनदेव १७

नंददेव १३

वीरदेव १३

नरेन्द्रदेव ३७

एस् राजाले बन्धुदत्तकन पूजा गराइ श्रीमच्छेन्द्रनाथ ल्याइ पाटनमा रथयात्रा गर्‍या.

एवं भुक्तवर्षज २०२

अति(त)कलिवर्षेषु षट्पर्वतरसाग्नयः

नेपाले विजयः श्रीमानार्यावलोकितेश्वरः

कलिगतवर्षः ३६७६ इति कलिवर्ष जादा श्रीमचिन्द्रनाथ नेपालमा ल्यायाको हो.

बलदेव १७

शंकरदेव १२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्द्धमानदेव	१६
बलीदेव	१६
जयदेव	४२
बालार्ज्जुनदेव	३६
विक्रमदेव	१
गुणकामदेव	८५

एस् राजाले वासुकिमा तांवाको छप्पर सुनाको धारा बनाया.

कोटि ११

धन पशुपतिमा चह्रायाः कोटिहोम गर्‍या.

एवं भुक्तवर्ष जंवा २३१

भोजदेव	९
लक्ष्मिकामदेव	२१
जयदेव	२०

एस् राजाले पाटन् आधा राज्य गर्‍या. आधामा उहि गोपाल् र ह्‍या. ५०

भास्करदेव	७
बलदेव	१२
पद्मदेव	६
नागार्ज्जुनदेव	३
शंकरदेव	७२

एस् राजाले यापिगाउमा शंकरेश्वर थापि देवल बनाया. श्रीभगवतिको प्रतिष्टा गर्‍याः

एवं भुक्त जं.	४५
वामदेव	३
हर्षदेव	१६
शिवदेव	२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एस् राजाले टाउमा बहुतै कृति गर्‍या. श्रीपशुपतिको छाना सुनाको बनाया. अघि नगदि चलन थियेन. सिंहछाप तुल्याई नगदी चलन तुल्याया.

मानदेव	४
नरेन्द्रदेव	६
नन्ददेव	२०
रुद्रदेव	८०
मीत्रदेव	३०
अरिदेव मल्ल	३१
अभय मल्ल	४८

एस् राजाले श्रीभैरवको देवल सुनाको छानु गरि बनाया. सुनढोका बनाया कोट्याहुति गर्‍या

जयदेव मल्ल	२
अनंत मल्ल	३२
	२५३

नित्य मल्लका सम्मयमा सम्वत् ४१४५ एतिह्रौत्या एस् देसमाहां आया.

नन्देन्दुभूपशशि१०१९सम्मितशाकवर्ष
तच्छ्रावणस्य धवले खलु नागतिथ्याम्
स्वात्या शनैश्चरदिने रिपुमर्दलग्ने
श्रीनान्यदेवनृपति विदधीत वस्तु

नान्यदेव	१
गांगदव	२
नरसिंहदेव	
शक्तिसिंहदेव	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रामसिंहदेव
एति पाच् राजा कर्नाट देशका हुन्.
बाणाब्धिद्वचयुग्मशशि१२४५सम्मितशाकवर्षे
पौषस्य शुक्लनवमीरविसूनुवारे
त्यात्का स्वपट्टनपुर नरसिंहदेव
दुदैवदेशीतपथो गिरिं विवेश

सम्वत् १२४५ इस् संवत्मा श्रीतलेयू लीकन नेपाल आयाका हुन्.

तलेजु ल्याउन्या नरसिंहदेव
मतिसिह
शक्तिसिह
श्यामसिह
जयभद्र मल्ल
नाग मल्ल
उग्र मल्ल
अशोक मल्ल
य(ज)यथिति मल्ल

एस् राजाले प्रजापातको सब देशको थिति बाधी आप्नु गरि थिति
बांधिदिया.
यक(क्ष) मल्ल १२

नेपालसंवत् ५८८ फाल्गुन १२ मा यक्ष मल्लले अघिका वैश्य राजा
नुवाकोटमा रह्यका थिया. मारी अमल गऱ्या. तन्का छोरा ३
राय मल्ल भादगाउमा राजा भया.
रत्न मल्ल काठमाडौमा
रण मल्ल बनेपामा
राजा राय मल्लको संतान् भादगाउका राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भुवन मल्ल
प्राण मल्ल
विश्व मल्लले बिक्याटयात्रा गऱ्या.
त्रैलोक्य मल्ल
जगज्योति मल्ल
नरेश मल्ल
जगत्प्रकाश मल्ल
जीतामीत्र मल्ल
भूपतिन्द्र मल्ल
रणजीत मल्ल
इन राजालाइं जीति गोर्षाले प्रवेश गऱ्या ४६
पाटनका राजा
हरिहरसिं मल्ल
नीदास मल्ल
योगेन्द्र मल्ल
सिद्धिनरसिंह मल्ल
विष्नुमल्ल
जयप्रकाशको भाइ राजप्रकाश मल्ल
वीश्वजीत् मल्ल
पृथ्वीनारायणका भाइ दलमर्दन साही
तेज मल्ल ठकुरी
ञांहां आई गोर्षाको अमल्ल भो.
श्रीरत्न मल्लको संतान काठमडौका राजा
रत्न मल्ल हरिसिद्धि लुडीका प्रशादले
अमर मल्ल
सूर्य मल्ल
महीद्र मल्ल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालसंवत् ६८४ माघकृष्ण १० सोमवारे अनुराधानक्षेत्रे श्रीतलेजुको प्रतिष्टा गऱ्या. हंस बाज दिल्लीमा सौगाद पठाइ आधा रुपैआंको छाप मागी ल्याइकन आप्नु नाउं हाली महेंद्रमल्ली मारी चलन गऱ्या.

शिवसिंह मल्ल राजा

एस् राजाले पाटन सहर मारी माहाराष्ट नृसिंह भट्ट गुरु पाईकन दुवै ठाउमा देगुतलेको प्रतिष्टा गऱ्या.

श्रीहरिहरसिंह मल्ल राजा

इन्का छोरा २ कांछो छोरो पाठनमा लक्ष्मीसिंह मल्ल

ज्येठो छोरो प्रताप मल्ल

एस् राजाले मोहंचोक सुंदरचोक फलामढोका च्यासीं देवल षस्यारका षंबा ३ रानिपोषरीसमेत बनाया.

पार्थिवेन्द्र मल्ल

भूपालेन्द्र मल्ल

माहेन्द्रसिंह मल्ल

इति सूर्यवंशि राजा हुन्

छोरिको शंतान

जगज्जय मल्ल

जयप्रकाश मल्ल.

कुमारियात्रा गऱ्या

ज्योतिप्रकाश मल्ल

गोर्षाको अमल् भयो.

सं १८२५ भाद्रपदशुक्ल १४ शाके १६। ९० अनंतव्रत रविवार धनीष्टानक्षत्रमा श्रीश्रीकांतिपूरमा श्रीमहाराजाधिराज पृथ्विनारायण साहदेवको अर्द्धरात्रमा प्रवेश भयो.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपथ्वीनारायण साह

श्रीप्रतापसिंह साह

श्रीरणबहादूर साह

श्रीगीर्वाणयुद्धविक्रम साह

श्रीराजेन्द्रविक्रम साह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(परिशिष्ट)

श्रीः

श्रीगणेशाय नमः ॥ श्रीसरस्वत्यै नमः ॥

श्रीगुरुभ्यो नमः ॥ श्रीरामचन्द्राय नमः ॥

अथ दानमहात्म्य ।

बुद्धीमान् सब शास्त्रवित् सुतजिमा शौनक् मुनीले यती ।
सोध्नूभो मउपर् कृपा गरी ञहा माहात्म्य दान्को जती ॥
आज्ञा होस् सब त्यो भनी जब भन्न्या(न्या) सुत्जी खुसी भै तहा ।
हे शौनक् सुन भन्दछू असल हो जो बात सोध्यौ ञहा ॥ १ ॥

पृथ्वी दान् सब दानमा अति असल् भन्छन् पुराण्वेद्हरू ।
जश्ले निश्चय पृथ्वि दान्कन गर्‍यो उश्ले सबै दान्हरू ॥
गर्दा जो फल मिल्छ त्यो फल लियो क्यै छैन शङ्का अरू ।
जश्ले ब्राह्मणलाइ अन्नसहितै दान् दिन्छ पृथ्वीहरू ॥ २ ॥

तेश्ले स्वर्गमहा गयेर जबतक् ई चौध इन्द्रैहरू ।
बस्छन् ताहितलक् हरीसंग रही सुख्भोग धेरै गरी ॥
फेरी पृथ्विमहा जनंकन लिई राजा भई पृथ्विको ।
नानाभोग् गरि अन्त्यका बखतमा जान्याछ वैकुण्ठ त्यो ॥ ३ ॥

जश्ले गोचर्ममात्रै पृथिविकन दान् दिन्छ ब्राह्मण्हरूमा ।
सब् पाप्को रास नास् भै हरिहरसंगमा जान्छ त्यो स्वर्गधाम्मा ॥
येकै सौ गाइ फेरी यक बयल जहा बस्न पुग्न्या जमिन् जो ।
गोचर्मै तेसलाई ऋषिमुनिहरु सब् भन्छ(न्दछ)न् येहि साचो ॥ ४ ॥

पृथ्वी दान लिने दिने इनि दुवै जान्छन् इ स्वर्गैमहा ।
तस्मात् ब्राह्मण बुद्धिमानहरुले लाखौं अरू दान्महा ॥
लोभ् छाडीकन पृथ्वि दान् लिनु असल् सारा जगत्भर्महा ।
जो ब्राह्मण् धनमत्त भैकन उसै छाड्दिन्छ पृथ्वी ञहा ॥ ५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक् जन्ममहा अनेक दुखले बांधिन्छ सन्सार्महां ।
आफूले लिइ पृथ्वि दान अरुमा जो दिन्छ फेरी तहां ॥
तिन्लाइ भगवानले परम पद् दीयेर वैकुण्ठमा ।
राखीबक्सनुहुन्छ प्रें अति गरी आफ्ना सधै साथमा ॥ ६ ॥

आफूले दियको हओस अथवा और्ले दियाका पनी ।
जो पृथ्वीकन हर्दछन् यदि भन्या ती पापीहेरू अनी ॥
कोटी कुल् संगमा लिईकन अघोर् जान्छन् ति नर्कैमहा ।
हे शौनक् सुन भन्दछू अरु पनी जो देवब्राह्मण्महा ॥ ७ ॥

दियाको पृथिवी ह[र]ण् गरिलिया तेस्मा कुकर्मी जती ।
लाखौ कल्पमहा पनी सुधरिने क्यै छैन तिन्को गती ॥
जो राजा अरुले दियाकि पृथिवी रक्षा गरी पालना ।
गर्छन् तिन्कन कोटि गूण बढता फल् मिल्छ लौ जानना ॥ ८ ॥

सातौ द्विप् पृथिवी दिदा जउन फल् पाइन्छ त्यो फल् पनी ।
ब्राह्मण्मा गउदान येक् गरिदिदा मिल्न्याछ त्यो फल् पनी ॥
धन्ले हीन् र कुटुम्ब धेर भयका ब्राह्मण्हरूमा अनी
जश्ले बैल्कन दिन्छ पाप् त्यजि सबै जान्याछ कैलाश् पनी ॥ ९ ॥

जश्ले तील प्रमाण् दान सुनको गर्छन् त ब्राह्मण्महा ।
कोटी कुल् संगमा लियेर मुकती भैजान्छ वैकुण्ठमा ॥
ब्राह्मण् साधुहरूमहा त जसले दान् चांदिको गर्दछन् ।
चन्द्रैलोकमहा गइकन सुधारस् ती सधै प्यूँदछन् ॥ १० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूगा मोति हिरा मणी इ जसले दान् गर्दछन् पृथ्विमा ।
सन्सा[र्सा]गर पार् तरी सहजले जान्छन् ति वैकुण्ठमा ॥
तूलापुरूष दानले जउन फल् पाइन्छ आखीरमा ।
शालिग्राम दिदा कडोर गुण फल् पाइन्छ संसारमा ॥ ११ ॥

वन् पर्वत् बग्यचा र सात द्विपको पृथ्वीसमेत् दान् दिदा ।
जो पुण्यै हुन जान्छ सो सब धरम् पाइन्छ साल्ग्रां दिदा ॥
शालिग्रामकि मूर्ति निश्चय गरी जो दिन्छ ब्राह्मण्महा ।
तेश्ले चौध भुवन् दियो पृथिविमा क्या गर्नु वर्णन् त्रहा ॥ १२ ॥

तूलापूरुष दान गर्छ जसले तेश्ले त फेर् गर्भमा ।
वास् लीनूपरदैन सो बुझिलिया शङ्का नल्यौ मन्महा ॥
कन्न्यादान् गहनासमेत्कन दिई जो गर्दछन् दान ता ।
ब्रह्माका घरमा गयेर बसछन् हुदैन फेर् जन्म ता ॥ १३ ॥

कन्न्या बिक्री गरी लिन्या पुरुषको वास् भै नरक्मा सदा ।
उद्धार् फेरि हुदैन ती पुरुषको कन्न्याहरू बेचदा ॥
कन्न्या बिक्री गरी लिन्या पुरुषको मूखै नहेर्नु कवै ।
देखीयो त भन्या पनी झट गरी श्रीसूर्य हेरुन् तवै ॥ १४ ॥

कन्न्यादान दिन्या पुरूषहरूको वास् हुन्छ स्वर्गैमहा ।
फेरी जन्म हुदैन ती पुरुषको यो पृथ्विमण्डल्महा ॥
थारी गाइ र जीर्ण वस्त्र अनि फेर् रज् भैसक्याकी पनी ।
कन्या दान दिन्या पुरुष् नरकमा जान्छन् ति पापी बनी ॥ १५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जश्ले भक्ति गरेर ब्राह्मणमहा छाता र जुत्ता दिनन् ।
अन्त्यैमा ति मरेर इन्द्रपुरमा चार् कल्पतक् बस्दछन् ॥
साधु ब्राह्मणहेरुलाइ कपडा दीन्याहरू स्वर्गमा ।
सुन्दर वस्त्र लगाइ धेर युगतक् बस्छन् मगन्मोजमा ॥ १६ ॥

फल्को दान् गरन्या मनुष्य जति छन् ती स्वर्गमाहा गई ।
हज्जार् कल्पतलक् सुधारस भरीं फल् भोग्दछन् खुस् भई ॥
साग्को दान् गरन्या मनुष्य जति छन् कैलाशमाहा गई ।
दूई कल्पतलक् बसेर खिरको तर् मार्दछन् मोज् लिई ॥ १७ ॥

दुद् घीऊ दहि मोहि दान गरन्या श्रीवीष्णुका लोकमा ।
जाई अमृत पान् गरेर दिनदिन् बस्छन् ति वैकुण्ठमा ॥
चन्दन् फुल्हरु दान् दिन्या पुरुष ता देव्लोकमा वास् गरी ।
चन्द[न्]फुल्हरुले विभूषित भई बस्छन् हजार् युग्भरी ॥ १८ ॥

सच्चा दान छ दानसार् गनियको जो दिन्छ ब्राह्मण्महा ।
ब्रह्मैलोकमहा गईकन सदा त्यो सुत्छ सैय्यामहा ॥
दिप् दान्ले सब पाप नास्कन गरी खुप् तेजवाला भई ।
स्वर्गैमा बसछन् ति दीप सँग ली सिङ्घासनैमा गई ॥ १९ ॥

जश्ले पान्कन दिन्छ त्यो पृथिविमा सुख् भोग धेरै गरी ।
आखीर्मा शुभ मृत्यु पाइकन त्यो सन्सारसागर् तरी ॥
स्वर्गैमा गइ देवतासरि भई देव्ताकि स्त्रीहेरुको ।
काख्मा शीर धरी शयन्कनं गरी भोग्न्याछ सुख् स्वर्गको ॥ २० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो विद्याकन दान दिन्छ उसको आखीरमा मृत्यु भै ।
तेश्ले तिन् सय यूगतक् हरिजिसाथ् वस्न्याछ खुब् खूसी भै ॥
ताहादेखि पछी पनी अति कठोर् ज्ञान् पाइ श्रीविष्णुको ।
नीगाहा भइ मोक्षका पदविमा जान्याछ प्राण् तेसको ॥ २१ ॥

उत प्राणि छ जो अनाथ दुखिया ब्राह्मण् गरिप्हेरुमा ।
विद्या दान्कन दिन्छ जन्मरहितै भैजान्छ वैकुण्ठमा ॥
श्रद्धा भक्ति गरेर पुस्तकहरू जो दिन्छ दानै पनी ।
प्रत्यक् अक्षरमा करोड कबिला गौदानको फल् पनी ॥ २२ ॥

प्राप्ती हुन्छ छईन केहि यसमा शङ्का रतीभर् पनी ।
जान्याछन् अरु फेर् वरूणपुरिमा नून् दान गर्न्या पनी ॥
जो चाकू मह दिन्छ त्यो त उखुका सागर्महा वास् गरी ।
धेर् काल्तक् उखुको पिई रस पछी जान्याछ सन्सार् तरी ॥ २३ ॥

जान्न्या तत्व सबै पुरुषहरूले जल् अन्न दान् ई दुई ।
सब् दान्मा बढिया भनीकन कह्या सब् शास्त्रको मत् लिई ॥
तस्मात् यस् पृथिवीमहा त जसले जल् अन्नको दान् दियो ।
तेश्ले दान् सब पृथ्विमा गरिलिई आखीर स्वर्गै लियो ॥ २४ ॥

जश्ले अन्न दियो उ प्राण्कन दिन्या भन्न्या छ मत् सास्त्रको ।
तेसैले गरि अन्न दान गरदा फल् मिल्छ सब् दानको ॥
जस्तो अन्न छ तेसतै जल पनी भन्छन् बराबर् भनी ।
पानीवीनु हुदैन अन्न कहिल्यै कस्तै गरुन् तापनी ॥ २५ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोक् प्यास् ई दुइटा बराबर हुदा यस् कारणैले गरी ।
अन्नै जल्कन बुद्धिमानहरुले उत्तं कह्या खुब् गरी ।
जस्ले पृथ्विमहा जनंकन लिई जल् अन्न दान् गर्दछन् ।
पाप्देखि छुटि त्यो हरीकि सङमा वैकुण्ठमा बस्दछन् ॥ २६ ॥

जत्ती अन्नै दान गर्छन् मनुष्यै ।
ब्रह्मैहत्या नाश हुन्छन् उती नै ॥
दीन्या लीन्या अन्न दान् ई दुवैको ।
देहैदेखी पापरासी दुरै भो ॥ २७ ॥

यस्तै हूंदा बुद्धिमान् जन्हरूले ।
पापीजन्का अन्नमा मन् कहीले ॥
दीदै दिन्नन् जो दियाको पनी ता ।
लीदै लिन्नन् त्याज्य गर्छन् सबै ता ॥ २८ ॥

कोही मूर्खै मोहवस्ले गरी ता ।
पापीदेखी अन्न लिन्छन् जसै ता ॥
पाप्का भागी हून जान्छन् तसै ता ।
पापीजन्को सङ् नगर्नू कवै ता ॥ २९ ॥

जस्ले येक जलासये पृथिविमा राख्यो भन्या तेसको ।
तत्क्षण्मा सब पाप नास्कन [भई] भोग्न्याछ भोग् स्वर्गको ॥
हे शौनक् सुन यत्नले गरि सदा धन् गर्नु जम्मा अनी ।
त्यो जम्मा गरियाकि धन् खुसि भई दान् गर्नु दानी बनी ॥ ३० ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो पुस्तक तयार पार्दा प्रयोग गरिएका पुस्तक र निबन्ध

डयान्यल राइट — हिस्टरि अफ नेपाल्, ट्रान्स्लेट्इड् फ्रम् द पर्वतिया वाइ मुन्शी श्यू शङ्कर् सिङ्घ् यान्ड् पन्डिट् श्री गुणानन्दः विथ् यान् इन्ट्रडक्टरि स्केच् अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल्, वाइ दि एड्इटर् (नेपालको इतिहास- मुन्शी शिवशङ्करसिंह र पण्डित गुणानन्दले पर्वतेबाट उल्थागरेको, सम्पादकले लेखेको, नेपालको मुलुक र दुनियाँको चिनारी गराउने वयानसहित), केम्ब्रिज युनिभर्सिटि प्रेस केम्ब्रिज, वि.सं. १९३३

दिनेशराज पन्त — गोरखाको इतिहास (पहिलो भाग), दिनेशराज पन्त काठमाडौँ, वि.सं. २०४१

दिनेशराज पन्त — राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावली, खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान काठमाडौँ, वि.सं.२०६४

देवीप्रसाद लम्साल (सम्पादक) — भाषावंशावली (२ भाग), श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौँ, वि.सं. २०२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनवज्र वज्राचार्य,
कमलप्रकाश मल्ल

द गोपालराजवंशावली, ए फ्याक्सिम्इलि एडिशन् प्रिपेर्ड् बाइ द नेपाल् रिसर्च् सेन्टर् इन् कल्याब्अरेशन् विथ् द न्याश्अनल् आर्काइभ्ज् काठ्मान्डू। विथ् यान् इन्ट्रडक्शन्, ए ट्रान्स्क्रिप्शन् नेपाली यान्ड् इङ्ग्लिस् ट्रान्श्लेशन्ज्, ए ग्लस्अरि यान्ड् इन्डाइस्इज् (नेपाल रिसर्च सेन्टरद्वारा काठमाडौँको राष्ट्रिय अभिलेखालयसँग मिलेर तयार गरिएको, गोपालराजवंशावलीको प्रतिरूप संस्करण। उपोद्घात, प्रतिलिपि,नेपाली र अङ्ग्रेजी उल्था, शब्दार्थसूची र परिशिष्टहरूसहित), फ्रन्स स्टाइनर फेर्लाग वीस्वादेन, वि.सं. २०४२

धनवज्र वज्राचार्य,
रामजी तेवारी,
देवीप्रसाद भण्डारी,
भोलानाथ पौडेल,
शङ्करमान राजवंशी,
गौतमवज्र वज्राचार्य,
महेशराज पन्त,
नयनाथ पौडेल

इतिहास-संशोधनको प्रमाणप्रमेय, जगदम्बाप्रकाशन ललितपुर, वि.सं. २०१९

नयनाथ पौडेल
(सम्पादक)

भाषावंशावली (१ भाग), श्री ५ को सरकार पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौँ, वि.सं. २०२०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्त	श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१-५ खण्ड), जगदम्बाप्रकाशन ललितपुर, वि.सं. २०२५,२०२८
नयराज पन्त, (सहायक देवीप्रसाद भण्डारी, केशवचन्द्र न्यौपाने)	लिच्छविसंवत्को निर्णय, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौं, वि.सं. २०४३
पुरातत्त्वविभाग (सम्पादक)	नेपालको इतिहास राजभोगमाला, प्राचीन नेपाल ७ सङ्ख्याका १-२४ पृ., ८ सङ्ख्याका १-२४ पृ., ९ सङ्ख्याका १-२४ पृ., १० सङ्ख्याका १-२४ पृ., ११ सङ्ख्याका १- १७ पृ., श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग काठमाडौं, वि.सं. २०२६- २०२७
पुरातत्त्वविभाग (सम्पादक)	नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल १२ सङ्ख्याका १-२७ पृ., १३ सङ्ख्याका १-२४ पृ., १४ सङ्ख्याका १-२४ पृ., १६ सङ्ख्याका १-२४ पृ., १७ सङ्ख्याका १-११ पृ., १८ सङ्ख्याका १-२४ पृ., १९ सङ्ख्याका १-२३ पृ., २० सङ्ख्याका १-२४ पृ., २१ सङ्ख्याका १-२८ पृ., २२ सङ्ख्याका १-२० पृ., २३ सङ्ख्याका १-१० पृ., २४ सङ्ख्याका १-२३ पृ., २५ सङ्ख्याका १-२४ पृ., २६ सङ्ख्याका १-१४ पृ., २७ सङ्ख्याका १-३२ पृ., वि.सं. २०२७-२०३१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फ्रान्सिस बुचनान ह्यामिल्टन	यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल् यान्ड् अफ् द टेर्इटर्इज् अनेक्स्ड् दिस् डोमिन्यन् बाइ द हाउस अफ् गोखा (नेपालअधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वयान) अर्किबोल्ड कन्स्टेब्ल यान्ड कम्पनी एडिनबर्ग, वि.सं. १८७६
बालचन्द्र शर्मा (सम्पादक)	काठमाडौँ उपत्यकाको एक राजवंशावली, प्राचीन नेपाल ४ सङ्ख्याका ३-१५ पृ., ५ सङ्ख्याका १-१७ पृ., ६ सङ्ख्याका १-२९ पृ., वि.सं. २०२५
महेशराज पन्त	गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण, पूर्णिमा ३१ पूर्णाङ्का १६१-१७२ पृ., संशोधन-मण्डल काठमाडौँ, वि.सं. २०३१
महेशराज पन्त	संसारदेवीको एउटा अभिलेख, पूर्णिमा १२६ पूर्णाङ्का ९१-१०२ पृ., वि.सं. २०६४
महेशराज पन्त, दिनेशराज पन्त	नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला, पूर्णिमा ४३ पूर्णाङ्का १०५-१५२ पृ., पूर्णिमा ४५ पूर्णाङ्का १-२४ पृ., प. शि. १-१८ पृ., पूर्णिमा ४६ पूर्णाङ्का प. शि. १९-५२ पृ., वि.सं. २०३६-२०३७
विलियम कर्कप्याट्रिक	यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपौल्, वीइङ् द सबस्टन्स् अफ् अबजर्भेशन्ज् मेड् डचूरङ् अ मिशन् ट् द्याट् कन्ट्रि इन द यर् १७९३ (नेपाल अधिराज्यको बयान, वि.सं. १८४९ मा त्यस देशमा गएको दूतमण्डलले त्यहाँ खयाल राखेका कुराको सार, विलियम मिलर लण्डन, वि.सं. १८६७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वंशावली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वंशावली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वंशावली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



दानमाहात्म्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानका प्रकाशित कृतिहरू

१.	राजीवलोचन जोशी	डा. ईश्वर बराल
२.	राजीवलोचन जोशी र कूटकाव्य	भरतराज पन्त
३.	राजीवलोचन जोशी र केदारकल्प	नित्यराज पाण्डे
४.	राजीवलोचनजोशीग्रन्थावली	
५.	राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी	प्रा. दिनेशराज पन्त
६.	नयराज पन्तः जीवनी, व्यक्तित्व र कृतित्व	अलका शर्मा चालिसे
७.	श्लोकसंग्रह (गोर्खाभाषा)	
८.	हाम्रो उद्देश्य र कार्यप्रणाली	प्रा. नयराज पन्त
९.	नयराजपन्तश्रद्धाञ्जली	सम्पादक-पुष्कर लोहनी
१०.	बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर	कविशिरोमणि लेखनाथ पौड्याल प्रा. नयराज पन्त प्रा. डा. हरिप्रसाद शर्मा आचार्य
११.	नेपालको संक्षिप्त इतिहास	प्रा. तोत्रराज पाण्डे प्रा.नयराज पन्त
१२.	कविताकल्पद्रुम	
१३.	धादिङमा फेला परेका नेपाली कविता	प्रा. दिनेशराज पन्त
१४.	भाषापद्यसंग्रह	सम्पादक-शिव रेग्मी
१५.	राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी (वि.सं. १८१५-१८६५) संशोधित परिवर्द्धित दोस्रो संस्करण	प्रा. दिनेशराज पन्त
१६.	भट्ट-मोतीराम भट्ट	पुष्कर लोहनी
१७.	राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावली	प्रा. दिनेशराज पन्त
१८.	नित्यप्रकाश	नित्यराज पाण्डे
१९.	संक्षिप्त वंशावली	प्रा. दिनेशराज पन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. दिनेशराज पन्त

वि.सं. २००६ कार्तिक ३ गते काठमाडौं वटु सवलबहालमा जन्म

संशोधन-मण्डलपाठशालामा संस्कृत तथा इतिहासको उच्च अध्ययन

पूर्णिमा (इतिहासप्रधान त्रैमासिक पत्रिका) का सम्पादक

वाल्मीकिक्याम्पसका प्राध्यापक

वि.सं. २०५४ मा सुप्रबलगोरखादक्षिणबाहु प्राप्त

वि.सं. २०६० मा डा. बलरामजोशीसुयोग्यशिक्षकपुरस्कार प्राप्त

प्रकाशित अनुसन्धानात्मक पुस्तक

१. नेपालको इतिहासका केही पाना, वि.सं. २०३८
२. लिच्छविकालमा चलेका संवत्, वि.सं. २०३८
३. गोरखाको इतिहास (पहिलो भाग), वि.सं.२०४१
४. गोरखाको इतिहास (दोस्रो भाग), वि.सं.२०४३
५. गोरखाको इतिहास (तेस्रो भाग), वि.सं.२०४५
६. बुद्धदेखि पहलमानसम्म, वि.सं. २०४९
७. गोरखाको इतिहास (चौथो भाग), वि.सं. २०५०
८. इतिहासका कुरा (नानीहरूका लागि), वि.सं. २०५७
९. राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी, वि.सं. २०५७
१०. श्री ५ पृथ्वीनारायण शाहको विषयमा केही कुरा, वि.सं. २०५८
११. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्योपदेश, वि.सं. २०५९
१२. धादिङमा फेला परेका नेपाली कविता, वि.सं. २०६१
१३. श्री ५ त्रिभुवनको राज्यारोहण, वि.सं. २०६२
१४. राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी (वि.सं. १८१५-१८६५), संशोधित परिवर्द्धित दोस्रो संस्करण, वि.सं.२०६३
१५. राजज्योतिषी लीलानाथ पांडेले तयार पारेको तिथ्यावली, वि.सं. २०६४

अरूसँग मिलेर प्रकाशित अनुसन्धानात्मक पुस्तक

१. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१-५खण्ड), वि.सं. २०२५, २०२८
२. सुमतितन्त्रम् (प्रथमो भागः), वि.सं. २०३५
३. महेश्वराचार्येण विरचितो वृत्तशतकाभिधो मुहूर्तग्रन्थः, वि.सं. २०३५
४. कालचक्रको ज्यौतिषभाग र त्यसको विवेचना (पहिलो भागः), वि.सं.२०४४.
संस्कृतविद्वत्सम्मेलनस्य संस्मरणग्रन्थः (प्रथमो भागः), वि.सं. २०५३
६. नेपालको इतिहासका विविध पक्ष, वि.सं. २०५८
७. पृथ्वीजयन्ती २०५८ स्मारिका, वि.सं. २०५८
८. तोयनाथपाण्डेयस्मृतिग्रन्थ, वि.सं. २०५९
९. श्रद्धाका केन्द्रः श्री ५ वीरेन्द्र, वि.सं. २०६०
१०. न्यायविकासिनी, वि.सं. २०६५

विभिन्न पत्रपत्रिकामा करीब ३५० वटा अनुसन्धानात्मक निबन्ध प्रकाशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal